# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

मानव सभ्यताको विकासक्रमसागसागै मानिसले आ^ना अनुभव, अनुभूति र काल्पनिक भावहरूलाई विभिन्न माध्यमद्वारा अभिव्यक्त गरिरहेका हुन्छन्, तिनै अभिव्यक्तिहरूलाई नै लोकगीत भनिन्छ । लोकगीतलाई लोकसाहित्यको लोकप्रिय र व्यापक विधा मानिन्छ । लोकसाहित्यमा लोकका वास्तविक घटना वा विषयहरूलाई सबै सामु भन्ने वा गाउने चलन छ । लोकगीतमा लोकजीवनको दुःख, सुख, आासु, हाासो, आशा, निराशाका साथै लोकको चालचलन विधि, व्यवहार, आस्था र मान्यताहरूको चित्रण गरिएको हुन्छ । यसमा सम्पूर्ण लोकको चित्र प्रस्तुत भएको हुन्छ । कुनै पनि समाजको विगतको इतिहास र त्यहााको आर्थिक, सामाजिक र शैक्षिक अवस्था, चेतनाको स्तर र अन्य विविध पक्षहरूका बारेमा जिज्ञासा मेटन सम्बन्धित समाजमा प्रचलित लोकगीतहरूको अध्ययन गर्न आवश्यक देखिन्छ ।

झापा जिल्लाको बाह्रदशी गाउापालिका प्राकृतिक, साास्कृतिक र भाषिक विविधताले भरिपूर्ण गाउापालिका हो । यहाा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्दछन र उनीहरूका आ-आ^नै सामाजिक साास्कृतिक परम्पराहरू छन् । यहाा विवाह, व्रतबन्ध, मृत्यु संस्कार, कर्म र तीज, दशै, तिहार आदि महत्त्वपूर्ण चाडपर्वहरू मनाइन्छन् । यी चाडपर्व र संस्कार गीतहरू गाएर मनोरन्जन गर्ने परम्परा रहेको छ । यहाा कीर्तन, भजन, सिलोक, रत्यौली र खााडोगीत गायीने प्रचलन पनि रहेको छ । यहाा तीजमा तीज गीत, असारमा असारे गीत, दााइगर्दा गाउने दााइगीत र तिहारमा देउसी भैलो गीत गाइन्छन् । यस्ता गीतहरूमा स्थानीय लोक जीवनका विशुद्ध अभिव्यक्ति प्रकट भएका हुन्छन् । हाल आएर आधुनिक सञ्चार माध्यमका कारण नेपालमा भित्रिएको हिन्दी र अंग्रेजी गीतका प्रभावले गर्दा स्थानीय मूल्य मान्यता र परम्परालाई प्रतिविम्वित गर्ने लोकगीतहरू ओझेलमा पर्न थालेका छन् । यही समस्या बाह्रदशी गाउापालिकामा पनि रहेको छ । यस्तो स्थीतिमा यहााका लोकगीतहरूको अध्ययन, अनुसन्धान, संरक्षण र सम्बर्द्धन गर्नु अतिआवश्यक देखिन्छ ।

## १.२ समस्याकथन

नेपाली लोकसाहित्यमा मात्र नभई लिखित साहित्यको श्रीवृद्धिका लागि समेत लोकगीत बलियो आधारस्तम्भका रूपमा रहेको छ । नेपाली लोकजीवनका विविध अनुभूतिहरू लोकगीत मार्फत अभिव्यक्त भएका हुन्छन् । झापा जिल्लाको बाह्रदशी गाउापालिकामा पनि त्यस्ता गीतहरू प्रसस्त मात्रामा रहेका छन् । तर यहााका लोकगीतका बारेमा व्यवस्थित किसिमले हालसम्म अध्ययन र अनुसन्धान भएको पाइदैन । त्यसैले निम्नलिखित समस्याहरूमा केन्द्रित भई प्रस्तुत शोधपत्र तयार पारिएको छ

१. झापा जिल्लाको बाह्रदशी गाउापालिकामा के कति लोकगीतहरू प्रचलित रहेका छन् ?
२. झापा जिल्लाको बाह्रदशी गाउापालिकामा के कस्ता लोकगीतहरू प्रचलित छन् ?

## १.३ शोधकार्यका उद्देश्यहरू

उपर्युक्त शोधसमस्यामा केन्द्रित रही गरिने यस शोध कार्यका उद्देश्यहरूलाई निम्न लिखित बूादाहरूबाट स्पष्ट गरिएको छ ।

१. झापा जिल्लाको बाह्रदशी गाउापालिकामा प्रचलित लोकगीतहरूको सङ्कलन र वर्गीकरण गर्नु ।
२. झापा जिल्लाको बाह्रदशी गाउापालिकामा प्रचलित लोकगीतहरूलाई विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

लोकगीत मानवको विकास सागसागै उनीहरूको विविध पक्षहरू सामाजिक, साास्कृतिक, चालचलन, दुःख-सुख, हर्ष-पीडा आशा-निराशा, उत्साह, उमङ्ग, प्रेम प्रसङ्ग, मनोविज्ञान आदिको अभिव्यक्त गर्ने सशक्त माध्यम हो । साहित्यमा प्रमुख विधाका रूपमा रहेको लोकगीतलाई लिखित साहित्य र लोकसाहित्यको पुरानो विधा र स्तम्भका रूपमा लिइन्छ । कुनै पनि समाजको सामाजिक, आर्थिक, शैक्षिक अवस्था, चेतनास्तर, भोगाई, समस्याहरू व्यक्ति पक्षका प्रेम-प्रसङ्ग र मनोविज्ञानका बारेमा जिज्ञासा हुन्छ भने सम्बन्धित समाजका प्रचलित लोकगीतको अध्ययन गर्न अति वान्छनीय हुन आउाछ । हाल नेपाली साहित्यको अध्ययन अनुसन्धानका क्रममा निश्चित क्षेत्र र भाषाका लोकगीतहरूको अध्ययन, सङ्कलन र सम्पादन गर्ने कार्य नभए तापनि राष्ट्रिय स्तरमा वा क्षेत्रीय स्तरमा भएका केही पूर्वकार्यहरू नै प्रस्तुत शोधकार्यका निम्ति सान्दर्भिक रहेका छन् र तिनै पूर्वकार्यहरूबारे यहाा चर्चा गरिएको छ ।

कृष्णप्रसाद पराजुली (२०५७) ले *'नेपाली लोकसाहित्यको आलोक'* भन्ने पुस्तकमा लोकगीत लोकहृदयको स्वतःस्फूर्त, सुकोमल, लयात्मक अभिव्यत्ति हो । लोकजीवनको रागात्मक प्रवृतिका क्रममा मानव सभ्यता र संस्कृतिमा प्रकाश पार्दै मौखिक परम्परामा जीवन्त रहेर जातीय जीवनलाई चिनाउादै लोकको साझा ढुकढुकी हुनु यसको गरिमा हो । धर्तीका काखमा सुख-दुःख भोग्दै रमाएका असङ्ख्य जनताका हृदयमा कलकलाउने र तिनका सुरिला कण्ठमा सलबलाउने अविच्छिन्न तथा सहज गतिप्रवाह नै लोकगीत हो भनेका छन ।

चुडामणि बन्धु (२०५८) ले *'नेपाली लोकसाहित्य'* नामक पुस्तकमा लोकगीत भनेको लोकजीवनको रागात्मक स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोकजीवनका दुःख-सुख, हाासो-रोदन, आशा-निराशाका साथै लोकजीवनका चाल-चलन, विधि व्यवहार, आस्था र मान्यताहरूको चित्रण हुन्छ भनी लोकगीतको परिभाषा गरेका छन् ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल (२०६३) ले *'लोकवार्ता विज्ञान र लोकसाहित्य'* नामक पुस्तकमा लोकभावना वा विचारको मौखिक एवं श्रुतिपरम्पराद्वारा एकपुस्ताबाट अर्को पुस्तामा सर्दै जाने लयात्मक गेय अवैयक्तिक भाषिक संरचना लोकगीत हो भन्ने कुरा उल्लेख गरेका छन् । यिनले यसमा लोकगीत सबैभन्दा प्राचीन विधा हो र यसको प्रारम्भ मानिसले वाणीको प्रयोग गर्न थालेदेखि नै भएको बताएका छन् ।

मोतीलाल पराजुली एवम् जीवेन्द्रदेव गिरी (२०६८) ले *'नेपाली लोकसाहित्यको रूपरेखा'* नाम गरेको पुस्तकमा लोकगीत एक प्राचीन लोकसाहित्य विधा हो, वेद स्वयं पनि श्रुति हो । यसमा मान्छेका सुख-दुःख, घातप्रतिघात, जितहार, उतारचडाव, आस्था-विश्वाससाग सम्बन्धित अनुभूति तथा अनुभव सरल एवं लयबद्ध रूपमा प्रकट भएका हुन्छन् । यसमा सरल भाषाको प्रयोग भएको हुन्छ भनी बताएका छन् साथै उनले राष्ट्रका विविध क्षेत्रमा गायीने लोकगीतहरूको चर्चा गरेका छन् ।

नेपालको पूर्वी भेगमा प्रचलित लोकप्रिय बालन, असारेजस्ता लोकगीतसाग सम्बन्धित कार्य भएको तर निर्धारित स्थानसाग सम्बन्धित अध्ययन हुन बााकी रहेको हुादा झापा जिल्लाको बाह्रदशी गाउापालिकामै केन्द्रित भएर लोकगीतको वर्गीकरण र विश्लेषण गरी तयार पारिएको प्रस्तुत शोधपत्र नै पहिलो प्रयास हो ।

## १.५ शोधकार्यको औचित्य

लोकगीतमा लोकजीवनका विविध पक्ष सुख दुःख, आाशुहाासो, तीता मिठा अनुभव र धर्म संस्कृतिजस्ता कुराहरू अभिव्यक्त भएका हुन्छन् । आजको पश्चिमी सभ्यता, संस्कृति र आधुनिक सञ्चार माध्यमको विकाससागसागै स्थानीय मूल्य र मान्यतालाई झल्काउने लोकगीतहरू ओझेलमा पर्दै गएको अवस्थामा लोकगीतको अध्ययन, अनुसन्धान र सम्बर्द्धन गरिनु अत्यन्त आवश्यक छ । यसै आवश्यकतालाई ध्यानमा राखी बाह्रदशी गााउपालिकामा छरिएररहेका लोकगीतहरूलाई प्रस्तुत शोधपत्रले संकलित गर्ने महत्त्वपूर्ण कार्य यस शोधपत्रमा सम्पन्न गरिएको छ । ती लोकगीतहरूको वर्गीकरण र विश्लेषणसमेत गरिएको प्रस्तुत शोधपत्रले लोकसाहित्यका अध्येता एवं लोकसाहित्यप्रति रूचि राख्नेहरूलाई आवश्यक सामग्री उपलब्ध गराउने छ साथै यसबाट नेपालका विभिन्न क्षेत्रका लोकगीतहरूको तुलनात्मक अध्ययन गर्न र नेपाली लोकगीतको अध्ययन अध्यापन कार्यमा समेत सहयोगी देखिन्छ । यहीनै यसको औचित्य र महत्त्व हो ।

## १.६ शोधकार्यको सीमाङ्कन

नेपाली लोकसाहित्यका क्षेत्रमा लोकगीत नेपालीहरूकै लामो जीवनयात्राका क्रममा विभिन्न रूपले फिजारिदै लोकजीवनका घामछायाा बनेर व्यापक भए तापनि यस शोधपत्रमा झापा जिल्लाको बाह्रदशी गाउापालिकामा प्रचलित लोकगीतहरूमात्र सङ्कलन गरी तिनको विश्लेषण गरिएको छ । यही नै यसको सीमाङ्कन हो ।

## १.७ सामग्रीसङ्कलन र शोधविधि

स्थलगत भ्रमण (क्षेत्रकार्य) बाट सामग्री सङ्कलन गरिएको लोकगीत खास गरेर लोककण्ठमै छरिएर रहने हुनाले सम्बन्धित क्षेत्रमै शोधार्थी गएर स्थानीय मेला, पर्व, उत्सव आदिमा उपस्थित भएर सम्बन्धित गीतका गायकहरूसाग व्यक्तिगत रूपमा सम्पर्क राखेर रेकर्डको सहायताले सङ्कलन गरी लिपिबद्ध गरिएको छ भने सङ्कलित गीतको वर्गीकरण र विश्लेषणको सैद्धान्तिक आधारका निम्ति पुस्तकालयीय कार्यको उपयोग गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

यस शोधकार्यलाई व्यवस्थित र सङ्गठित रूपमा प्रस्तुत गर्न सात परिच्छेदमा विभाजन गरी आवश्यकता अनुसार विभिन्न शीर्षक तथा उपशीर्षकमा समेत विभाजन गरिएको छ ।

प्रस्तुत शोधपत्रको रूपरेखा यस प्रकार छ ।

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोधपरिचय |
| दोस्रो परिच्छेद | : | बाह्रदशी गाउापालिका र लोकगीतको सैद्धान्ति परिचय |
| तेस्रो परिच्छेद | : | बाह्रदशी गाउापालिकामा प्रचलित लोकगीतको सङ्कलन र वर्गीकरण |
| चौथो पच्छिेद | : | बाह्रदशी गाउापालिकामा प्रचलित लोकगीतहरूको विश्लेषण |
| पााचौ परिच्छेद | : | सारंश तथा निष्कर्ष |

# दोस्रो परिच्छेद

# बाह्रदशी गाउपालिका र लोकगीतको सैद्धान्तिक परिचय

## २.१ विषयप्रवेश

बाह्रदशी गाउपालिका पूर्वी नेपालको प्रदेश नं. १ अन्तर्गत मेची अञ्चल, झापा जिल्लाको दक्षिणी भेगमा अवस्थित छ । नेपाल सरकारको पछिल्लो राज्य पुनर्संरचना, २०७३ ले साविक गाउ विकास समितिहरू राजगढ, चकचकी र डाागीबारीलाई समावेस गरी बाह्रदशी गाउपालिकाको नामाकरण गरिएको हो । यस गाउपालिकाको भौगोलिक अवस्थितिलाई हेर्दा दक्षिणमा कचनकवल गाउपालिका, पूर्वमा हल्दिवारी गाउपालिका, उत्तरमा कन्काई नगरपालिका र पश्चिममा झापा गाउपालिका एकआपसमा जोडिएका छन् । यो गाउपालिका समुद्र सतहबाट ७७ मि.देखि १३० मि. सम्मको उचाईमा अवस्थित रहेको  छ । यस गाउपालिकाको कूल क्षेत्रफल ८८.४२ किलोमिटर स्क्वायर रहेको छ भने कूल जनसख्या ३९,६२२ (*बाह्रदशी गाउपालिकाको वृहत् पार्श्वचित्र २०७५, पृ.* ६) रहेको छ । यो गाउपालिकालाई सात वडामा विभाजन गरिएको छ । जसमा दक्षिण तिर राजगढ वडा नं. १,२ र ३ रहेका छन् भने मध्य भागमा चकचकी वडा नं. ४ र ५ रहेका छन्, त्यसैगरी उत्तरी भागमा ठडाागीबारी वडा नं. ६,७ रहेका छन् । यस गाउपालिकामा विभिन्न जातजाति र धर्म सम्प्रदायका मानिसहरूको बसोबास रहेको छ । दक्षिणी भागमा आदिवासी जनजातिको बाहुल्यता रहेको छ भने मध्य र उत्तरी भागमा अन्य जातजातिको बाहुल्यता रहेको छ । यस गा.पा.का अधिकांश बासिन्दाहरू कृषिपेशामा आश्रृत रहेका छन् भने केही बासिन्दाहरू व्यापार व्यवसायमा पनि आबद्ध भएका छन् । यस गाउपालिकाको दक्षिणी भेगमा राजगढ बजार रहेको छ, मध्य भागमा चकचकी बजार र उत्तरी भागमा डाागीवारी बजार रहको छ । यस गाउपालिका भित्र जम्मा १६ वटा सामूदायिक र १३ वटा संस्थागत विद्यालयहरू रहेका छन् । यस गाउपालिकामा पााचवटा स्वास्थ्य चौकीहरू रहेका छन् । प्रस्तुत गाउपालिका भित्र अवस्थित सामुदायिक र संस्थागत विद्यालयहरूले यहााका बालबालिकाहरूलाई सर्वसुलभ तरिकाले पठन पाठनको प्रबन्ध गरिरहेका छ भने यहाा अवस्थित स्वास्थ्य चौकीहरूले स्थानीय वासिन्दालाई सर्वसुलभ तरिकाले औषधी उपचारको व्यवस्था गरिरहेका छन् ।

## २.२ बाह्रदशी गाउपालिकाको संक्षिप्त परिचय

## २.२.१ भौगोलिक परिचय

सरकारको पछिल्लो राज्य पुनर्संरचना, २०७३ ले साविक गाउा विकास समितिहरू राजगढ, चकचकी र डाागीबारीलाई एकिकृत गरी बाह्रदशी गाउापालिकाको नामाकरण गरिएको हो । यस गाउापालिकाको भौगोलिक अवस्थालाई हेर्दा पूर्वमा हल्दिवारी गाउापालिका र बिर्तामोड नगरपालिका पर्दछ भने पश्चिममा झापा गाउापालिका पर्दछ । त्यस्तै गरी उत्तरमा कन्काई नगरपालिका र दक्षिणमा कचनकवल गाउापालिका पर्दछ । यस गाउापालिकाको धरातलीय अवस्थालाई हेर्दा २६°२६'४६.९'' देखि ३६°२३'३'' देखि उत्तरी अक्षांश र ८७°५३'२२.९" देखि ८७°५८'१६.४" पूर्वी देशान्तरमा फैलिएको छ । समून्द्र सतहबाट ७५ मिटर देखि १२४ मिटरसम्मको उचाईमा अवस्थित यस गाउापालिकाको कूल क्षेत्रफल ७८.४४ वर्ग कि.मि. रहेको छ । यस गाउापालिकालाई ७ वटा वडामा विभाजन गरिएको छ । जसमा दक्षिणतिर राजगढ (वडा नं. १, २, ३) रहेका छन् भने मध्य भागमा चकचकी वडा नं. ४, ५ रहेका छन् । त्यसैगरी उत्तरी भागमा डाागीबारी वडा नं. ६, ७ रहेका छन् । (*बाह्रदशी गाउापालिकाको वृहत पार्श्वचित्र २०७५, पृ. ५*)

## २.२.२ सामाजिक जनजीवन

यस गाउापालिका भित्र विभिन्न जातजाति र विभिन्न धर्म सम्प्रदायका मानिसहरूको बसोवास रहेको छ । दक्षिण भेगमा आदिवासी जनजातिको बाहुल्यता रहेको छ भने मध्य र उत्तरी भागमा अन्य जातिको बाहुल्यता रहेको छ । यस गाउापालिकाका अधिकांश वासिन्दा कृषि पेशामा आबद्ध रहेका छन् भने केहि वासिन्दा व्यापार व्यवसायमा आबद्ध छन् । यहााका आदिवासीहरू राजवंशी, थारू, धिमाल र सतारहरू हुन् । यी बाहेक अन्य जातिका मानिसहरू मूलत पूर्वी पहाडी र आंशिक रूपमा मध्य पहाडी भागबाट बसाई सराई गरेर आएका हुन् । हाल आएर यहााका आदिवासि मानिने राजवंशी, थारू, सतार र धिमालहरूको बसोवास यस गाउापालिकाको दक्षिणी भेगमा रहेको छ । पूर्वी पहाडका विभिन्न जिल्लाबाट बसााई सरेर आएका राई, लिम्बु, मगर, क्षेत्री, बाहुन, सार्की, कामी, दमाई जस्ता जातजातिहरूको बसोबास रहेको छ । यी विविध जातजातिका मानिसहरूले आ-आफ्नै किसिमको साास्कृति रीतिरिवाज, रहनसहन् र जीवनशैली आगाल्दै आएका छन् । यस गाउापाकिाका वासिन्दाहरूले नेपाली, थारू, धिमाल, राजवंशी, सतार, राई, नेवारी, लिम्बू, मैथिली, हिन्दी आदि भाषा मातृभाषाका रूपमा बोलचाल गर्दछन् तर यी सबैको सम्पर्क

भाषाचाहि नेपाली भाषा नै हो । यहााका मानिसहरूले हिन्दु, बौद्ध, ईस्लाम, जैन, ईसाइ, किराात आदि धर्म मान्दछन् ।

यस गाउापालिकाको दक्षिणी भागमा बसोबास गर्ने आदिवासीहरू राजवंशी, सतार, धिमाल, चौधरी, थारू र मुसहरहरूले उनीहरूको मातृभाषामा गायीने गीतहरू गाउने गरेका छन् भने पूर्वी तथा मध्य पहाडी क्षेत्रबाट बसाई सरेर आएका विभिन्न जातजातिहरूले मनाउने चाडपर्व, मेला, उत्सवहरूमा नेपाली लोकगीत, आधुनिकगीत, पपगीत र अंग्रेजीगीत साथै हिन्दी गीतहरू गाउने गरेका छन् । नेपालका पहाडी तथा तराईका क्षेत्रहरूमा गायीने नेपाली लोकगीत, असारेगीत, बालन, सङ्गिनी, तीजगीत जस्ता हाम्रा परम्परागत गीतहरूको सकंलन गरी संरक्षण गर्नु अति आवश्यक रहेको देखिन्छ । तसर्थ प्रस्तुत अध्ययनको मुख्य कार्यक्षेत्र यस गाउापालिकाको सम्पूर्ण भागलाई लिईएको छ ।

### २.२.३ जलवायु

यस गाउापालिकामा मनसुनी हावापानी (यसलाई अर्ध उष्ण र उष्ण हावा पानी पनि भनिन्छ) रहेको छ भने तापक्रम गृष्म ऋतुमा ३६ डिग्री से. सम्म हुन्छ भने शीतकालमा औशत न्युनत्म तापक्रम १० डिग्री से.सम्म ओंलिन्छ । वर्षा ऋतुमा हिन्द महासागरको बंगालको खाडीबाट आउने मनसुनी हावाको प्रवाहले जेठ महिनादेखि भदौ महिनासम्म सरदर १३८ से.मि.सम्म वर्षा हुन्छ ।

### २.२.४ प्रमुख स्थलहरू

| क्र.स. | पर्यटकीय स्थल | वडा नं. | महत्त्व | वार्षिक औसतमा आउने पर्यटकहरूको संख्या |
|---|---|---|---|---|
| १. | लक्ष्मीथान | १ | धार्मिक पर्यटकीय | १०००० जना |
| २. | चित्रे गुम्बा | १ | पर्यटकीय | १५०० जना |
| ३. | श्रीदक्षिणेश्वर मन्दिर | २ | धार्मिक पर्यटकीय | छैन |
| ४. | त्रिवेणीघाट (तीन नदीहरूको संगम) | २ | धार्मिक पर्यटकीय | १०० देखि २०० सम्म |
| ५. | दुर्गा मन्दिर राजगढ बजार | ३ | धार्मिक | २५००० देखि ३०००० सम्म |
| ६. | राधाकृष्ण मन्दिर | ३ | धार्मिक | ४०० जना |

(स्रोत: *बाह्रदशी गाउापालिकाको बृहत् पाश्वचित्र २०७५, पृ. २७*)

### २.२.५ नदीनाला

नदीनालाका दृश्टिकोणले हेर्दा बाह्रददशी गाउापालिकामा विरिङ नामको ठूलो तथा घाग्रा, अदुवा र भुतेनी नाम गरेका खोलाहरू छन् । यी खोलाहरूमा सुख्खा याममा पानीको मात्रा धेरै कम हुने र वर्षाको समयमा बाढी आएर धेरै जनधनको क्षति पुग्ने गरेको छ । नदीनालाहरूमा आवश्यक तटबन्ध कार्य नभएका कारण वर्षा याममा आउने बाढीले यस गाउापालिकाका किसानहरूको खेतबारीमा लगाएको अन्नबाली नोक्सान पुऱ्याउनुको साथै खेतियोग्य जमिन कटान गरी धेरै बासिन्दाहरू विस्थापित भएर सुकुम्बासीसम्म भएका छन् ।

## २.२.६ शैक्षिक स्थिति

बाह्रदशी गाउापालिकाको शैक्षिक स्थितिलाई हेर्ने हो भने निकै सन्तोषजनक रहेको देखिन्छ । २०७५ को तथ्याङ्क अनुसार १६ वटा सामुदायिक विद्यालय, १३ वटा संस्थागत विद्यालय, ९ वटा मदरसा र १ वटा गुरुकुल विद्यालय रहेका छन् । यहााको कूल साक्षरता ८२.७८ प्रतिशत रहेको छ । शैक्षिक वर्ष २०७५।७६ को विवरण बमोजिम यस गा.पा.मा छात्रा तर्फ २६९१ र छात्र तर्फ २३३२ समेत गरी जम्मा विद्यार्थी ५०१३ विद्यार्थी रहेको पाइन्छ । यसबाट के देखिन्छ भने यस गा.पा.मा छात्रभन्दा छात्राहरूको विद्यार्थी संख्या ज्यादा रहेको हुादा शिक्षामा लैगिक विभेद नभएको प्रष्टै देखिन्छ । यस गा.पा.अन्तर्गतका सामूदायिक विद्यालयहरूमा स्थायी तथा अस्थायी र प्राविधिक धारसमेत गरी जम्मा १५२ जना शिक्षक शिक्षिकाहरूले दैनिक शैक्षिक गतिविधिमा संलग्न रहेका छन् भने संस्थागत विद्यालयतर्फ ८० जना शिक्षक शिक्षिकाहरू शिक्षण कार्यमा संलग्न रहेका छन् । (*बाह्रदशी गाउापालिकाको वृहत पाश्वचित्र २०७५, पृ. ४५*)

## २.२.७ भाषा एवं साहित्य

विविध जातजातिहरूको बसोबास भएको बाह्रदशी गाउापालिकामा प्रमुख रूपमा आदिवासी जनजाती, मुसलमान, माझी, मधेशी समुदाय, दलित, सिमान्कृत/लोपोन्मुख, सन्थाल, ब्राहण, क्षेत्री, राई, लिम्बु, गुरुङ, आदि रहेका छन् । यी सबै जातिहरूले आ^ना घरपरिवार भित्र आ-आ^ना जातीय भाषाहरू बोल्ने गर्दछन् । बाह्रदशी गाउापालिका भरीका विद्यालयहरूमा बाल क्लब गठन गरी विद्यालयमा भाषा सहित्यको प्रबर्द्धन गर्ने उद्देश्यले मासिक भित्ते पत्रिका प्रकाशन गर्ने गरिएको छ । नेपाल रेडक्रस सोसाइटी उपशाखा बाह्रदशीका अध्यक्ष्य श्री दयानन्द गोस्वामीज्युले हालसालै गजल सङ्ग्रह भाग एक प्रकाशन गर्नु भएको छ । यस गाउापालिकामा राजवंशी भाषा साहित्यको उत्थानको लागि राजवंशी

समाज विकास समिति गठन गरी राजवंशी भाषा, संस्कृति, साहित्य आदिको जर्गेना गर्ने कार्यक्रमहरू पनि सञ्चालन भइरहेका छन ।

## २.३ लोकगीतको सैद्धान्तिक परिचय

लोकगीत लोकसाहित्य अन्तर्गतको एउटा प्रमुख विधा हो । लोक शब्द संस्कृतको लोकदर्शने धातुमा 'घञ' प्रत्यय लागेर बनेको हो । सामान्यतः लोकसाहित्यमा लोक शब्दले जन वा संसार भन्ने अर्थ ग्रहण गर्दछ । लोकका कण्ठबाट निस्कने गेय अभिव्यक्तिलाई नै लोकगीत भनिन्छ । लोकगीत लोक संस्कृतिकै प्रमुख अङ्ग हो । यसलाई नेपाली प्राकृतिक कविता पनि भन्ने गरिन्छ । यसले आ`नो रूप र विधा आफैले जम्माउाछ । यो सरल, सुवोध र लोकप्रीय हुन्छ । यसको कलेवरमा लोक जनजीवन छर्लङिने ऐना हुन्छ । त्यसैले लोकगीत भनेको समष्टिको मनबाट जन्मिने विधा हो । लोक गीत जनसमूदायको गीत हो । यो एकपछि अर्कोमा मौखिक रूपमा हस्तान्तरित हुने गर्दछ । लोकगीतका रचनाकार पाइदैनन । यो समाजको गीत हो । यसलाई समाजले गाएको हुन्छ । समाजले बचाएको हुन्छ र समाजले नै पुस्तान्तरण गर्दै लगेको हुन्छ ।

लोक जनसाधारणको समष्टि हो, सिङ्गो रूप हो । (पराजुली, २०५७, पृ. ६५) लोकसंस्कृति र लोकसाहित्यले त्यसै लोकका संस्कृति र साहित्यलाई लोकतात्विक रूपमा वरण गरेको हुन्छ । वर्षभरि वा ऋतु ऋतुमा, चाडपर्वमा र जीवनका विविध क्षणमा आ-आ`नै परम्परा संस्कृतिअनुरूप नेपाली लोकगीत प्रवाहित भएकाहुन्छन् । लोकगीतमा एक दुई टुक्रामै पनि जीवनका विविध पक्षमा हृदयलाई छुनेगरी गम्भीर भाव प्रकट भएका हुन्छन् । नेपाली लोकगीत नेपालीपन र जीवनशैलीमा बााचेकाले बाल्यकालदेखि किशोर, युवा र बृद्धा अवस्थाका हृदयमा समेत लोकप्रिय भई गुञ्जीरहेको हुन्छ । लेकबेंसी गाउाघर, पानी, पाधेरो, मेलापात, घाासदाउरा गर्दा र रोपााई, पर्व, विहेबटुलो आदिका बेला निस्केका लोकजीवनका उद्‌गारले नै नेपाली लोकगीतलाई जन्म दिएको हुन्छ ।

नेपाली साहित्यको पृष्ठभूमि र नेपाली कविताको मूल खोज्दै जादाा नेपाली भाषाका लोकगीतमा नै पुग्नुपर्छ । लोकगीतको तत्कालीन लिपिबद्ध वा सङ्कलित रूप पाउन नसकिए पनि लोकगीत नै अभिव्यक्तिको माध्यम थियो हो भन्ने कुरा प्रष्ट नै छ । लोकगीतका परापूर्वकालमा प्रचलित रूप पाइादैनन् तापनि यसको अस्तित्व खोज्दै जाादा वैदिक परम्पराभन्दा पनि अगाडि पुग्न सकिन्छ । यसरी हेर्दा लोकगीत लिपि सभ्यताभन्दा

पनि जेठो हो भन्न सकिन्छ । आदिम कालदेखि अहिलेसम्म पनि लोकगीत लोकजीवनलाई मनोरञ्जन दिने र जीवनको दुःख सुखको साथि भएको छ । लोकगीत लोकसंस्कृतिबाट आएको तत्सम शब्द हो । लोकगीतको सन्दर्भमा चर्चा गर्दा वैदिककाल, पौराणिककाल र आधुनिककालमा छुट्टाछुट्टै अर्थ बोकेको देखिन्छ । वैदिककालमा लोक भनेर दिव्य वा पार्थिव दुवैलाई लिएको बुझिन्छ । आफन्त र पराइको कुनै वास्ता नभएको समयमा एउटा विशाल लोकलाई लिइएको हुन सक्छ । पौराणिककालमा यिनै शब्दले भारतवर्षका समस्त जनसमूदायलाई बुझाउन थालेको देखिन्छ भने अहिले आएर लोकशब्दको अर्थ संवेदित तथा अनुभूतिशील जनसमुदाय भन्ने बुझिन थालेको छ । (थापा, २०३०, पृ. १३) लोकगीतमा वौद्धिकताभन्दा भावनात्मकताको प्रवलता हुनाले लोकगीत प्रायः समाजको कमरजोर वर्गले गाउाछन् र कमजोर वर्ग नै विशेषगरी लोकगीतमा सहभागी हुन्छन । विश्वभरका लोकगीतमा आइमाई जतिको हेपिएको, काममा जोतिने र शोषित पीडित पुरुष समुदाय नभएको हुनाले विश्वभरकै लोकगीतमा नारी जातिको सहभागीता बढी हुन्छ । ग्रामीण समुदाय केही अन्धविश्वासी पनि हुन्छन् त्यसैले लोकगीतहरूको अध्ययन गरेर त्यो लोकगीत गाउने जातिको जनविश्वासलाई विश्लेषण गर्न सकिन्छ । (आचार्य, २०६२, पृ. १०)

## २.४ लोकगीतको परिभाषा

लाोकगीत एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने चुड्किलो गेयात्मक विधा हो । लोकगीतमा लोकजीवनका दुख, पीडा हाासो खुसी आदि झल्किएको पाइन्छ । लोकगीतका रचनाकार अज्ञात नै हुन्छ । यो लोकसाहित्यको एक उत्कृष्ट र लयात्मक पद्य विधा हो । लोकगीत सबैभन्दा प्रचलित र लोकप्रिय विधाका रूपमा रहेको छ । लोकमा परम्परादेखि मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्ता, एक गलाबाट अर्को गलामा सर्दै जीवित रहादै आएका लोकगीतहरू समग्र लोककै साझा सम्पत्तिका रूपमा रहेका हुन्छन् ।

लोकगीतलाई विभिन्न विद्वान्, लोकसाहित्यका अध्येयताहरूका साथै विभिन्न कोषहरूमा पनि परिभाषित गर्ने प्रयास गरिएको छ । यसैक्रममा नेपाली बृहत शब्दकोशमा लोकगीतलाई समाजमा परम्परादेखि गाउादै चल्दै आएको गीत हो भनी अर्थ्याइएको पाइन्छ । (पोखरेल, २०४०, पृ. ११८८)

काव्यसुलभ अभिव्यक्ति, हृदयग्राही भाव, हृदयवर्जक शैली र कोमल पद रचनाले गर्दा लोककाव्यको प्रतिष्ठित आसन लोकगीतले पाएको छ । (पराजुली, २०४५, पृ. ८६) ।

लोकगीत भनेको जीवनगीतका आदिम स्रोत हुन् । (पन्त, २०२८, पृ.२८) ।

लोकगीत भनेको नदीको प्रवाहजस्तै हुन्छ, जुन मूलतः ग्रामिण संस्कृतिको गर्भबाट निस्कन्छ तर यसले ग्रामीण समाजलाई मात्र प्रवाहित नगरी समग्र मानव समाजलाई नै शीतलता दिने काम गरिरहन्छ । (पराजुली, २०५७, पृ. ३०)

लोक अनुभूति नै लोकगीत हो जसले हृदयका उद्गारहरूलाई स्पष्ट र यथार्थ रूपमा प्रस्तुत गर्दछ । (थापा, २०३०, पृ. १३)

लोकगीत जनताको गला गलाबाट अनवरत बगिरहने छहरा हो । हिमशिखरबाट बगेको कञ्चन जलप्रसाद झैं विशाल छ । यसलाई परिभाषा र शास्त्रीय नीति नियमको बन्धनमा बााध्न र रागतालको कसीमा धोई उतार्न सकिदैन र यसो गर्नु औचित्य पनि छैन । (थापा/सुवेदी, २०४१, पृ. ६०)

लोकगीत भनेको हरेक समाजको दुःख सुखको अनुभूतिले भरिएको एक मौखिक इतिहास हो । (लोहनी, २०२२, पृ. १)

लोकगीत भनेको त्यो संगीत हो जुनकी मानव समाजमा मातृभाषको नाताले मानिसहरूमा दयामाया प्रेमभाव अभिव्यक्त हुने बेलामा स्वयं उदगारको रूपमा लयदार तरजमा काव्यमय शैलीझै निस्कन्छन् (जोशी, २०१३, पृ. १४५)

यसरी विभिन्न विद्वान् तथा लोकसात्यिका अध्येताहरूले आ-आ ैनै किसिमले लोकगीतलाई परिभाषित गरेको पाइन्छ । यी परिभाषाका आधारमा निष्कर्षमा के भन्न सकिन्छ भने लोकगीत भनेको मानव सभ्यताको सुरूवातदेखि नै मौखिक परम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्ता एक व्यक्तिबाट अर्को व्यक्तिमा हस्तान्तरित हादै आएको आधुनिक सभ्यता र संस्कृतिबाट टाडै रहेको सरल, सहज, सुमधुर र स्वतः स्फुर्त लयात्मक अभिव्यक्ति हो । यसमा सामान्य अशिक्षित ग्रमिण जनताका आडम्बर विहीन अभिव्यक्ति प्रष्फुटित भएका हुन्छन् । यसले मानव जीवनका सुख दुःख हर्षपीडा, आासु हाासो, मिलन विछोडजस्ता विविध अनुभूतिहरूलाई सहजर हृदयग्राही रूपमा प्रकट गर्न मद्दत गर्दछ । स्वतन्त्र रूपमा लोकजीवनका तीता मिठा अनुभव लोकगीतमा समेटिएका हुन्छन् । यिनै विविध कारणले गर्दा लोकगीत लोकसाहित्यको मात्र नभई समग्र साहित्य क्षेत्रकै आधारशीला बन्न पुगेको छ ।

## २.५ लोकगीतको वर्गीकरण

लोकगीत मौखिक रचना हो भने लोकगीत गतिशील विधा पनि हो । यसलाई विभिन्न विद्‌वानहरूले विभिन्न आधारमा वर्गीकरण गरेका छन् । यसै सन्दर्भमा लोक साहित्यका अध्येयता कालिभक्त पन्तले (२०२८, पृ. २८) मा लोकगीतका नौ प्रकार देखाएका छन् ।

१. राष्ट्रस्तरीय गीत

२. जिल्लास्तरीय गीत-जुम्ली, जनकपुरे

३. ग्रामस्तरीय गीत-बलाम्पुरे, मिक्लुङ, मुगाली

४. जातिस्तरीय गीत- बाहुनगीतः भजन, चुट्का, रोइला र कुमालगीत

५. भाषास्तरीय गीत-नेवार, तामाङ, सेर्पागीत

६. कार्यस्तरीय गीत-असारे, दाईं

७. लोकनाट्यस्तरीयगीत-बालन, कौरा, घाटु, सोरठी

८. पर्वस्तरीय गीत-मालश्री, भैलो, तीजे, महाल, रतेली

९. ऋतुस्तरीय गीत - फगुवा, वासन्ती-

त्यसैगरी नेपाली लोकसाहित्यका अध्येयता सत्यमोहन जोशीले (२०४१, पृ. १४५) मा नेपाली लोकगीतका आठ प्रकार देखाएका छन् ।

१. भजनका रूपमा गाउनेलोकगीत-चुड्का, बालन ।

२. नृत्यसाग गाासिएका लोकगीत-सोरठी, मारूनी, घाटु

३. प्रेममय जीवनसाग समन्वय भएका लोकगीत-सङ्गिनी, देउसुरे

४. चाडबाडसाग समन्वय भएका लोकगीत-सोरठी

५. सामयिक लोकगीत-मालश्री, दाइगीत

६. युद्धक्षेत्रमा प्राणसञ्चार गर्ने लोकगीत-कर्खा

७. कथा गाासिएका लोकगीत-चरित्र

८. उत्सवमा भिकिने गीत-चरित्र, रत्यौली

लोकगीतलाई टेक बहादुर खत्री (२०३२, पृ. १७) ले निम्नलिखित सात वर्गमा विभक्त गरेका छन् ।

१. वीररस र करूणरसका लोकगीत-कर्खा

२. घटनाप्रधान लोकगीत, सिलोक- सवाई

३. चाडपर्वका लोकगीत- भैलो, देउसी

४. विवाहपर्वमा गाउने लोकगीत- खााडो, रत्यौली

५. नृत्यगीतहरू- देउडा, घाटु

६. भजनका रूपमा गाउने लोकगीत-बालन, सङ्गिनी

७. दोहोरी लोकगीत-घाासीगीत, असारे गीत

लोकगीतलाई दयाराम श्रेष्ठ सम्भवले (२०३८, पृ. १५) मा लोकगीतको वर्गीकरण ४ प्रकारले गरेका छन् ।

१. संस्कारसम्बन्धी लोकगीत

२. ऋृतुकालीन लोकगीत

३. क्रियासम्बन्धी लोकगीत

४. विविध

लोकगीतलाई धर्मराज थापा र हंशपुरे सुवेदीले (२०४१, पृ. ८२) सात वर्गमा विभक्त गरेका छन् ।

१. सामान्य गीत

२. संस्कार गीत

३. ऋृतु वा व्रतसम्बन्धी गीत

४. कर्मगीत

५. पर्वगीत

६. लोकनृत्य गीत

७. विविध

त्यस्तै शम्भुप्रसाद कोइरालाले (२०५५, पृ. ४४) मा लोकगीतलाई आठ प्रकारमा वर्गीकरण गरी यसको उदाहरणसहित चर्चा गरेका छन् ।

१. बाह्रमासे गीत

२. ऋृतुसम्बन्धी गीत

३. व्रतसम्बन्धी गीत

४. संस्कारसम्बन्धी गीत

५. नृत्यगीत

६. श्रमसम्बन्धी गीत

७. पर्वगीत

८. विविध

यसरी अनेक लोकगीतका अध्येयताहरूले विभिन्न आधारमा लोकगीतको वर्गीकरण गर्ने प्रयास गरेका छन् । लोकगीतको विषय अत्यन्तै व्यापक र विस्तृत छ । यसै कारण यसको सर्वसम्मत र सर्वमान्य वर्गीकरण गर्नु अत्यन्त कठिन कार्य मानिन्छ । त्यसैले उपर्युक्त वर्गीकरणहरूमध्ये कुनै एउटालाई सर्वसम्मत मान्न सकिन्न । लोकगीत निरन्तर गतिशील विधा हो । यति हुादाहुादै पनि विभिन्न विद्वान्हरूले गरेको लोकगीतका उपर्युक्त वर्गीकरणलाई आधार बनाएर निम्नानुसार लोकगीतको वर्गीकरण गर्न सकिन्छ ।

(१) बाह्रमासे लोकगीत-एकोहोरी गीत, दोहोरी गीत, बालन, सङ्गिनी, भजन, बालगीत ।

(२) कर्मगीत -असारे गीत, दाइा गीत ।

(३) पर्वगीत -देउसी, भैलो, तीजे गीत ।

(४) संस्कारगीत - रत्यौली, सिलोक, खााडो ।

## २.६ लोकगीतका विशेषता

लोकगीत लोकसाहित्यको अत्यन्त लोकप्रिय विधा हो । यसमा मानव जीवनका सुख दुःख, आासु-हाासो, हर्ष-पीडा, मिलन-विछोड, आशा-निराशाका साथै लोकका चालचलन, विधि-व्यवहार, आस्था र मान्यताहरूको समेत चित्रण भएको हुन्छ । मानव समाजको विकाससागसागै अस्तित्वमा आई एक गलाबाट अर्को गला, एकपुस्ताबाट अर्को पुस्तामा, एक स्थानबाट अर्को स्थानमा सर्दै जाने क्रममा लोकगीतमा अनेक परिवर्तन हुादै आएको पाइन्छ । यसरी प्राचीन समयदेखि अर्थात मानव समाजको विकाससागसागै प्रारम्भ भई हालसम्म पनि विस्तृत परिवेश ओगट्न सफल लोकगीतका प्रकृति र विशेषता विविध हुन सक्छन् । यहाा लोकगीत विधाका त्यस्ता प्रकृति र विशेषताहरूको पहिचान गरी उल्लेख गर्नु वान्छनीय देखिन्छ ।

लोकगीतका अध्येयताहरूले लोकगीतका विशेषताहरू पनि औंल्याइका छन् । यसै क्रममा नेपाली लोकसाहित्यका अध्येयता धर्मराज थापाले (२०३०, पृ. १०) मा लोकगीतका सात प्रकारका विशेषता देखाएका छन् ।

(१) भनाइमा तीव्रता हुनु

(२) प्रवाहमय गेयतात्मक हुनु

(३) सरलता र सहजतासाग मितेरी लाएको हुनु

(४) स्वाभाविकताले भरपुर हुनु

(५) प्रकृतिसाग तादात्म्य भई हार्दिक अभिव्यक्ति पोख्नु

(६) हृदयबाट उद्गारित भई उत्तराधिकारी (लय-भाका) सिर्जना गरी बिस्तारै पुरानो बन्नु

(७) समसामयिक वातावरण वा स्थानीय परिचयका साथै अलापिएको हुनु ।

लोकगीतका यी विशेषताहरू सङ्केतका रूपमा मात्र आएका छन् । यी विशेषताका बारेमा विस्तृत व्याख्या र विवेचना गरिएको छैन । जनमानसमा लोकप्रिय रहेका लोकगीतका विशेषता औल्याउने क्रममा शम्भु प्रसाद कोइरालाले (२०५५, पृ. ३६) मा नेपाली लोकगीतका निम्नलिखित विशेषता देखाइ तिनको सङ्क्षिप्त व्याख्या पनि गरेका छन् ।

(१) श्रुतिस्मृतिपरम्परा

(२) लयात्मक तीव्रता

(३) स्वतःस्फूर्त प्राकृत अभिव्यक्ति

(४) स्थान र सामयीकताको प्रभाव

(५) सरल एवं स्वभाविक गेयता

(६) प्रवाभपूर्ण स्थूल चित्रण ।

लोकसाहित्यका अध्येयता कृष्णप्रसाद पराजुलीले (२०५७, पृ. १३८-१४०) मा नेपाली लोकगीतका सात प्रकारका विशेषता देखाएका छन् र तिनको चर्चासमेत गरेका छन् ।

(१) अज्ञात रचयिता

(२) सामूहिक भावभूमि

(३) सहजता र स्वाभाविकता

(४) मौखिक परम्परा

(५) मौलिकता र सरलता

(६) कथन विविधता

(७) स्वछन्दता ।

यसरी विभिन्न अध्येयताहरूले विभिन्न किसिमले लोकगीतका विशेषताहरू औंल्याएका छन् । सहज, श्रृजनशील र निरन्तर गतिशील लोकगीतका प्रमुख विशेषता सरलता, सहजता, स्वभाविकता, स्वच्छन्दता, साङ्गीतिकता आदि मानिन्छन् ।

लोकगीत लोकको उकाली-ओराली, घाास-दाउरा, मेला-पात, लेक-बेशी गर्दाको समय कटाउने रमाइलो साथी हो । हाम्रा गाउाघरमा केटाकेटी, युवायुवती, बुडाबुडी सबैका कण्ठ-कण्ठबाट लोकगीतका भाका गुञ्जने गर्दछन् । ग्रामीण वासिन्दाहरू काम गर्दाको दुख साट्न र मनोरञ्जन प्राप्त गर्न लोकगीत गाउने गर्दछन् । त्यस्ता गीतमा उनीहरूका आ^ना मनका तीता-मीठा भावनाहरू व्यक्त भएका हुन्छन् । यस्ता लोकगीत गाउादा लोकमानसका व्यक्तिगत अनुभूतिका साथै समाजको चित्रण र समाजमा हुने विविध व्यवहारको बयान समेत गरिएको हुन्छ । लोकगीत लोकको साझा सम्पति हो । सुरूमा कुनै एक व्यक्तिले मात्र गायता पनि लोकगीत उसको निजी हुादैन । त्यसलाई लोकले सहज रूपमा अपनाउाछ र त्यो समग्र लोककै साझा सम्पत्ति बन्न पुग्दछ । यसरी लोकगीतका अनेक विशेषताहरू छन् । तसर्थ लोकगीतका सम्बन्धमा अध्ययन गर्ने विभिन्न अध्येयताहरूले प्रस्तुत गरेका विशेषताका आधारमा लोकगीतका विशेषताहरूलाई बूादागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ-

(१) अज्ञात रचनाकार

(२) मौलिकता र स्वतःस्फूर्तता

(३) सरलता र सहजता

(४) श्रुतिस्मृति परम्परामा जीवित

(५) पुनरावृति र थेगोको प्रयोग

(६) स्थानीय भाषिकाको प्रभाव

## २.७ निष्कर्ष

यस परिच्छेद अन्तर्गत बाह्रदशी गाउापालिकाको भौगोलिक परिचय, सामाजिक जनजीवन, जलवायु, नदीनाला, शैक्षिक स्थिति र गाउापालिकामा बोलिचाली गर्ने भाषा एवं साहित्यका विषयमा संक्षिप्त विवचेना गरिएको छ । साथै यसै परिच्छेद अन्तर्गत लोकगीतको सैद्धान्तिक परिचय, परिभाषा, वर्गीकरण र विशेषताहरूको बारेमा विभिन्न

लेखक तथा अध्येताहरूले गरेको शोध तथा अनुसन्धानको निष्कर्षलाई यस परिच्छेदको स्रोतको रूपमा उल्लेख गरी प्रस्तुत गरिएको छ ।

# तेस्रो परिच्छेद

# बाह्रदशी गाउापालिकामा प्रचलित लोकगीतहरूको सङ्कलन र वर्गीकरण

## ३.१ विषयप्रवेश

हिमालयको काखमा अवस्थित सुन्दर देश नेपालको सुदुर पूर्वमा पर्ने मेची अञ्चलको दक्षिणी जिल्ला झापाको दक्षिणी गाउापालिका नै बाह्रदशी गाउापालिका हो । यहाा विविध जातजातिका मानिसहरूको बसोबास रहेको छ । यहााका मानिसहरूको आ-आ̂नै किसिमको संस्कृति, रीतिरीवाज र जीवनशैली छ । यस गाउापालिकाको अधिकांश क्षेत्र समथर मैदानी भू-भाग छ र सार्वजनिक यातायात लगायत अन्य अतिआवश्यक भौतिक सुविधा भएका कारण यहााको जनजीवन क्रमशः आधुनिकतातर्फ ढल्कदै गइरहेको छ । बाह्रदशी गाउापालिका आधुनिकतातर्फ ढल्कदै गएता पनि उल्लेख्य भौतिक सुविधाहरू विकसित नभइसकेका कारण यहााको परम्परागत लोकसंस्कृति जीवन्त रहेको छ । विशेषतः बाह्रदशी गाउापालिकाको दक्षिणी भागमा मनाइने उत्सव, सास्कार, पर्वका साथै घाास दाउरा, मेलापात, ढिकी-जाातो जस्ता काम गर्दा समेत विभिन्न खालका लोकगीतहरू गाउने चलन छ । यस शोधको अध्ययनको मुख्य क्षेत्रपनि झापा जिल्लाको दक्षिणी भागमा पर्ने बाह्रदशी गाउापालिका नै हो र यस गाउापालिकामा प्रचलित नेपाली लोकगीतहरूको सङ्कलन यस परिच्छेदमा क्रमशः प्रस्तुत गरिएको छ ।

## ३.२ बाह्रदशी गाउापालिकाका लोकगीतहरू

### ३.२.१ बाह्रमासे गीत

#### (क) एकोहोरी गीत

**तोरी हरियो**

चल्ला भाग स्याल पस्यो[2] गाउातिर
आाखा लाग्यो कोरली माउतिर
तोरी हरियो हो,
तोरी हरियो हो, भेट भयो कसरी
छक्कै परियो[2] ।

जम्बो मन्त्री **भन्दछन्**[२] गाउाभरी
यो खोरमा चलाउाछौं मनपरी
तोरी हरियो,
तोरी हरियो हो, भेट भयो कसरी छक्कै परियो[२]
यतैतिर सुनेर पोथी स्वर[२]
झयाप्पै पार्न आइपुग्यो वनको चोर
तोरी हरियो,
तोरी हरिया हो,भेट भयो कसरी छक्कै परियो[२]
हामी देख्दा ती पोथी डराउाछन्[२]
भ्याट भ्याट गर्दै धुरीमा कराउाछन्
तोरी हरियो,
तोरी हरिया हो, भेट भयो कसरी छक्कै परियो[२]

स्रोत : थरेन्द्र बराल

## झम्केफूली

गैरीखेतमा दुईजना बाउसे
सानैदेखी म यस्तै रउसे
        झम्केफूली नाकैमा बुलाकी
        यसपाली त घरवार होला कि
गैरीखेतमा धान फल्यो तीस गेडा
जा जा भन्छ काा जाउा है निस्केर
        झम्के फूली नाकैमा बुलाकी
        यसपाली त घरबार होला कि
आलुकाटी थालैमा चक्काना
चिठी हेर्दा मुटुमै भक्काना
        झम्केफुली नाकैमा बुलाकी
        यसपाली त घरबारै होला कि
गाईको बाछ्रा भीरैमा चर्दैन
चरे पनि लडेर मर्दैन
        झम्के फुली नाकैमा बुलाकी

यसपाली त घरबार होला कि
घर त मेरो याा हैन तिरतिरे
डााडा काट्यो यो नौलो प्रितिले
झम्के फुली नाकैमा बुलाकी
यसपाली त घरबार होलाकी

स्रोत : चित्रा भट्टराई

## देशै रमाइलो

गुराासको फूल टिपी शिरमाथि जेल्नलाई चौतारीमा वर
गुराासको फूल टिपी शिरमाथि जेल्नलाई देशै रमाइलो
मायालुको खोजी गर्दै आइयो हुर्रा खेल्नलाई देशै रमाइलो-२
हाओ आइयो हुर्रा खेल्नलाई देशै रमाइलो

झिङटीको ठूलो छानो परेवाले घेरेको देशै रमाइलो
धनुकााडे आाखा तानी भन कल्लाई हेरेको देशै रमाइलो-२

सुनाखरी फूलको रङ दायाा बायाा तीन भयो देशै रमाइलो
तिम्रो बाटो हेर्दा-हेर्दै व्यर्थ हाम्रो दिन गयो देशै रमाइलो-२

दिलको छााया नौलो माया पिरतिले गोड्छौ कि देशै रमाइलो
ठट्टा गर्दै लाइयो माया वात चट्टै छोड्छौ कि देशै रमाइलो
बात  चट्टै छोड्छौ कि देशै रमाइलो-२

स्रोत : केशव बराल

## बिरहमा नरोउ चेली

बिरहमा नरोउ चेली
आासु कस्को झर्दैन र
पीर पर्‍यो नभन
पीर कसलाई पर्दैन र ?
आाखाबाट झर्ने आासु
हाासेर नै सुकाई देऊ
मुटु पोल्ने व्यथाहरू

त्यहाा कतै लुकाईदेउ ।
माइतीघरबाट विदा भई चेली
पराइघर जानुपर्ने
पराइ घरबाट विदा लिई
जन्मघर आउनुपर्ने ।
विरहमा नरोउ चेली
आासु कस्को झर्दैन र
पीर पर्‍यो नभन
पीर कस्लाइ पर्दैन र ?

स्रोत : जानुका पोखरेल

## घर मेरो झापा

घर मेरो झापा, बाह्रदशी गाउामा
म चिठी पठाउाला तिम्रो नाउामा ।
बाह्रदशी उकालीमा, वरपीपलको छायाा
हाास्दैमा बोल्दैमा बसिगयो माया ।
घर मेरो झापा बाह्रदशी गाउामा
म चिठी पठाउाला तिम्रो नाउामा ।

न्याउली रून्छ चारकोशे वनमा, विरही भाकैमा
लाग्छ क्यारे मोहनी यो, गाजले आाखैमा
घर मेरो झापा बाह्रदशी गाउामा
म चिठी पठाउाला, तिम्रो नाउामा ।
आकासमा बादल छायो, पानी पो पर्छकी
छुट्ने बेला भयो अब आाशु पो झर्छकी ।
घर मेरो झपा बाह्रदशी गाउामा
म चिठी पठाउाला, तिम्रो नाउामा

स्रोत : हरि अधिकारी

## हे लै लै

हे लै लै माछी लेवैमा
माया छ भने, आउ न छेवैमा ।

हे लै लै गाई चराई-चराई
के माया लाउाछौ, मन डराई-डराई ।

हे लै लै गाई हिड्ने गोहो
मायाको जस्तै बोलाउने को हो ?

हे लै लै गाई कटेरैमा
आएन रेल जौं मोटरैमा ।

हे लै लै पानी छायाालु
संझिदै रूदै बस मायालु ।
हे लै लै पानी चिसै छ
हाास्यौ नि बोल्यौ नि मनमा रिसै छ ।

स्रोत : पारु भट्टराई

## लसमालस मसला पिस्नु

लसमालस मसला पिस्नु लोहोरी भए पो
एकोरी माया म कति गरूा दोहोरी भए पो

काटीमा कुटी सार्कीले गर्छ सीप लाउने सर्किनी
हिडेको भए काा पुग्ने थिएा मायालाई पर्खे नि

बरै लाउनु पिपलै लाउनु सरोस है भनेर
बाबाले मलाई दिएको होला गरोस है भनेर

दैलामा लाउने साङ्ली र साााचो आग्लामा लाउने ताल
नजाती बार जन्मेछु क्यार आउादैन मेरो काल

लेकैमा फुल्ने त्यो लालीगुराास बेसीमा टोटला

सागैका साथी हावैजाजमाथी म भुइासी गोठाला

स्रोत : कल्पना आचार्य

## चेलीको बिलौना

माथि है बाट शिकारी झर्‍यो हातैमा तीर बोकी
कतिन्जेल बस्नु अर्काको घरमा मनमा पीर बोकी

पााच वर्ष बित्दै विहे गरी दिन्छन् अठार वर्षेलाई
दशवर्ष बित्दै मैतालु दिए बालिका मलाई
माथि है बाट .......

चारबजेदेखि बिहानको धन्दा रातको दशसम्म
थकाई के हो भोक प्यास केहो नबुज्नु अचम्म
माथि है बाट .......

स्वामी छन् गोठ कलेटी ओठ त्यैमाथि शासन
कसरी सक्नु घर कुचो गर्न सिकुवा आागन
माथि है बाट .......

मनका कुरा स्वामीका साथ पोख्न म पाउादिन
सासू-ससुरा नन्द आमाजु ममता पाउादिन
माथि है बाट .......

छोरीको जन्म हारेको कर्म यो भेद नगरेस
ईश्वर तिम्रो सृष्टिका बीच यो भेद नरचेस
माथि है बाट .......

स्रोत : लक्ष्मी गौतम

## (ख) दोहोरी गीत

केटा : हिमालै चुली त्यो पल्लोपट्टी, गाई मर्यो रोगैले
कहााको तिमी कहााको हामी, भेट भयो जोगैले
भेट भयो जोगैले मेरो लै लै, भेट भयो जोगैले ।

केटी : बिर्तामोड शहर त्यो झिलीमिली, हामी दुई घुमौला

मौकामा मिले छाडदिन तिमीलाई भगाई लैजाउाला
भगाई लैजाउाला मेरो लै लै, भगाई लैजाउाला ।

केटा : गोठाला दाईले गोठ है सार्‍यो मटेरी पाखैमा
छमछम गरी नााचिदेउकान्छी सुरिलो भाकैमा
सुरिलो भाकैमा मेरो लै लै, सुरिलो भाकैमा ।

केटी : नाचेर के भो गाएर के भो, हाासेर के भो र
हृदय मेरो चिरिन्छ ज्यादै, बुझाउने को छ र
बुझाउने को छ र मेरो लै लै, बुझाउने को छ र ?

केटा : मनका कुरा हृदय खोली, भनिदेउ मसाग
दुखेको मन बुझाइदिउला, कसैलाई नभन
कसैलाई नभन मेरो लै लै, कसैलाई नभन ।

केटी : धानलाई भर्ने त्यो ढ्वाङे पाथी, बीउ भर्ने मानु है
हृदय मेरो बुझाउछु भन्छौ, देख्तछु सानु नै
देख्दछु सानु नै मेरो लै लै, देख्दछु सानु नै ।

केटा : सानोमा सानो मरिचको दानु, खाउा भने पिरो छ
देख्यौ त तिमीले मलाई त सानु, हृदय ठूलो छ
हृदय ठूलो छ मेरो लै लै, हृदय ठूलो छ ।

स्रोत : थरेन्द्र बराल, मेनुका भट्टराई

## दोहोरी गीतः दुई

पुरुष : बुडो भएा चस्मा गयो, गयो उमेर
छोराछोरी एउटै छैन के गर्ने बसेर
मै बुडाको निम्तिमा अब,
एउटी केटी नफकाई भएन

महिला : बुडी भएा केश पाक्यो, गयो रूप रङ्ग
यो बुडाको कुरा सुन्दा मनै भयो दङ्ग
यै बुडाको निम्तिमा अब,
एउटी केटी नफकाई भएन ।

पुरुष : बुडाबुडी हुादाखेरी पाल्ने छोरो चाहियो
छोरा छोरी नभएर यस्तो दुःख पाइयो

मै बुडाको निम्तिमा अब
एउटी केटी नफकाई भएन

महिला : छोराछोरी नभए नि बााच्नु हाम्ले पर्छ
दुई दिनको जिन्दगी यो जिउनु नै पर्छ
यै बुढाको निम्तिमा अब
एउटी केटी नफकाई भएन

पुरुष : आाखा मैले देख्न छोडे लौरो भयो साथी
यै बुडीको सहारामा बस्छु दिउासो राती
मै बुडाको निम्तिमा अब,
एउटी केटी नफकाई भएन

महिला : सकुन्जेली काम गरी खाउाला
नसकेमा आश्रममा जाउाला
यै बुडाको निम्तिमा अब,
एउटी केटी नफकाई भएन

स्रोत : रामप्रसाद अधिकारी, देवका अधिकारी

## (ग) सिलोक

### के खानु मिठो

के खानु र मीठो, कसो गरी हुने
कुन अर्थ धेर बााचिने ?
के रोपिदिनु र, के फल्छ नरमा ?
के हो पछि सााचिने ?
रामको नाम मिठो छ, सदा भजिदिनु
त्यही अर्थ धेर बााचिने

लाखौं चन्द हरिपुरी, कैलाश दरबारमा
चिने भन्छु म खडा भई, इन्द्रका हजुरमा
खुश भई स्वर्गदेखि गईन् ती सुरसा
कुदे हनुमान पनि ।
जल्दि पर्वतका उपर उत्रिए

छाया विशेष ती रहे ।
एकलाख लस्करलाई देखि हनुमान
अत्यन्तै गर्जे पनि ।

त्यो शब्द सुनी लस्कर भए
छोडे हतियार तहाा
सब मारे क्षणमा तहाा हनुमानले पुग्यो समाचार वहाा
एक लाख लस्करलाई मारी सकी हनुमान
आउाछ कुन वीर भनी
सेनाका पनि पााच आए हुकुमले
खुब भारी लस्कर लिई ।
त्यो सेना पनि साफ गरिदिए
उस्तै भुसुना गनी
सात मन्त्रि सुतआत आए हुकुमले
खुब भारी लस्कर लिई
त्यो मन्त्रि सुतलाई सहितै मारिदिएथे जब
कान्छो रावण पुत्र यक्ष कुमार
सुनेर खबर तहाा ।
भन्छ रावण आफैं गइकन मार्छु
त्यसलाई अहिले वहाा ।
हातमा औंठी लिएर एक हुकुम भो
रामचन्द्र जीको भनी ।
त्यही औंठीमा छ मेरो नाम भनी
सीताले चिन्छिन् अहिल्यै भनी ।
चिनेको छु र म भन्छु खुशीले
मिल्ने छ रस्ता भनी ।

स्रोत : रामचन्द्र गौतम

### (घ) सङ्गिनी गीत

घुमोकी लौरी नि, सिरिङ्गै बज्यो

घुमोकी लौरी नि, सिरिङ्गै बज्यो
उ बाहिर को आयो है चेली
उ बाहिर को आयो ?
अघिल्लो डोले नि, पछिल्लो डोली
अघिल्लो डोले नि, पछिल्लो डोली
माझैको भिनाजु, है आमा
माझैको भिनाजु ।
बाहिर को आयो, है चेली
गुादरी विच्छ्याइदेउ ।

गुादरी बिच्छ्याउने, यी मान्छे होइनन्
गुादरी बिच्छ्याउने, यी मान्छे होइनन्
राडी है बिच्छ्याइदेउ, है चेली
राडी है बिच्छ्याइदेउ ।
केराको दाम्चो है, दहीको ठेकी
केराको दाम्चो है, दहीको ठेकी
के कामले आउनु भो, है ज्वाइ
के कामले आउनु भो ?

अहिलेको साल त नि, भएको बिहे
अहिलेको साल त नि, भएको बिहे
मइतालु पठाइदेउ है बाबु
मइतालु पठाइदेउ है बाबु

यो सानी नै छ नि, यो जोर वर्ष
यो सानी नै छ नि, यो जोर वर्ष
पठाउनै हुादैन है ज्वाइ
पठाउनै हुदैन
बाबाले हेरेको, शुक्रबारको साइत
बाबाले हेरेको, शुक्रबारको साइत
फर्काउनै हुदैन, है बज्यै

फर्काउनै हुदैन ।

सम्धिले लेखेको यो चिठी पत्र
सम्धिले लेखेको यो चिठी पत्र
कानैमा सिउरी जाऊ है ज्वाइ
कानैमा सिउरी जाऊ

ओर्ल न ओर्ल नि, शिलरूपा चेली
ओर्ल न ओर्ल नि, शिलरूपा चेली
म कपाल कोर्दिन्छु, है चेली
म कपाल कोर्दिन्छु

ओर्लिन्न आमा नि, कोर्दिन कपाल
ओलिन्न आमा नि, कोरदिन कपाल
जानेछन जति नि, भए नै पनि
म एक्लै जाइजान्छु ।
जान्छु है बाबा नि, जान्छु है आमा
तिजैमा लिन आउ, है बाबा
तिजैमा आउाला ।

कोठे र बारीको जिरीको साग
कोठे र बारीको जिरीको साग
टिपेर लेउ लेउ ए कान्छि नानी
बाबालाई तरकारी
खाादैनन् बाबा नि जिरीको साग
कि खान्छन् बाबा नि माछा र मासु
कि खान्छन् बाबा घ्यू
न अराउ भाउजु नि न सिकाउ मलाई
अल्छि छ मेरो जीउ भाउजु
अल्छि छ मेरो जीउ

दााया है लायौ नि ती पिपलु त
बायाा है लायौ वर मेरी नानी
बायाा है लायौ बर
बाह्रै र वर्षकी मैतालु नानी
कसरी खाउली घर मेरी नानी
कसरी खाउली घर
रातोलाई भन्नु नि सिम्रिकैको टिको
पहेंलो केसरी मेरी भाउजु
पहेंलो केसरी

निसिपै खोली नि हेरेको छैन
नभन तेसरी मेरी भाउजु
नभन तेसरी

स्रोत : गोमा गौतम

**घुरूमा घुरू**

घुरूमा घुरू नि परेवा घुर्‍यो
तोरीको पाजैमा
बबाले मलाई नि कन्यदान दिए
मिरमिरे साा‌झैमा है बाबा
मिरमिरे साा‌झैमा

कोरीदेउ आमा नि बाटिदेउ आमा
फूल लाइदेउ सिउादैमा है आमा
फूल लाईदेउ सिउादैमा

न्याउली बस्दा नि नरूनु आमा
म आउाछु हिउादैमा है आमा
म आउाछु हिउादैमा

स्रोत : मीना बराल

**(च) बालगीत**

## ढुकुमुकु ढुकुमुकु कस्को हात

ढुकुमुक ढुकुमुकु कस्को हात
राजाको,
ढुकुमुकु ढुकुमुकु कस्को हात
रानीको,
ढुकुमुकु ढुकुमुकु कस्को हात
बबाको,
ढुकुमुकु ढुकुमुकु कस्को हात
आमाको,
ढुकुमुकु ढुकुमुकु कस्को हात
दिदीको,
ढुकुमुकु ढुकुमुकु कस्को हात
दादाको,
ढुकुमुकु ढुकुमुकु कस्को हात
काकाको,
ढुकुमुकु ढुकुमुकु कस्को हात
काकीको,
राजाको भोटे कुकुर फुक्यो.............. ।

स्रोत : भीमा कार्की

## यति यति पानी गंगेरानी

बसेर निहारिदै- ढुकुरकुर
धानको बाला
खुट्टा छ्धादै- यति यति पानी
गंगेरानी,
कम्मर छ्धादै- यति यति पानि
गंगेरानी,
घााटी छ्धादै- यति यति पानी
गंगेरानी,

कुम छुादै- यति यति पानी

गंगेरानी,

टाउको छुादै- यति यति पानी

गंगेरानी,

प्रत्येक साथीहरूको हात देखाएर-

यो हातमा के छ ?

दही छ ।

यो हातमा के छ ?

घ्यू छ ।

यो हातमा के छ ?

दूध छ ।

यो हातमा के छ ?

मही छ ।

छिरेर जाउा कि ?

काटेर जाउा कि ?

नाघेर जाउा कि ?

काटेर जा Û

स्रोत : तारा खरेल

**यो घर कसको**

यो घर कसको आलेको

भित्र बाहिर टालेको

बिजुली बत्ती बालेको

भोटे कुकुर पालेको

स्रोत : अल्बिना अधिकारी

**इन्चु मिन्चु लन्डनमा**

इन्चु मिन्चु लन्डनमा

हाम्रो भाई पल्टनमा

स्कूलको पाले दाइ

पहिलो घण्टी बजाई देऊ
टि नि नि नि नि नि झ्याप

स्रोत : रीता पोखरेल

### बस बस मौरी

बस बस मौरी
बुधबार जाउली
फूलैफूलको कचौरामा
मह तिमी खाउली

स्रोत : प्रिन्सु पोखरेल

### टपटप टोपी

टपटप टोपी लेकको ताना
परबाट आए कुम्भै राना
तेरा दाजु मेरा दाजु ऐरा गएछन्
ऐराबाट मुसा मारी ल्याएछन्
मुसा मैले चीललाई दिएा
चीलले मलाई प्वााख दियो
प्वााख मैले आरनमा हााले
आरनबाट सियो पाएा
सियो मैले दर्जीलाई दिएा
दर्जीले मलाई टोपी दियो
टोपी मैले गोठालालाई दिएा
गोठालाले मलाई घाास दियो
घाास मैले गाईलाई दिएं
गाईले मलाई दूघ दियो
दूध मैले गंगाामा चडाए
गङ्गाबाट सहर पाएं
सहर मैले राजालाई दिएं
राजाले मलाई घोडा दिए
घोडा गयो छड्के

म गए फड्के

घोडा गयो तीरैतीर

मैले खाएा खीरैखीर

स्रोत : प्रिन्सु पोखरेल

## दशैं आयो खाउला पिउला

कान्छि अम्लो भन्छ दशैं आयो

काहिली अम्लो भन्छ खाउाला पिउाला

माझि अम्लो भन्छ कहाा पाउाला

चोरी अम्लो भन्छ चोरी ल्याउाला

बुडी अम्लो भन्छ धत्त पापी म त छुट्टै बसौंला

स्रोत : अप्रिसा अधिकारी

## कमिलाको गोलामा

कमिलाको गोलामा

मिठाई ल्याउाछन् झोलामा

अनि गीत गाउाला

बााडी चुडी खाउाला

स्रोत : पूजा अधिकारी

## चीा मुसी चीा

चीा मुसी चीा

मुसीले खायो धान

चुडाउ तेरो कान

तेरा बाउ मेरा बाउ

माछा मार्न गए

माछा मारी ल्याए

ढुंगामा सुकाए

चिलले लग्यो

हा हा हा हा

स्रोत : सुविज्ञ शर्मा

## (छ) बालन गीत

ॐ सत्य सुकृति

हो हो.......ॐ सत्य सुकृती गणपति वर्मा

लम्बोदर उनै हौं दाता ।

हो हो .......तिम्रै शरणमा खेल्न आयौं

आज्ञा देउ धरती माता

है तिम्रो शरणमा हे खेल नै आयौं

आज्ञा देउ धरती माता ।

हो हो............आज गुरु भन्छौ हे वशिष्ट ऋषि

गुरुका घरमा गाई

हे सुन्नु भो की आफूज्यूले

गुरुका घरैमा गाई

हो हो ...के ले र उज्यालो सबै वरपर

के ले र उज्यालो घर

हे सुर्जेले उज्यालो सबै लाखापाखा ?

के ले र उज्यालो काख ?

हे......चन्द्रमाले उज्यालो सबै लाखापाखा

हे पुत्रैले उज्यालो काख ।

स्रोत : रामचन्द्र गौतम

### राम जन्मेपछिको हर्कबडाई

(सबै बालनेहरू एकैचोटी यो बालन गाउादै नाच्छन)

दशरथलाई पुत्र जन्मे हर्कबढाई, है अयोध्यामा भइरगयो हर्कबढाईं
हर्कबढाईं हरि हर्कबढाईं, अपुत्रलाई पुत्रजन्मे हर्कबढाईं
है अयोध्याका सरज्यूलाई हर्कबढाईं,
ब्रम्हा लोकका ब्रम्हाज्यूलाई हर्कबढाईं
हर्कबढाईं हरि हर्कबढाईं, बैकुण्ठका बिष्णुजीलाई हर्कबढाई
कैलाशका सदाशिवलाई हर्कबढाई, गोमतीकम पार्वतीलाई हर्कबढाई
तेत्तीसकोटी देउदेउतालाई हर्कबढाई, हर्कबधढाईं हरि हर्कबढाई
चौधे लोकका देउदेउतालाई हर्कबढाईं
तालर बजे मृदङ्गा बजे सुनै खैजडी,
रामज्यूको बंशी बज्यो हर्कबढाई
हनुमानको नगरा बज्यो हर्कबढाईं
हर्कबढाईं हरि हर्कबढाईं अयोध्यामा भइरगयो हर्कबढाईं

स्रोत : उमानाथ गुरागाईं

## ३.२.३ कर्मगीत

### असारै मास

असारै मासमा रोपेको खेत कुन महिना पसाउाछ
एकचोटी आउाछ अल्लारे जोवन, दुनियाा हसाउाछ ।
दुनियाा हसाउाछ...........है
एकचोटी आउाछ अल्लारे जोवन, दुनियाा हसाउाछ
बाबा र जीउको, त्यो टारी खेत ढुकुरै लुक्ने बिउ
कसरी तर्छेउ, समुन्द्र नदी मुरली जत्रो जीउ
मुरली जत्रो जीउ.............है
कसरी तर्छेउ, समुन्द्र नदी, मुरली जत्रो जीउ
रोप न रोप रोपारे नानी म पााजी दिउला बीउ
हलीलाई दिउाला, एकराते दही, बाउसेलाई दिउाला घ्यू
बाउसेलाई दिउाला घिउ.......... है

हलीललाई दिउाला, एकराते दही, बाउसेलाई दिउाला घ्यू

हेर न साथी, त्यो डााडामाथी, रानीको रमिते
फूल फूल्यो रूखमा, यो कलियुगमा, नबोल्नु अमित्थे
नबोल्नु अमित्थे.........है
फूल फूल्यो रूखमा, यो कलि जुगमा, नबोल्नु अमित्थे

स्रोत : पार्वती भट्टराई

## दाइगीत

दाइ वरदो हो ..........
आकाशै हेर्दा भिलीमिली तारा
कसरी छुटाउाछौ मेरा भाइ हो,
लागेको भारा ।
दाइ वरदो हो.......

हाम्रा वरदोका, वरदो हो, गला भरी दामलो
कसो गरी छुटाउछौं मेरा वरदो हो,
परालको मामलो ।
दाइ वरदो हो................।

मेहेका टुप्पामा बसिगए सिमल चरी
हाम्रा वरदो हो, खलै वरिपरि,
पञ्चै भकारी ।
दाइ वरदो हो..............।

मेहेका भाइले, सिङैले हम्की कानैले हम्की
माडेका पराल ठेल है वरदो
बाहिर लम्की लम्की ।
दाइ वरदो हो...........।

इन इन वरदो हो, सगरभरी तारा
मेहेका टुप्पामा हेर, मेरा वरदो सहका धारा ।

स्रोत : यज्ञ ओली

दाइा वरदो हो...........।

इन इन वरदो हो, भाले होइन माले
राशीमा पूजा दिउाला, मेरा वरदो,
परेवाको भाले
दाइा वरदो हो..........।

मेहेका टुप्पामा बसिगए कोइली
आजका दएरेंलाई मेरा वरदो हो
घिउका चोइली
दाइा वरदो हो..........।

यैरीतले बिते कैयौ बिते काल
हाम्रा गाउलेहरूका मेरा वरदो हो
त्यस्तै छ चाल
दाइा वरदो हो..........।

तिल्के शुरा गोरे मिली परालका माथि
काम सक मेरा वरदो हो
थन्काई धानका राशी ।
दाइा वरदो हो............।

माली गाईको वाछो, धेनुगाईको नाती
हिाड हिाड वरदो हो
मिली मिली पराल माथी
धन्च  न मन्च, यति दाईं सकेपछि
मेरा वरदो हो, तिमीलाई सन्च ।
ह.........ह.......ह.....ह.........ह.....।

स्रोत : यज्ञ ओली

## ३.२.३ संस्कारगीत

### (क) सिलोक (विवाहमा गाउने)

घ.  कहााबाट आएउा जनती मनती कहाासम्मको दाउ

धरती तमरे भान्जेबुहारी केमा टेकी आएउ पाउ

ज.  घरबाट आयौं जनती मनती यहीसम्मको दाउ

धरती हामरे भान्जे बुहारी विष्णु-विष्णु भनी टेकी आयौं पाउला

घ.  कहाा बाट आएउा जनती मनती कहाा बस्छौ वास

अघि खाका फुरौला घााटीमा अड्के नाकबाट फेर्छौ सास

ज. घरबाट आयौं जनती मनती यहीं बस्छौं बास

अघि खाका फुरौला घााटीमा अड्के नाकबाट फेर्छौं सास

घ. कति बाटेउ नाम्लादाम्ला, कति बाटेउ कूचा

कति आएउा बुडापाका कति आएउ फुचा

ज. धेरै बाटिउा नाम्लादाम्ला थोरै बाटिउा कूचा

धेरै आयौ बूडापाका थोरै आयौं फुचा

घ. के भनी आएउा मातालाई के भनि आएउ पितालाई

के भनीआएउा देवी देउरालीलाई के भनी आएउ कोसीलाई

ज. रतेली खेल भनी आएउा मातालाई साथै ल्यायौं पितालाई

ध्वजापतङ्ग चडाई आयौं देवी-देउरालीलाई हरहर भनी आयौं कोशीलाईद

घ. तुलसीको लिङ्गो सातै ठाउा बाङ्गो, सातै ठाउा लायो चरीले गुाण

यिनयिन चरीको के हो नाउा, लाउाछौ अर्थ कि छोड्छौं ठाउा

ज. तुलसीको लिङ्गो सातै ठाउा बाङ्गो, सातै ठाउा लायो चरीले गुाण

यिनयिन चरीको हिरामोती नाउा, लायौं अर्थ छाड्दैनौं ठाउा

स्रोत : थरेन्द्र बराल, कल्पना आचार्य

## (ख) जन्ती पक्षले घरगाउालेसाग सवाल गर्दै गाउने सिलोक

ज. कसकी छोरी सिरी(श्री) सीता रानी

कसका छोरा लक्ष्मण राम

कसका छोरा वीर हनुमान्

कसका छोरा चन्द्रमा घाम

घ. जनककी छोरी सिरी सीता रानी

दशरथका छोरा लक्ष्मण राम

वायुका छोरा वीर हनुमान्

दीतिका छोरा चन्द्रमा घाम

ज. कहाा बस्छिन् सिरी सीता रानी

कहाा बस्छन् लक्ष्मण राम

कहाा बस्छन् वीर हनुमान

कहाा बस्छन् चन्द्रमा घाम

घ. अयोध्यामा बस्छिन् सिरी सीता रानी

दरबारमा बस्छन् लक्ष्मण राम

जङ्गलमा बस्छन् वीर हनुमान

आकाशमा बस्छन् छन्द्रमा घाम

ज. कतिसमानकी पोखरी हनायौ

कतिसमानकी जल

कतिसमानका इष्टकुटुम्ब

कतिसमानको बल

घ. कोदालीसमानकी पोखरी खनायौं

पोखरीसमानकी जल

आफुसमानकै इष्टकुटुम्ब

बाहीा (पाखुरा) समानकै बल

स्रोत : गंगाप्रसाद अधिकारी, मीना बराल

## (ग) कृष्ण भजन

कृष्ण मुरारी गिरिभरधारी

बन्छी बजाउने कृष्ण, तिमी कहाा छौ ?

मध्यरातमा मथुरालाई छोडी

वासुदेव देवकीको बन्धन तोडी

वर्षाको बाढीभेली, चरणलाई छुवाइ ठेली

जमुना घटाउने कृष्ण, तिमी कहाा छौ ?

बन्छी बजाउने कृष्ण तिमी कहाा छौ

कृष्ण मुरारी गिरिभरधारी

बन्छी बजाउने कष्ण तिमी कहाा छौ ?

महाभारत सत्य त्यागी

संसारको दुःख कष्ट, मेट्नको लागि
सारथी भएर रथलाई हााकी
गीत सुनाउने कृष्ण, तिमी कहाा छौ ?
बन्छी बजाउने कृष्ण, तिमी कहाा छौ ?
कृष्ण मुरारी गिरिभरधारी
बन्छी बजाउने कृष्ण, तिमी कहाा छौ ?

स्रोत : कृष्णकुमारी अधिकारी

## श्याम भजन

श्याम, कसरी म तिम्रो गुण गाउा ?
हृदयमा ज्ञानको ज्योती जगाउा
दया गर राधेश्याम दर्शन पाउा
कसरी म तिम्रो गुण गाउा ?
श्याम, कसरी म तिम्रो गुण गाउा ?
कोही वाचन राधेश्याम कोही रामनाम
तिमी विना को छ मेरो हे घनश्याम
कसरी म तिम्रो, गुण गाउा ?
श्याम कसरी म तिम्रो गुण गाउा ?

स्रोत : अम्बिका अधिकारी

## हाम्रो जीवन बलेको दियो

हाम्रो जीवन बलेको दियो
निवेपछि तुरून्तै सिद्धियो
सधै भरी गाउाछु म त श्रीरामको भजन
राज्य छोडी चौध वर्ष बनवास गाछन
हाम्र जीवन बलेको दियो........

लोभलापले नछोड्ने भो मनुष्यको चोला
बाचुञ्जेल राम भजौं जे जे होला होला
हाम्रो जीवन बलेको दियो........
मनको पीर मनमै हुन्छ  रोएर नजाने

प्रेमविना दुःखी जीवन कसरी विताउने
हाम्रो जीवन बलेको दियो....

फूलपाती ल्याएको छ प्रभुलाई चडाउने
बाचुञ्जेल मेरो मेरो छैन मरी लाने
हाम्रो जीवन बलेको दियो ..............
निबेपछि तुरून्तै सिद्धियो ..............

स्रोत : टिका ढकाल

## (ग) खााडो

श्री श्री श्री, श्री ३ महाराज धिराजके मन्त्री जङ्गबहादुरको फौजके फौजमे भोटके फौजमे भोटके निकटमे, काशीके तीरमे मन्त्रीके बुझसे, लस्कर चलेजी घण्टौा घण्टा मन्त्री संग्रामबहादुर राणाजी के वंश के प्रतापसे पूर्व पश्चिम उत्तर दक्षिण भोट मुग्लान दिल्ली किल्ला काागडा लङ्का पलङ्का शिवलङ्का नामा घोरमुखके देशमे चलते है । कौन कौनपल्टन चले देवी दास, ब्रजवहादुर, कलीबहादुर, महीन्द्रमल्ल, रामदल, भैरवनाथ, जगन्नाथ, कालीदल ऐसे ऐसेपल्टन चले । जर्नेल, कर्नेल, कप्तान, सुवेदार, तासा गुजा नगरा निशान मेरी गर्जन लागे फेरी दिशा विदिशा पृथ्वी कम्प करते बढो तयारीसे चले है ।

श्री ३ महाराज मन्त्री सर जङ्गबहादुर के सवारी हानेका वखत है ताजी तुर्की बैला अब खाला तरङ्ग, सुरङ्ग, मुस्की  चिनियाा भोटे टाागन ऐसे एसे चलते है धरती विल पहरा ठल बैरीको निकट पहाुचे लख कााध बन्दुक पेस्तोल झल्कन्थे कह कवीर सुलोभाइ साधु श्री श्री श्री मल्ल महाराजकी दूत डिलामे चलते मुलुक थरकन लागे है । कामदारी काजी पिपा खलासी केटी सुसारे वैठके चलतें है । कैसी कैसी केटी चलते है रामदारी, जामदारी, कृषिदारी, अलनन्परी हुस्नपरी, सुर्जेमति, चन्द्रमती, विष्णुमाया, शिवमाया, सरस्वती, लालवदन, श्यामवदन, कृष्णवदना, कमला, शोभा ऐसी ऐसी चलते है । लाल झपनी फुादा लरकन लागे, गोर्खाली जाति वर्षन लागे । चीनको चीन महाचीन, पेचीन, लाहोर, दिल्ली देश देशावर थरकन लागे । ऐसे ऐसे टोप चले लालीटोप भैरवी फलामे आठ फन्नी, दशफन्नी क्रान्ति ऐसे एसे तोप चले है ।

श्री ३ सर जगंबहादुरके लाहुर दिल्लीमे सिपाही फिराउन लागे, फाणा गोली छुरी, कटारी, चुप्पी च्याप्सा, खुाडा ढाल, तरवाल, खुकुरी वर्षन लागे शत्रुसेना सब भागे । श्री

पशुपतीनाथ, गुह्यश्वरीसाग जीतवाजी मागे । उाधौ गंगाको सााध लगाई उाभो महाचीन पारी टिस्टामा गई नमोनमः खााडो जाग्यो । श्री ५ महराजधिराजको सिपाही शूरा औरा युद्धमा  पूरा । उाभोभेटी मधेश समास्त कुकचविहार, लाहोर दिल्ली विवेलायतको सााध बनाएर १२ हजार बैरीको थाप्लामा खााडो जाग्यो ठ्याक ठ्याक । (स्रोत : खगेन्द्रप्रसाद अधिकारी)

## ३.२.४ पर्वगीत

### तीजेगीत

तीजको बेलामा बाबा लिन आउनुभो
सासू रिसले कालो मुखलाई विदा दिनुभो

स्वामीजीका चरण परो विदा माग्न भनेर
स्वामीजीले विदा दिए घण्टा गनेर

रातो सारी, रातो चोली रातो टीका लाएर
नाच्छौं, गाउाछौं, ब्रत बस्छौं दर खाएर

व्रत फुक्यो स्वामीजीका चरणको जलैले
तीज मान्छौं हिन्दु नारी जति सबैले ।

नौ डााडा पारिबाट दाजु लिन आए
आमा र बाबाले लिन पठाए ।

धान खायो पुतलीले, मकै खायो घुनले
साह्रै दुःख पाएा, मैले छोरी हुनाले ।

घर बस्न नसकेर गएा म त वनमा
त्यहीा पनि विरह चल्छ मनमा ।

चौतारीमा बसौं भने सरररर वरको पात
कोसित भनौं मैले यो मनको बात ।

आमासित भनौं भने आमा पैले रूनुभयो

बाबासित भनौं त परलोक हुनभयो ।
दाजुसित भनौं भने भाउजु कुम ठोकने
लिन आउने दाजुलाई बाटो छेक्ने

भाइसित भनौं भने बुहारीको खटन
कहिले-काहीा आउादा पनि लाउने बचन

स्रोत : सुनिता सिटौला

## चेली

बाबा भन्दा हुन् नी के काम गरी
आमा भन्दी हुन् नी भोकले मरी

ठूलादाजु भन्नु हुन्छ आइ. ए. वि. ए पढाउाछु
ठूलीभाउजू भन्नुहुन्छ किताब डडाउाछु

माइलादाजु भन्नुहुन्छ यल्ले के काम गर्छे र
माइली भाउजु भन्नुहुन्छ कहिले मर्छे र

भाइले भन्दो होला आज दिदी खोई
बुहारी भन्दी होली वल्ल घर गई
बुइनीले भन्दी होली आज घरै आधेरो
साथीहरू भन्दा होलान् सुन्ने पाधेरो

आागनीको छेउ पनि धान सुकाउन चाहिन्छ
आ᳘नै घर जाउ बुइनी अंश पाइन्छ

सानो सानो काकरी ठूलो भए खाने हो
माइत बस्ने होइन चेली घरै जाने हो

वाह्र वजे घर आउादा जुठा भााडा लडेको
के काम लाग्यो बाबा मैले वी.ए पढेको

स्रोत : विमला गौतम

## भैलो गीत

भैलीनी आइन आागन
गुन्यू चोलो मागन
हे, औंसीकोबार गाईतिहार भैलो ।
भैलिनी आइन आागन
बढारीकुडारी राखन
हे औंसीकोबार गाईतिहार भैलो ।
हरियो गोवरले लिपेऊ की
लक्ष्मी पूजा गरेऊ की
हे औंसीकोबार गाईतिहार भैलो ।
यो घरकी आमै कस्ती छन् ?
साक्षात लक्ष्मी जस्ती छन्
हे औसीकोबार गाईतिहार भैलो ।
घोडा बााध्ने तबेला
हामीलाई भयो अबेला
हे औंसीकोबार गाईतिहार भैलो
जस्ले दिन्छ मानो
उस्को सुनको छानो
हे औंसीकोबार गाईतिहार भैलो ।
जस्ले दिन्छ मुरी
उसको सुनको धुरीमह
हे औंसीबार गाइतिहार भैलो ।
माटो छुादा अन्न होस्
ढुङ्गो छुादा सुन होस्
हे औंसीकोबार गाईतिहार भैलो । (स्रोत : गीता, हिमा, देवका र शुसिला)

## (ख) देउसीगीत

**भट्याउने समूह**

ए झिलिमिली झिलिमिली
देउसीरे
ए के को ?झिलिमिली

देउसीरे

ए फूलको झिलिमिली

देउसीरे

ए बत्तीको झिलिमिली

देउसीरे

ए वर्षमा दिनको

देउसीरे

ए चाडबाड

देउसीरे

ए मनाउनलाई

देउसीरे

ए आइमापुग्यौं

देउसीरे

ए केराको थम्बा

देउसीरे

ए दशभाइ जम्मा

ए चाादीको चम्ची

देउसीरे

ए हजुरलाई सम्झी

देउसीरे

ए हामी त्यसै

देउसीरे

आएका होइनौं

देउसीरे

ए बलिराजाले

देउसीरे

ए पठाएका

देउसीरे

ए भुाईसीको किलो

देउसीरे

ए के सारो ढिलो

देउसीरे

ए झिलिमिली झिल्ला

देउसीरे

ए तातोरोटी मिल्ला

देउसीरे

ए फर्सीको बेलो

देउसीरे

ए आशिकको मेलो

देउसीरे

ए यसै घरमा

देउसीरे

ए लक्ष्मीजीले

देउसीरे

वासै गरून्

देउसीरे

ए यसै घरका

देउसीरे

छोराछोरी

डाक्टर, पाइलट

द्येउसीरे

ए जर्नेलकर्नेल

देउसीरे

ए होइजाउन्

देउसीरे

ए यसै घरका

देउसीरे

परेवा पङ्खी

देउसीरे

ए उड्दामा खेरी

देउसीरे

ए सुर्जे छेलुन

देउसीरे

ए यसै घरका

द्येउसीरे

गाईगोठ

देउसीरे

फस्टाउदै जाउन्

देउसीरे

ए यसै घरका

देउसीरे

बुबाआमा

देउसीरे

वरपिपल जस्तै

देउसीरे

तपिरहुन

ए बालबच्चा

देउसीरे

दुबोजस्तै

देउसीरे

मौलाइरहुन्

देउसीरे

ए लेकको काने

देउसीरे

ए भट्टयाउन मैले

देउसीरे

ए यतिनै जाने

देउसीरे

स्रोत : दिनेश, रमण र विकास

यसरी बाह्रदशी गाउँपालिकाका विभिन्न चाडपर्व, मेलापात, धार्मिक तथा सांस्कृतिक अनुष्ठानहरूमा समाजका विभिन्न उमेर समूहका स्थानीय मानिसहरूले गाउने लोक लयमा आधारित लोकगीतहरूको सङ्कलन गरी शोधको रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

## ३.३ लोकगीतको वर्गीकरण

लोकगीत लोकसाहित्यको उत्कृष्ट विधा हो । लोकगीत लोकमानसको हृदयबाट निस्केको सुमधुर आवाज हो । लोकगीत न नयाँ हुन्छ न पुरानो । लोकगीत त त्यो अरण्यवृक्ष्यजस्तै हो जरा भुइँमा परभित्रसम्म गाडिएका हुन्छन् अनि तिनका हाँगामा निरन्तर हरिया पात लाग्छन्, पालुवा चड्छन् र फल उब्जन्छन् । लोकगीत व्यक्ति प्रतिभाका सिर्जनाबाट प्रस्तुत गरिने गीत नभई लोकप्रतिभाका सहज सिर्जनाबाट अभिव्यक्त हुने गीत हो । यो मौखिक परम्परा वा श्रुतिपरम्पराद्वारा पुस्ता-पुस्तामा सर्दै आउँछ । लोकगीतमा लोकका आँसु, हाँसो, हर्ष, उल्लास, पिडा व्यथा, मिलन विछोड आदिका अनुभूति अभिव्यक्त भएका हुन्छन् । मुखमुखै टिपेर गाउनेर कानकानैले सुनेर मन रमाउने यसै परम्परा लोकजीवनमा पुस्तौं पुस्ता चल्दै नेपाली लोकगीतहरू हुर्किएका, मौलाएका र झाङ्गिएका छन् । (पराजुली, २०५७, पृ. १८५)

लोकगीत मानव हृदयबाट निस्कने वास्तविक आवाज हो । यसले एकैछिन मात्र भए पनि मानिसका पिर, मर्का, पीडा, व्यथा आदिलाई भुलाउने गर्दछ । यसमा लोकजीवनका विभिन्न पक्षको चित्रण गरिएको हुन्छ । लोकगीत सुन्दैमा मन आनन्दित हुने सुरिलो कण्ठबाट उद्गार हुने एक गेयात्मक विधा हो । प्रत्येक जाति, समूदाय र क्षेत्रका आ-आफ्नै खालका सास्कृति रीतिरिवाज, चालचलन र परम्परा हुन्छन् । त्यसै अनुसार यहाँ गाउने लोकगीतहरू पनि फरक फरक किसिमका हुन्छन् ।

झापा जिल्लाको बाह्रदशी गाउँपालिकामा पनि आफ्नै खालका लोकगीतहरू गाइन्छन् । यहाँ गाउने सबै प्रकारका लोकगीतहरूलाई आफ्नै किसिमले वर्गीकरण गर्नु उपयुक्त हुन्छ । त्यसैले विभिन्न विद्वान्हरूले गरेका लोकगीतका पूर्वोक्त वर्गीकरणहरूलाई आधार मानेर बाह्रदशी गाउँपालिकामा गाउने लोकगीतहरूलाई यहाँ संरचना र सहभागिताका आधारमा वर्गीकरण गर्ने प्रयास गरिएको छ ।

### ३.३.१ संरचनाका आधारमा वर्गीकरण

संरचना भन्नाले लोकगीतको बनोट वा बुनोट भन्ने बुझिन्छ । लोकगीत आन्तरिक र बाह्य गरी दुई प्रकारका हुन्छन् । बाह्य संरचना भन्नाले आवरण वा पहिरन भन्ने बुझिन्छ । बाह्य संरचना अन्तर्गत भाषा, लय, पङ्ति, अनुच्छेद र सङ्कथनजस्ता कुराहरू पर्दछन् । यी सबैको सामूहिक र कलात्मक समन्वयबाट नै लोकगीतको बाह्य संरचना निर्माण भएको हुन्छ । लोकगीतको आन्तरिक संरचनाचाहि वस्तुको सिलसिलेवार संयोजन गरिएको सारपूर्ण टुङग्याउनी हो (पराजुली, २०५७, पृ. ७६) लोकगीतको यही आन्तरिक संरचनामा भाव, अन्तर्लय, बिम्ब, प्रतीक, अलङ्कार आदिको भावात्मक र कलात्मक संयोजनबाट उच्च सौन्दर्यको सृष्टि भएको हुन्छ । संरचनाका आधारमा बाह्रदशी गाउापालिकामा गाउने लोकगीतहरूलाई लघुत्तम, लघु र कथात्मक गरी तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

### (क) लघुत्तम लोकगीत

लोकगीतमा कविता जस्तै लघुत्तम रूप प्रचलित रहेको पाइन्छ । भावको एक तिव्र झिल्का यस्ता गीतमा तरङगित भएको हुन्छ । बाह्रदशी गाउापालिकामा प्रचलित बालगीतलाई यसप्रकारका गीत अन्तर्गत राख्न सकिन्छ । यहाा प्रचलित लघुत्तम बालगीतको एक नमूना यसप्रकार छ :

बस बस मौरी
बुधबार जाउली

फूलैफूलको कचौरामा
मह तिमी खाउली

### (ख) लघु लोकगीत

छोटा-छोटा आकारमा रचिएको अन्तरारहित विषयवस्तु अनुसारको भावलाई प्रस्तुत गर्ने खालका लघुत्तमभन्दा लामा लोकगीतलाई लघुलोकगीत भनिन्छ । यस अर्न्तगत बाह्रदशी गाउापालिकामा प्रचलित देउसी, भैलो, दाइा, तीजे, एकोहारी र दोहोरी गीतहरू पर्दछन् ।

### (ग) कथात्मक गीत

कथात्मक गीतको संरचना लघुत्तम र लघुगीतको भन्दा लामो हुन्छ । यस्ता गीतले कथात्मक आयाम र गाथात्मक स्वरूप प्राप्त गरेका हुन्छन् । बाह्रदशी गाउपालिकामा प्रचलित सङ्गिनी, बालन जस्ता गीतहरूलाई यसप्रकारका गीत अन्तर्गत राख्न सकिन्छ ।

### ३.३.२ सहभागिताका आधारमा वर्गीकरण

लोकगीतको प्रस्तुतीकरणमा हुने सहभागिताका आधारमा बाह्रदशी गाउपालिकामा गाउने गीतहरूलाई तीन किसिमले छुट्याउन सकिन्छ ।

(क) एकलगीत

(ख) दोहोरीगीत

(ग) समूहगीत

#### (क) एकलगीत

सवाल जवाफ नगरी एक्लै गाउने गीतलाई एकलगीत भनिन्छ । गीत गाउन कुनै निश्चित वातावरण र समूहको आवश्यकता पर्दैन । यस्ता गीतहरू विशेष गरी युवा, युवतीहरूले एकान्तमा बसेका बेला गाउने चलन छ भने विशेष गरी गोठाला, खेताला जाादा घाास दाउरा गर्न वनजङ्गल जाादा एकलगीत गाइन्छन् । सामान्य किसिमका वाध्यवादन, मादल, बाासुरी आदिका साथमा गाउने एकलगीतमा नृत्य प्रस्तुत गर्न सकिन्छ । एकलगीतमा माया प्रीतिलगायत अन्य विविध विषयवस्तु पनि समेटिएका हुन्छन् । बाह्रदशी गाउपालिकामा पनि यस्ता एकलगीतहरू निकै प्रचलित छन् ।

#### (ख) दोहोरीगीत

दुई वा दुई समूहका बीचमा सवाल जवाफ गर्दै गाउने गीतलाई दोहोरीगीत भनिन्छ । यसलाई जुवारी गीत पनि भनिन्छ । यस्ता गीत प्रश्नोत्तरात्मक गर्ने खालका हुन्छन् । दोहोरीगीतमा खासगरी युवा, युवतीहरूको समूहका बिच गाइन्छन् । यस्ता गीत गाउादा सवालअनुसारको जवाफ गीतमै दिनुपर्ने हुादा गायक गायीकाहरू सजग र चनाखा रहन्छन् । यस्ता गीत गाउन तार्किक शक्ति र सृजनाशीलताको पनि आवश्यकता पर्दछ । विभिन्न भाका र लयमा गाउनेदोहोरीगीतले श्रोताहरूलाई मनोरञ्जन प्रदान गर्नुका साथै उनीहरूमा कौतुहलता र उत्सुकता समेत जगाउने गर्दछन् । यस्ता गीतहरू बाह्रदशी गाउपालिकामा निकै प्रचलित छन् ।

#### (ग) समूहगीत

सामुहिक रूपमा गाउने गीतलाई समूहगीत भनिन्छ । यस्तो गीत गाउादा पहिले एक व्यक्तिले गीतको भाका निकाल्छन् र त्यसैमा भाका मिलाएर गीत अगाडी बडाउन अन्य व्यक्तिहरूले त्यसमै स्वर थप्छन् । समूहगीतहरूमा समान्य किसिमका वाध्यवादन मादल, बाासुरी, खैजडी, मुजुरा आदिको प्रयोग गरिन्छ । बाह्रदशी गाउापालिकामा प्रचलित सङ्गिनी, बालन र भजन जस्ता गीतहरूलाई यस समूहमा समेट्न सकिन्छ ।

विभिन्न विद्वान्हरूले गरेका वर्गीकरणहरूलाई आधार मानी यहााका लोकगीतहरूलाई मोटामोटीरूपमा चार प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

१. बाह्रमासेगीत

२. कर्मगीत

३. संस्कारगीत

४. पर्वगीत

## १. बाह्रमासेगीत

(क) एकोहोरीगीत

(ख) दोहोरीगीत

ग) बालगीत

(घ) सङ्गिनी

(ङ) भजन

(च) बालन

## २. कर्मगीत

(क) असारेगीत

(ख) दाइागीत

## ३. संस्कारगीत

(क) सिलोक

(ख) खााडो

## ४. पर्वगीत

(क) तीजे

(ख) देउसी

(ग) भैलो

### (१) बाह्रमासे गीत

नेपाली लोकगीतमा बाह्रै महिनाको वर्णन गरिएका वर्णनात्मक गीतलाई बाह्रमासे गीत भनिन्छ । कुनै विशेष परम्परा, संस्कार, रीतिस्थिति वा समयविशेषको वास्ता नगरी जुनसुकै समयमा पनि गाउने हुनाले बाह्रमासे गीतलाई सामान्यगीत पनि भनिन्छ । बाह्रमासे गीत छोटा र छरिता हुन्छन् । लोकजीवनका भावतरङ्गहरू बाह्रमासे गीतमा तरङिगत भएका हुन्छन् । विशेषगरी युवायुवतीका प्रेममय भावनाहरू अभिव्यक्तहुने यस्ता गीतमा लोकजीवनका दुःख-सुख, हर्ष-विस्मात, हाासो-आासु, आशा-निराशाका साथै लोकजीवनका विधि व्यवहार र मान्यताहरूको समेत चित्रण भएको हुन्छ । यस्ता बाह्रमासेगीत बाह्रदशी गाउापालिकामा निकै प्रचलित रहेका छन् । यहाा प्रचलित एकोहोरी, दोहोरी, जागृती, सङ्गिनी,  बालगीत, बालनगीतजस्ता गीतहरूलाई बाह्रमासे गीत अन्तर्गत राख्न सकिन्छ ।

### (२) कर्मगीत

मेलापात अथवा  काम गर्न जाादा गाउने गीतलाई कर्मगीत भनिन्छ । कर्मगीत विशेषतः खेतीपाती लाउने, गोडमेल गर्ने र बालीनाली थन्क्याउने बेलामा नै बढी मात्रामा गाउने गरिन्छ । हाम्रो देश नेपाल कृषि प्रधान भएकाले बहुसंख्यक नेपाली जीवन पसिना चुहाई लेकवेसी र वनपाखा गर्दै खोलानाला तर्दै परिश्रम गरेर खानुपर्ने जीवन हो । काम मात्र गरिरहादा जीवन नीरस हुने भएकाले गाउाघरतिर गीतगाउादै काम गर्ने चलन छ । यसरी गीत गाउादै काम गर्दा थकान, दुःख पीडाको महसुस नहुनाले गीत गाउने गर्दछन् । कर्मगीतलाई श्रमगीत पनि भनिन्छ । कर्मगीत वा श्रमगीत प्रतेक ऋतुमा हुने कामका प्रकृति अनुसार गाउने गरिन्छ । (पराजुली, २०५७ पृ. २०८) यस्ता गीतहरूमा मायाप्रीति, खुसी, हाासो, व्यङ्ग्य, विरह आदिका भावहरू छचल्किरहेको हुन्छ ।बाह्रदशी गाउापालिकामा बसोबास गर्ने अधिकांश मानिसहरूको मुख्य व्यवसाय भनेको नै कृषि हो । कृषिसम्बन्धि विभिन्न कार्य गर्दा शारिरीक थकान मेट्न र मनोरञ्जन प्राप्त गर्न यहााका मानिसहरूले लोकगीत गाउने गर्दछन् । यसरी कामका सिलसिलामा गाउने गीतहरू नै कर्मगीत हुन् । कर्मगीत अन्तर्गत असारमा धान रोप्दा गाउने असारेगीत, मंसिरमा धान भित्र्याउने बेला दाइागर्दा गाउने दाइागीत  पर्दछन् ।

### (३) संस्कारगीत

जन्मेदेखि मृत्यु पर्यन्त विभिन्न संस्कारहरूमा गाउने गीतलाई संस्कारगीत भनिन्छ । बाह्रदशी गाउापालिका विविध जातजातिहरूको बसोबास भएको गाउापालिका हो । यहााका विविध जातजातिहरूमा जन्मेदेखि मृत्युसम्मका कर्मकाण्डहरू गर्ने चलन छ । जन्मेदेखिमृत्यु पर्यन्तका सम्पूर्ण संस्कारहरू धर्म र संस्कृतिसाग नै सम्बद्ध छन् ।नेपाली जनजीवनमा जन्म, छैटी, न्वारन, पास्नी, ब्रतवन्ध, विवाह, मृत्युजस्ता संस्कारकर्म गर्दा विभिन्न किसिमका गीतहरू गाउने चलन पनि छ । यस गाउापालिकामा पनि विवाह संस्कारका क्रममा, रत्यौली, खााडो, सिलोक, भजनजस्ता गीतहरू गाईन्छन् । त्यसैले यहाा प्रचलित सिलोक, भजन र खााडो गीतहरूलाई संस्कारगीत अन्तर्गत राख्न सकिन्छ ।

## (४) पर्वगीत

विभिन्न चाडपर्वहरूमा विशेष रूपमा गाउने गीतलाई पर्वगीत भनिन्छ । नेपाली जीवनमा पर्वगीतको निकै महत्त्व छ । बाह्रदशी गाउापालिकामा अधिकांश मानिसहरू हिन्दू धर्म मान्ने गर्दछन् । त्यसैले दशैं, तिहार, अनि तीजको महत्त्व ठूलो रहेको छ । यस्ता पर्वहरूमा आˆना-आफ्ना सांस्कृतिक परम्पराअनुसार चाडपर्व मान्नुका साथसाथै देवदेवीको स्तुति गर्ने तथा विविध किसिमका गीतहरू गाउने गरिन्छ । त्यसैले पर्वगीत अर्न्तगत यहााका देउसी, भैलो र तीजे गीतहरूलाई राख्न सकिन्छ ।

## ३.४ निष्कर्ष

बाह्रदशी गाउापालिकामा लोकसाहित्यका अन्य विधाहरूभन्दा पनि लोकगीत नै सबैभन्दा बढी लोकप्रीय रहेको देखिन्छ । यस गाउापालिकामा प्रचलित लोकगीतहरूलाई तिनीहरूको प्रकृति हेरी बाह्रमासे, कर्म, पर्व, र संस्कारगीत गरी जम्मा चार वर्गमा वर्गीकरण गरिएको छ । बाह्रमासेगीतहरू यहाा जुनसुकै समयमा गाइन्छन् । अन्य गीतहरू चाहि विशेष समय र सन्दर्भ अनुसार गाइन्छन् ।

बाह्रदशी गाउापालिकामा यस्ता विभिन्न प्रकारका लोकगीतहरूले यहााका गाउाघर, पाटी, पौवा, चौतारी, डााडाकााडा, मेलापात आदिलाई नै गुन्जायमान बनाएका छन् । त्यसैले यहाा गाउने लोकगीतहरूले परम्परादेखि चलिआएका धर्म, संस्कृतिको संरक्षण गरिरहेका छन् । यसका साथै मानव जीवनका कथा व्यथा, हर्ष, उल्लास आदिलाई सरल, सहज, छरितो र रसिलो तवरले अभिव्यक्त गरी मनोरञ्जनात्मकता समेत प्रदान गरेका छन् । विभिन्न प्रकारका लोकगीतहरूमा यहााका मानिसका दुःख-सुखका साथै गरिबीका कारण उत्पन्न अनेक सामाजिक समस्याको अभिव्यक्ति पनि पाइन्छ । त्यसैले यहाा गाउने विभिन्न विषय समेटिएका नेपाली लोकगीतको आफनै सांस्कृतिक महत्त्व रहेको छ ।

# चौथो परिच्छेद

# बाह्रदशी गाउँपालिकाका प्रचलित लोकगीतहरूको विश्लेषण

## ४.१ विषयप्रवेश

लोकगीत लोकसाहित्यको उत्कृष्ट एवं लोकप्रिय विधा हो । यो मौखिक परम्पराबाट विकसित हुने र एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने विधा हो । लोकगीत लोकमानसका हृदयबाट निस्केको स्वतन्त्र अभिव्यत्ति हो । जस्मा लोकमानसका दुःख, पीडा, हर्ष, आाशु आदि मिसिएको हुन्छ । लोकगीत मानव मनको स्वतन्त्र अभिव्यक्ति भएकाले लोकगीतको परिभाषा एवं विषय वस्तुपनि विभिन्न अवस्था अनुसार फरक फरक हुन सक्दछ । त्यसैले यहाा गाउने गीतहरू भाषिक, साहित्यिक र मौलिक दृष्टिकोणबाट पनि विविधतामय छन् । यीनै गीतहरूको अध्ययन र विश्लेषणबाट तिनको महत्त्व र प्राप्तिबारे स्पष्ट पार्न सकिन्छ त्यसैले यहाा प्रचलित नेपाली भाषाका लोकगीतहरूलाई प्रस्तुति, विषयवस्तु, संरचना, लय र भाषाशैलीका आधारमा निम्न अनुसार विश्लेषण गरिएको छ ।

## ४.२ बाह्रमासे गीतको विश्लेषण

कुनै विशेष परिस्थितिविना नै बाह्रैकाल, बाह्रैमहिना जुनसुकै उमेरका मानिसले जुनसुकै समयमा गाउने गीतलाई बाह्रमासेगीत भनिन्छ । बाह्रै महिना जुनसुकै बेला गाउने लोकगीतलाई समान्यगीत पनि भनिन्छ । हिड्दा, डुल्दा, बस्दा, सुत्दा वा जे गर्दा पनि गाउन मिल्ने गीत नै बाह्रमासे अथवा सामान्य गीत हो यस्तो खालको गीत एक्लै गाउन पनि सकिन्छ र सामूहिक रूपमा पनि गाउन सकिन्छ । त्यसैले यस्ता गीत गाउनका निम्ति कुनै अवसर पर्खनु पर्दैन । सबै उमेरका मानिसहरूले गाउने यी गीतहरूबाट मनोरञ्जन लिनुका साथै आ^ना दुःख बिर्सन्छन् अनि मन र शरिरलाई हलुङो बनाउाछन् र आ^नो सिर्जना शक्तिलाई बडाउछन् ।

यस्तै बाह्रमासेगीतहरू बाह्रदशी गाउापालिकामा पनि प्रचलित छन् । यहााका सबै उमेरका मानिसले गाउने यी गीतहरूले यहााका खोलानाला, वनपाखा र तराईका फाााटहरूलाई नै गुञ्जायमान बनाएका छन् । यस गाउापालिकामा गाउने एकोहोरी, दोहोरी, बालन, बालगीत, सङ्गिनी जस्ता गीतहरू बाह्रमासे गीत अन्तर्गत पर्दछन् । यीनै बाह्रमासे गीतहरू सङ्कलन गरी यहाा तिनको अध्ययन र विवेचना गरिएको छ ।

## ४.२.१ एकोहोरी गीत

आ`ना मनमा लागेका कुरालाई सवाल जवाफ नगरीकन एक्लै गाउने गीतलाई एकोहोरी गीत भनिन्छ । एक्लै गाउने वा समूहका माझमा नबसीकन एकोहोरो किसिमले गाउने गीत नै एकोहोरी गीत हो । यो गीत जुनसुकै उमेरका मानिसले जुनसुकै समयमा पनि गाउन सक्छन् । यस्ता गीत मार्फत व्यक्तिका सुख, दुःख, मिलन, विछोड, पीर, व्यथा,विरह, वेदनाका भाव व्यक्त भएका हुन्छन् । बाह्रदशी गाउापालिकामा पनि यस्ता एकोहोरी गीत गाउने प्रचलन निकै व्यापक र लोकप्रिय रहेको छ । यहाा प्रचलित एकोहोरी गीतका प्रस्तुती, विषयवस्तु, संरचना, लय र भाषाशैलीका आ`नै प्रकारका विशेषता रहेकाछन् ।

### (क) प्रस्तुतिका आधारमा एकोहोरी गीत

बाह्रदशी गाउापालिकामा प्रचलित बाह्रमासे गीतहरू मध्ये एकोहोरी गीत पनि एक हो । यो गीत एक मात्र व्यक्तिले गाउने गरिन्छ । यस्तो गीत गाउादा एकव्यक्ति बाहेक अरूले स्वर दिन मिल्दैन । यहाा गाईने एकल गीत आत्मलापी वा आत्मकथानात्मक हुन्छन् । यहाा मादल, बाासुरी, हारमुनियम जस्ता वाध्यवादनका साथमा यी गीत गाउने गरिन्छ । यहाा केटाकेटी देखि बुडाबुडी सबै उमेरका मानिसले यस्ता गीतहरू गाउने गर्दछन् ।

### (ख) विषयवस्तुका आधारमा एकोहोरी गीत

बाह्रदशी गाउापालिकामा गाउने एकोहोरी गीतमा विविध विषयवस्तु समेटिएको छ । यहाा गाउने एकल गीतमा व्यक्तिले आफनो जीवन भोगाइको क्रममा अनुभव गरेका दुःख, कष्ट, आाशु-हाासो, खुसी-मिलनका कुरादेखि लिएर समाजमा प्रचलित परम्परागत मान्यता, रीतिरिवाज, चालचलन, संस्कार आदिको पनि चित्रण गरेको पाइन्छ । त्यस्तै समाजमा धनी गरिबका बिच हुने भेदभाव धनीले गरिव माथि गर्ने अन्याय, अत्याचार, शोषण, दमनजस्ता कुराको उद्घाटन मात्र नगरी त्यसको विरोध पनि यहाा गाउने एकल गीतमा गरिएको छ ।

बाह्रदशी गाउापालिकामा गाउने लोकगीतमा प्राय माया-प्रीति र ख्याल ठट्टाका प्रसङगदेखी जीवनमा भोग्नु परेका विभिन्न दुःख, कष्ट, विरह र वेदनाहरू प्रकट भएका छन् । यस्तैमाया प्रिति, ख्याल ठट्टाका भाव समेटिएको यहाा प्रचलित एकल गीतका केही पङ्क्ति यस प्रकार छन् ।

चल्ला भाग स्याल पस्यो गाउातिर

आाखा लाग्यो कोराली माउतिर
तोरी हरियो भेट भयो कसरी
छक्कै परियो............
हाउ लाखे हौ सोल्टिनी बसेरै भन्छु
काा राख्छौ ऐना काा राख्छौ बट्टी
जाा राखे पनि हौ गरौ न ठट्टा
आरे ल बकन्दे हाउ लाखे हौ
सोल्टिनी बसेरै भन्छु

यसै गाउापालिकामा गाउने गरिबीको विषयवस्तु समेटिएको एकल गीतका केही पङ्क्ति यसप्रकार छन् ।

हिमालैचुली त्यो पल्लो पट्टी
सानोमाया सेतो गाई सीताको,
कहिले र पनि नपग्दो रैछ
सानो माया दुःखीले चिताको .........

बाटो लै मुनी बाटो लै माथि
सानोमाया फूल फूल्यो लरी लै
नजातीबार जन्मेछु क्यार
सानोमाया दुःख पााए बरीलै

बाह्रदशी गाउापालिकामा गाउने एकल गीत मार्फत समाजका कुरीतिहरूको सिधै विरोध नगरी हास्यव्यङ्ग्यात्मक रूपमा विरोध गरिएको पाइन्छ । यस्ता गीतमा विवाह, वालविवाह, अन्धविश्वास, कुरीति र कुसस्कारमाथि व्यङ्ग्य गरिएको पाइन्छ । लोकगीतको उद्गमस्थल भनेको नै ग्रामिण समाज हो । यसमा लोकजीवनको सहभागीता हुने गर्दछ । त्यसैले यसमा उनीहरूले समाजमा पाएका दुःख, कष्ट, आाशु, हाासो जस्ता कुरा व्यक्त भएका हुन्छन् । यस गाउापालिकामा पनि मानिसहरूले जीवन भोगाइका क्रममा समाजमा आफूले भोगेका दुःख, कष्ट, आाशु, हाासो आदिको प्रकटीकरण भएको पाइन्छ ।

हाम्रो समाज पितृसतात्मक भएकाले यहाा नारीहरूको अवस्था दयनीय छ । नारीहरूलाई यहाा हेलाको भावले हेरिन्छ । उनीहरूलाई छोरासरह शिक्षा-दीक्षा पनि दिइदैन

। छोरीलाइ आमा-बाबुले अर्काको नासोका रूपमा राखेको ठान्छन् । समाजमा छोरा र छोरीका बीचमा गरिने यस्ता असमान व्यवहारको चित्रण बाह्रदशी गाउापालिकामा गाउने एकल गीतमा यसरी गाइएको पाइन्छ। त्यस्ता गीतका केही पङ्क्ति यहाा प्रस्तुत गरिएको छ ।

माथि है बाट शिकारी झर्‍यो हातैमा तीर बोकी
कतिञ्जेल बस्नु अर्काको घरमा मनमा पीर बोकि

.........................

पााच वर्ष बित्दै बिहे गरी दिन्छन् अठार वर्षेलाई
दश वर्ष बित्दै मैतालु दिए बालिका मलाई

.....................

छोरीको जन्म हारेको कर्म यो भेद नगरेस
ईश्वर तिम्रो सृष्टिका विच यो भेद नरचेस

यस गाउापालिकामा विभिन्न किसिमका परम्परागत जनविश्वासहरू पनि रहेका छन् । यहााका केही व्यक्ति बाहेक बहुसङ्ख्यक समाजले नै भावी लेखान्तजस्ता कुरामा विश्वास गरेको पाइन्छ । यहााका मानिसहरू आफूले दुःख पाएमा आ`नो कर्ममा नै यस्तो लेखेको रहेछ भनेर चित्त बुझाउने गदर्छन् । यस गाउापालिकामा एकल गीतमा प्रकृतिका विविध पक्षको चित्रण भएको पाइन्छ । प्रकृतिको मनोरम दृश्यले सजिएको यस स्थलमा गाउने यस्ता एकल गीतमा स्थानीय खोला, नदी, वन जङ्गल, बोटबिरूवा, पशुपक्षी, हिमाल, पहाड आदिको सुन्दर बर्णन गरिएको पाइन्छ। जस्तै :

अदुवा र हउ खोलो न
ज्यान बाडी र हउ आयो
बगायो हउ झिागटा
सुनकाटी हउ हजुर
राम राम छ हउ हजूर
बगायो हउ झिगंटा
प्यारीले हउ देको

एक खिली हउ चूरले

चलायो हउ रिङ्गटा

............................

माथि लै बड ज्यान चरी झर्‍यो बस्यो है बरैमा

रातैलाई पर्‍यो झयाउाकिरी है करायो जाउा अब घरैमा

## (ग) संरचनाका आधारमा एकोहोरी गीत

बाह्रदशी गाउापालिकामाएकोहोरी गीतहरू विभिन्न आकार र लयमा संरचित भएका पाइन्छन् । यहाा गाउने एकोहोरी गीतहरू न्युनतम १० अक्षरसम्मका पङ्क्तिहरूमा संरचित छन् । यी गीत प्रायजसो दुई पङ्क्तिका हुन्छन् । यिनमा पहिलो पङ्क्ति लय मिलाउन र दोस्रो पङ्क्ति भाव व्यक्त गर्न आएका हुन्छन् । यहाा गाउने केही एकल गीतहरूमा आठ पङ्क्तिको एक गुच्छा हुने गरेको पाइन्छ । यस्ता गीतमा स्थायी र अन्तरामा चााहि नदोहोरिकन गीतको क्रमसागै अगाडी बढ्दै जान्छ । यस्ता गीतमा प्रायः पङ्क्ति पुनः आवृति गरेर दुईपटक गाउने गरिन्छ । जस्तै :

टिपी देउ न -(बारैको करेला)२

झिम्क्याइ देउ न आाखैको परेला

बैनी नानी यो बेला

साह्रै राम्रो फूलको कोपिला

बाह्रदशी गाउापालिकामा प्रचलित एकल गीतको धेरै जसो पङ्क्तिहरू पटक-पटक आबृत भएका पाइन्छन् । जस्तै :

हिमालैचुली त्यो पल्लो पट्टि

लहरो तान्दा पहरो पहरो गर्ज्यो

भुइाचम्पा फूल्नलाई सानो माया

भुइाचम्पा फूल्नलाई

बाकसको लुगा झिकिदेउ आमा

सहरै डुल्नलाई

सहरै डुल्नलाई सानो माया

सहरै डुल्नलाई

यहााका एकल गीतको लय र बनोट विभिन्न प्रकारका देखिन्छन् । यी गीतका सबै पङ्क्तिमा बराबर वर्णहरू रहादैनन् । कुनै गीतको पहिलो पङ्क्तिमा बडि वर्णहरू रहन्छन् भने कुनै गीतको दोस्रो पङ्क्तिमा बडि वर्ण भएको पाइन्छ ।

## (घ) लय वा भाकाका आधारमा एकोहोरी गीत

बाह्रदशी गाउापालिकामा एकल गीतहरू विभिन्न लय र भाकामा गाउने भए तापनि यस क्षेत्रका लोकप्रिय भाकाचाहि झ्याउरे र चुड्के हुन्छन् । लय र भाका मिलाउने क्रममा यहााका कतिपय गीतमा अक्षर भााच्ने र तन्काउने पनि गरिन्छ । यी गीतमा लय मिलाउनका लागि कतिपय निरर्थक शब्दहरूको पनि प्रयोग भएको हुन्छ । यस गाउापालिकामा गाउने यस्ता गीतहरूमा रागात्मकता प्रदान गर्ने काम गरेको हुन्छ । यहाा गाउने एउटै गीतमा पनि बीचबीचमा ठाउाअनुसार भाका परिवर्तन हुने गरेको पनि पाइन्छ । त्यस्तै गरी यहाा गाउनेएकल गीतहरूमा बीचबीचमा पटक पटक स्थायी दोहोरीरहेको हुन्छ भने अन्तरा गीतको क्रमसागै अगाडी बड्दै गएको हुन्छ । यी गीतहरू गाउादा कतिपय ठाउामा स्थायी र अन्तरामा भाका परिवर्तन पनि हुन सक्छ ।

लैबरीमा नाच्थौं उहिले हाम्रो पालैमा
के के देख्नु पर्छ अहिले बुढेस कालैमा
अचम्मै नि हउ उहिले हाम्रो पालामा चौतारीमा

यस्ता गीतहरूमा स्थायी र अन्तरामा लय परिवर्तन हुन्छ भने यस्ता गीतको अन्तरा लामो भाकामा गाइन्छ र स्थायी चााहि छोटो भाकामा गाइन्छ ।

## (ङ) भाषाशैलीका आधारमा एकोहोरी गीत

बाह्रदशी गाउापालिकामा गाउने एकल गीतमा स्थानीय भाषिकाका शब्दहरूको प्रयोग प्रचुरमात्रामा भएको पाइन्छ । लोकजीवनले आˆना मनका भावना पोख्ने क्रममा मझेरी,कटेरो, बहर, घैला, झिंगटा जस्ता स्थानीय बोलचालमा चलेका शब्दहरूको प्रयोग गरेको पाइन्छ ।

पन्ध्र दिन औंशी, पन्ध्र दिन पुर्ने
महिनादिन बरै बरै माघैमा स्वस्थानी
ए बरी लै, माघैमा स्वस्थानी
पवित्र मनले हाासखेल गरौं
अब त बरै, जेसुकै होस ता नी ।

बाह्रदशी गाउापालिकामा गाउने गीतमा नि, पो, त, लै जस्ता निपात र हो, कठै, हउ आदि थेगाको प्रयोगले अभिव्यक्तिमा सौन्दर्य थप्ने काम गरेको हुन्छ । यहााका गीतहरू वर्णनात्मक र एकालापीय शैलीमा गाइन्छन् ।

## ४.१.२ दोहोरी गीतको विश्लेषण

दुई व्यक्ति वा समूहका बीचमा सवाल जवाफ गर्दै गाउने गीतलाई नै दोहोरी गीत भनिन्छ । दोहोरी गीत युवा, युवतीका बीच गाउाघर, मेलाजात्रा र विभिन्न पर्वमा गाउनेगरिन्छ । दोहोरी गीतलाई जुहारी गीत पनि भनिन्छ । यस्ता गीतहरू बाजा रहित र बाजा सहित दुबै किसिमले गाउन सकिन्छ । जुहारी गीतको भाव रागात्मक हुने भएकाले यस्तो गीत रसिलो हुन्छ । यस्ता गीत प्रश्नोत्तरात्मक हुन्छन् । खासगरी यस्ता गीतमा बैंशालु ठिटा-ठिटीहरू सवाल जवाफ गरी आ`ना जिज्ञासा मेटने गर्छन् । केटा-केटी बीच गीत गाउने सम्झौता भइसकेपछि केटा वा केटीपक्षबाट दोहोरी सुरू गरिन्छ । दोहोरी गीतमा लोकको सृजनशीलता हुन्छ । यसमा एउटै मात्र प्रश्न हादैनन् कयौं प्रश्नहरू हुन्छन् । प्रत्येक प्रश्नले उत्तरको अपेक्षा गरेको हुन्छ र प्रत्येक उत्तरले प्रश्नलाई जन्माएको हुन्छ ।दोहोरी गीतमा केटा र केटी बीचका प्रेमप्रसङ्ग निकालेर प्रश्नोत्तर गर्दा मानवीय मनोभाव र सामाजिक परिस्थितिहरूको सजीव चित्रण हुन्छ । यस्ता गीत गाउादा गायक गायीका अत्यन्त सजग र चनाखा रहन्छन् । बाह्रदशी गाउापालिकामा पनि यस्ता दोहोरी गीतको निकै प्रचलन रहेको छ ।

### (क) प्रस्तुतिका आधारमा दोहोरी गीत

यस गाउापालिकामा कुनै पनि विषयवस्तुलाई लिएर युवा युवतीबीच संबादात्मक शैलिमा दोहोरी गीत गाउने गरिन्छ ।यहाा दुई व्यक्ति वा समूहका बीच प्रतिस्पर्धाका रूपमा प्रश्न-उत्तर शैलीमा दोहोरी गीत परिचयबाट शुरू गरिन्छ भने अन्त्य चाहि जुन विषयलाई लिएर दोहोरी गाइएको छ त्यसले निकास पाएपछि अर्थात दोहोरी गाउने दुई पक्ष वा दुई व्यक्तिबीच हारजीतको टुङ्गो लागेपछि वा दुई पक्षबीचमा सहमति भएपछि मात्र गीतको अन्त्य हुन्छ । यस्ता गीत गाउादा बाह्रदशी गाउापालिकामा वाध्यवादनका रूपमा मादल र बासुरीको प्रयोग गरिन्छ ।

## (ख) विषयवस्तुका आधारमा दोहोरी गीत

बाह्रदशी गाउापालिकामा गाउने दोहोरी गीतमा माया, प्रीतीका कुराहरू साटिएका हुन्छन् । मायाप्रीतीका साथै आर्थिक, सामाजिक, साास्कृतिक विषयका र मान्छेका नैतिक तथा औपदेशिक चेतनाको अभिव्यक्ति पनि भएको पाइन्छ । जतिसुकै दुःख गर्नु परे तापनि एक आपसमा माया र सद्भाव बढाएर हाासी खुसी बााचौ भन्ने भाव पनि यहाा गाउने दोहोरी गीतमा पाइन्छ । हाम्रो समाज पुरुषप्रधान भएकाले यहाा नारीहरूसमाजमा छोरा छोरीमा गरिने भेदभाव एवं जुवा, तास, दुर्व्यसनजस्ता समाजका नकरात्मक पक्षको विरोध पनि यी गीतहरू मार्फत गरिएको हुन्छ । यस्तै मायाप्रितीका विषयवस्तु समेटिएको दोहोरी गीतको केही पङ्क्ति तल प्रस्तुत गरिएको छ ।

केटाः ए गाई हैन गोरु
मायालु भए, चाहिदैन अरू
केटीः गाईको नाम गाजु
घर कता पर्‍यो, परदेशी दाजु
केटाः माछी छ लेउमा
मायालु भए, आउ बस छेउमा
केटीः लहरे बरले
आउदिन छेउमा, माइतिको डरले

जति सुकै दुःख गर्नु परेतापनि एकआपसमा माया र सद्भाव बढाएर हाासीखुसी बााचौं भन्ने भाव पनि यहाा गाउने दोहोरी गीतमा प्रकट भएको पाइन्छ ।

केटाः तिमी हामी नछुटौं कहिल्यै
बसौं हामी हाासी खुसी जहिल्यै
केटीः दुःख-सुख जे होला हामीलाई
यो जीन्दगी सुम्पिएा तिमीलाई

यहााका मानिसहरू आफूले दुःख पाएमा हामीले पूर्वजन्ममा नराम्रा काम गरेका रहेछौं, हाम्रो भाग्यमा भावीले नै यस्तै लेखेको रहेछ भनेर चित्त बुझाउाछन् । त्यस्तै हामीले सुखकासाथ जीवन बिताउाछौ भनेर हुादैन, हाम्रो लेखान्तमा सुख गर्न लेखेको रहेनछ भने हामीले मात्र भनेर केही हुादैन भन्ने जस्ता परम्परागत जनविश्वास यहााको लोकमानसमा विद्ययमान रहेको पाइन्छ ।

केटा : गोठाला दाइले गोठ है सार्‍यो मटेरी पाखैमा

छमछम नाचिदेउ मेरी कान्छी सुरीलो भाकैमा.....२

केटी : नाचेर के भो गाएर के भो, हाासेर के भो र

हृदय मेरो चिरिन्छ ज्यादै बुझाउने को छ र ....२

केटा : मनका कुरा हृदय खोली, भनिदेउ म साग

दुखेको मन म बुझाइदिउाला, कसैलाइ नभनं...

## (ग) संरचनाका आधारमा दोहोरी गीत

बाह्रदशी गाउापालिकामा दोहोरी गीतहरू विभिन्न आकार प्रकार र लयमा संरचित भएका छन् । यी गीतहरू प्रायजसो दुई पङ्क्तिका र केही ३ पङ्क्तिदेखी ६ पङ्क्तिसम्मका हुन्छन् । यहाा गाउने दुई पङ्क्तिका दोहोरी गीतमा पहिलो पङ्क्ति लगायत सङ्गति मिलाउन र दोस्रो पङ्क्ति मूल भाव अभिव्यक्त गर्न प्रयोग भएका हुन्छन् । कतिपय पङ्क्तिहरू १० देखि १२ वर्णसम्मका पनि हुन्छन् । यहााका दुई पङ्क्तिको संरचनामा संरचित दोहोरी गीतको पहिलो पङ्क्ति २+२, ३+३ गरी १० वर्णमा संरचित भएको हुन्छ । यस प्रकारको लय संरचना भएको दोहोरी गीतको एउटा नमूना यस प्रकार  छ ।

मन मिले सबै थोक त्यागिन्छ

हाासी खुसी मायामा भुलिन्छ

## (घ) लय वा भाकाका आधारमा दोहोरी गीत

लय वा भाका भनेको लोकगीतको स्वरगठन हो । एउटै गीतलाई विभिन्न लय वा भाकामा गाउन सकिन्छ । लोकगीत गाउने शैली नै भाका हो । लयले नै लोकगीतलाई जीवन्तता प्रदान गर्दछ । बाह्रदशी गाउापालिकामा प्रचलित दोहोरी गीतहरू पनि विभिन्न लय र भाकामा गाउने गरिन्छ । यहाा गाउने दोहोरी गीतमा चलनचल्तीमा रहेको लोकप्रीय भाका चाहि झ्याउरे भाका हो । त्यस्तै यहााका दोहोरी गीतहरू छोटो भाकामा पनि गाइन्छन् । भाका मिलाउनकै लागि यी गीतका कतिपय वर्णहरू तन्काउने र भााच्ने पनि गरेको पाइन्छ ।

### (ङ) भाषाशैलीका आधारमा दोहोरी गीत

गीतको कुनै न कुनै भाषा हुन्छ । नेपाली भाषा र नेपालका भाषाहरूमा जस्तै संसार भरीका भाषामा गीतहरू छन् तर गीतको भाषा सामान्य बोलचालको भाषाभन्दा फरक हुन्छ । बाह्रदशी गाउापालिकामा गाउने दोहोरी गीतमा स्थानीय बोलचालमा चल्दै आएको सरल लोकभाषाको प्रयोग भएको पाइन्छ । यहाा प्रचलित दोहोरी गीतमा लोकजीवनले आ॑ना भावना पोख्ने क्रममा कटेरो, बुइनी जस्ता स्थानीय भाषिकाका शब्दहरूको प्रयोग गरेको पाइन्छ । यी गीतमा नि, त, लौ आदि निपातको प्रयोगले भाषिक अभिव्यक्तिमा आकर्षण थप्ने काम गरेका छन् ।

## ४.२.३ बालगीतको विश्लेषण

बालबालिकाहरूले खेलखेल्दै गाउने गीतलाई बालगीत भनिन्छ । बालगीत बालबालिकाहरूले गाउने वा बालबालिकाका लागि गायिने लोकगीत हो । बालगीत प्रायः बालबच्चालाई फुल्याउनेदेखि लिएर उनीहरूको रमाइलोका लागि बाबु-आमाले गाइदिने र बालबालिकाहरू आफैं गाउादै, नाच्दै, खेल्ने खालका हुन्छन् । वास्तवमा बालबालिकाद्वारा लोकलयमा गाउने सरल पाराका मनमोहक गीत नै बालगीत हुन् । बालकहरूको आ॑नो सानो संसार हुन्छ । उनीहरू त्यही आ॑नै सानो संसारभित्र खेल्ने र नाच्ने क्रममा उनीहरू विभिन्न किसिमका गीतहरू गाउने गर्दछन् । उनीहरूले गाउने यस्ता गीतमा उत्साह, उमङ्ग, कौतुहलता र मनोरञ्जन जस्ता धेरै कुराहरू जोडिएर आएका हुन्छन् । यी गीतहरूमा बालबालिकाको जीवन अभिव्यक्त भएको हुन्छ । बालगीतले बालबालीकाका कोमल मष्तिष्कमा सकारात्मक प्रभाव पार्दछन् । प्रौड मानिसले गाउने बालगीत बालकहरूलाई अर्ती, उपदेश र शिक्षा दिने उदेश्यले गायिएका हुन्छन् । बाह्रदशी गाउापालिकामा पनि यस्ता बालगीतको निकै प्रचलन छ । यहाा प्रचलित मुख्य-मुख्य बालगीतहरूको सङ्कलन गरी विभिन्न आधारमा तिनको क्रमशः विश्लेषण गरिएको छ ।

### (क) प्रस्तुतिका आधारमा बालगीत

बाह्रदशी गाउापालिकामा प्रचलित गीतहरूमध्ये बालगीत पनि महत्त्वपूर्ण गीत हो । बाह्रदशी गाउापालिकामा जुनसुकै समयमा पनि यी गीत गाउने गरिन्छ । प्रस्तुतिका दृष्टिले यहााका बालगीतहरूलाई हेर्दा गेयगीत, नृत्यगीत र खेलगीत प्रमुख रूपमा रहेका छन् । हुन त यहाा गाउने सबै बालगीत गेय नै हुन्छन् तापनि गेय भन्नाले खेल र नृत्यबिना नै गाउने

गीतलाई बुझिन्छ । यहाा गाउने बालगीतमा गीत गाउादै नृत्य पनि प्रस्तुत गरिन्छ । त्यस्तै यहााका बाल खेलगीतमा गीत गाउादै खेल खेलिन्छ । बाह्रदशी गाउापालिकामा बालगीत बालकहरू स्वयंले मनोरञ्जनका लागि गाउने गर्दछन् भने बालकहरूकालागि प्रौढ मानिसहरूले पनि त्यस्ता गीत गाउने गर्दछन् । यस्ता गीतहरू यहाा सामूहिक र वैयक्तिक दुवै किसिमले गाउने गरिन्छ । यस गाउापालिकाका बालबालिकाहरू एक ठाउामा जम्मा भएर नाच्दै र खेल्दै यसरी गीत गाउने गर्दछन् ।

इन्चु मिन्चु लन्डनमा

हाम्रो भाइ पल्टनमा

स्कूलको पाले दाइ

पहिलो घण्टि बजादेऊ

टि, नि, नि, नि झ्याप्प ।

उपर्युक्त गीत गाउादा जम्मा भएका सबै बालबालिकाहरू एक-आपसमा हात समाएर गोलो घेरामा उभिन्छन् । त्यो गोलो घेराको बीचमा एक जना बालक बस्छ र यो गीत गाउन थाल्दछ । घेरामा घुम्दै घुम्दै अरूले पनि गाउाछन् र अन्त्यमा बीचको बालकलाई टि, नि, नि, नि, नि झ्याप्प भन्दै छोप्छन् । यस गाउापालिकामा बालबालिकालाई फकाउादै पाका मानिसले यस प्रकारका गीत पनि गाउने गर्दछन् ।

बाङ्गा बाङ्गा खुट्टीले

सिन्की खाादौंला

लैजाउ बाबा तिम्रो भोटो

नाङ्गै नाचौंला

## (ख) विषयवस्तु र भावका आधारमा बालगीत

बाह्रदशी गाउापालिकामा प्रचलित बालगीतमा विविध विषयवस्तु समेटिएको पाइन्छ । यहाा गाउने यी गीतमा बालस्वभाव झल्किनुकासाथै सामाजिक जीवनशैली, रहनसहन, रीतिरिवाज, चालचलन, खानपान आदिको चर्चा गरिएको हुन्छ । यस्तै विषयवस्तु समेटिएको बालगीत यसप्रकार छ :

यो घर कसको आलेको

भित्र बाहिर टालेको

बिजुली बत्ति बालेको

**तेस्तै अर्को बालगीत .....**

बस बस मौरी

बुधबार जाउाली

फूलैफूलको कचौरामा

मह तिमी खाउाली

यस गाउापालिकामा गाउने बालगीतमा धर्म संस्कृतिको बयान पनि गरिएको हुन्छ । यहााको समाजमा विभिन्न प्रकारका धार्मिक तथा साास्कृतिक परम्परा प्रचलित छन् । त्यसैले समाजमा विद्यमान धर्म र संस्कृतिको छाप बालबालिकाको कोमल मष्तिस्कमा पर्नु स्वभाविकै हो । धर्म संस्कृतिको महत्त्वपूर्ण पक्ष चाड पर्व पनि हुन् । यहाा गाउने बालगीतले चाडपर्वका कुराहरूलाई पनि समेटेको पाइन्छ त्यसैले बालबालिकाका लागि चाड-पर्वको महत्त्व ठूलो रहन्छ । चाडपर्वमा सबै बालबालिकालाई मीठो खाने र राम्रो लुगा लगाउने धोको हुन्छ । कतिपय बालबालिकाको आर्थिक लगायत अन्य कारणले गर्दा यस्ता चाहना पूरा गरौं भन्ने भाव जाग्दछ भने कतिपय बालबालिकालाई नराम्रो काम कहिल्यै गर्नु हुादैन भन्ने सोच्दछन् । बाह्रदशी गाउापालिकामा प्रचलित यस्तै भाव समेटिएको बालगीतको नमूना यसप्रकार छ ।

दशैं आयो

खाउाला पिउाला

कहाा पाउाला

चोरी ल्याउाला

धत्त पापी म त छुट्टै बसुाला

यो बालगीत बाह्रदशी गाउापालिका बाहेक अन्य ठाउामा पनि प्रचलित भएको पाइन्छ । बाह्रदशी गाउापालिकामा बालबालिकाले गाउने यस गीतले चाडपर्वको वर्णन गर्नुका साथै खराब मानिसहरूबाट टाढै रहनुपर्छ भन्ने नैतिक शिक्षा पनि दिएको पाइन्छ । बालगीतका विषयवस्तु ज्यादै सरल र सहज हुन्छन् । बालगीतमा विशेष गरी बालबालिकालाई भुलाउने जस्तै चिा मुसी चिा, घुघुत्ति बासुत्ति, कुखुरी काा जस्ता आवाजलाई चिनाउने चर्चा गरिएको पाइन्छ । धान खाने मुसाको कान उखेलेर सजाय दिने प्रसङ्गबाट बालबालिकालाई गल्ति गर्नु राम्रो काम होइन् भन्ने धारणा सिकाइन्छ । यसरी मुसा, बिरालो र कुखुराको भाले आदिको चर्चा गरिएको हुनाले यस्ता गीतबाट

बालबालिकाको सुनाई, बोलाई र बुझ्ने क्षमताको समेत विकास हुन्छ । समग्रमाभन्दा यस्ता गीतहरूमा बाल मनोविज्ञानसाग सम्बन्धित विषयवस्तु समाविष्ठ गरिएको हुन्छ । यसरी बालगीतमा मनोवैज्ञानिक, प्राकृतिक र वातावरणीय विषय लगायत बिरूवा जनावर आदिको वर्णन गरिएको हुन्छ । यहााको गाउापालिकामा गाउने यस्तै विषयवस्तु समेटिएको एउटा बालगीतको नमूना यसप्रकार छ ।

हराबरा तोरी
सानिमाकी छोरी
पुतली जस्ती
बाटुली मोरी

प्रस्तुत गीत बाह्रदशी गाउापालिकाका सानासाना बालबालिकाहरूले विद्यालयको प्राङगणमा खेल खेल्दा वा घरमा साथीसंगीहरू बीच शनिबारको दिन वा विद्यालय छुट्टी भएको दिन मिलेर रमाईलो गर्दा गायिने गीत हो । वास्तवमा हामी पनि यसरी नै उल्लेखित गीत गाउादै खेल्दै हुर्किएको हिजो जस्तो लाग्गदछ ।

## (ग) संरचनाका आधारमा बालगीत

बाह्रदशी गाउापालिकामा प्रचलित बालगीतको संरचना पक्षलाई हेर्दा यी गीत बालबालिकाका कोमल मस्तिष्कले समात्न सक्ने खालको संक्षिप्त आयममा संरचित भएको पाइन्छ । यहाा प्रचलित बालगीत ४ देखि ९ वटा वर्णसम्मका पङ्क्तिहरूमा संरचित छन् । यस्ता गीतहरू न्युनतम् २ पङ्क्तिदेखि लिएर अधिकतम २२ पङक्तिसम्म बिस्तारित भएको पाइन्छ । यति संक्षिप्त संरचनालाई अंगालिएका भए तापनि यस्ता बालगीतहरूले बालभावनालाई स्वभाविक किसिमले अभिव्यक्त गरेका हुन्छन् । त्यसैले यी गीतहरू बालबालिकाका हृदयमा ठाउा ओगट्न सक्षम भएका छन् ।

## (घ) लय वा भाकाका आधारमा बालगीत

बालबालिका समाजका सबै कुरासाग परिपक्व भइसकेका हुादैनन् । त्यसैले उनीहरूसाग जटिल र कठिन विषयको ग्रहण गर्ने क्षमता कमजोर हुने भएकाले बालगीतका लय र भाका पनि सबैले बुझ्न सक्ने सामान्य किसिमका हुन्छन् । बालबालिकाको स्मरणमा रहन सक्ने र आ ैना अभिनयमा समेट्न सक्ने स-साना र सरल लयको बनोट बालगीतमा पाइन्छ । जस्तै :

म्याउा म्याउा बिरालो
यतातिर आउा
मेरो नाना काटी खाने
मुसा मारी खाउा

बाह्रदशी गाउापालिकाका ससाना बच्चाहरूलाई विद्यालयमा पढाउादा वा खेलाउादा गायिने गीत हो । बच्चाहरूलाई बिरालो मनपर्ने जनावार भएको हुादा बिरालोलाई मुसा मारी खाउा भन्दै खेल्ने खेलाउने गरिन्छ ।

धानकुटी चामल
चामल कुटी पिठो
नानीले बोलेको
चिनीभन्दा मीठो

### (ङ) भाषाशैलीका आधारमा बालगीत

बाल भनेको सानो वा कम उमेरको बच्चा हो । त्यसैले बालगीतमा बालबालीकाले सजिलै बुझ्न सक्ने सरल शब्दहरूको प्रयोग हुन्छ । बच्चाका लागि रचना गरिएका बच्चाकै लागि गाउने गीतहरू बालगीत अन्तर्गत पर्दछन् । अनुप्रासहरूको उचित संयोजन बालबोली र अनुकरणात्मक शब्दहरूको प्रयोगले बालगीतलाई लोकप्रियता प्रदान गरेको पाइन्छ । बालकहरूले बोल्ने मामा, बाबा, पापा, चाचा, बुबु, नाना जस्ता शब्दहरूको प्रयोगले पनि बालगीतहरूलाई आकर्षक बनाएको हुन्छ । सरल भाषामा गाउने यी गीतमा मिसिएका हाासो, चञ्चलता, हाउभाउ आदिले प्रौडहरूलाई समेत आकर्षित गर्दछन् । बालबालिकालाई आनन्द र मनोरञ्जन दिने उद्देश्य रहने बाललोकगीत सरल हुनाका साथै सुकोमल र उपदेशात्मक पनि हुन्छन् । बाह्रदशी गाउापालिकामा गाउाने बालगीतमा पनि यी सबै विशेषता पाइन्छन् ।

## ४.१.४ सङ्गिनी गीतको विश्लेषण

सङ्गिनी गीत महिलाहरूले गाउने आˆनै गीत हो । साथी सङ्गी भेला भएर गाउने भएकाले यसलाई सङ्गिनी भनिएको हो । महिलाहरूको प्रियगीत सङ्गिनी नेपालका विभिन्न भागमा फाटफुट रूपमा गाइए तापनि यसको मूल थलो चाहि नेपालको पूर्वी पहाडी भेग नै हो । महिलाको संरक्षणमा हुर्केको सङ्गिनीका रचयीता पनि महिलाहरू नै हुन् । बाह्रदशी

गाउापालिकामा पनि सङ्गिनी गीत निकै लोकप्रिय रहेको छ । यहाा सङ्गिनी गीत बाह्रैमास गाउने गीत हो । घरमा जाातो पिाध्दा, ढिकी कुट्दा र विषेश गरी तीज, सप्ताह, वरपीपलको विवाह, स्वस्थानीको साङ्गे जस्ता चाडबाडका अवसरमा गाउने प्रचलन रहेको छ । सङ्गिनी गीत सामूहिक रूपमा गाइन्छ । गाउाभरमा उमेर पुगेका महिलाहरूले लामो स्वर तानेर मीठो भाका झिक्तै अभिनयकासाथ यो गीत गाउने गर्दछन् । सङ्गिनीगीतको प्रत्येक चरण प्रायः दोहोऱ्याउने गरिन्छ । यो गीतमा वाध्यवादनको आवश्यकता पर्दैन ।

सङ्गिनी गीत छोटा वा लामा दुवै आकार प्रकारका हुन्छन् । छोटा खालका सङ्गिनीका टुक्रा एक दुई चरणमै टुङ्गिने खालका हुन्छन भने लामा खालका सङ्गिनीले लोक काव्यको रूप लिएका हुन्छन् तिनमा गाथात्मक स्वरूप र कथात्मक बिस्तार समेत रहन्छ । गायनमा सरलता, भावमा मिठास र विषयवस्तुमा विविधता र करूण रसको सिर्जना सङ्गिनीका मौलिक गुणहरू हुन् ।

## (क) प्रस्तुतिका आधारमा सङ्गिनी गीत

बाह्रदशी गाउापालिकामा सङ्गिनी गीत महिलाहरूले नृत्यसहित गाउने गर्छन् । यहाा सङ्गिनी गाउने नभनेर सङ्गिनी खेल्ने भनिन्छ । सङ्गिनी खेल्दा महिलाहरू एकै ठाउामा भेला हुन्छन् र गोलो घेरामा मिलेर उभिन्छन् । यसरी सङ्गिनी खेल्न उभिएका महिलाहरू मध्ये एकजना महिलाले गीतको उठान वा थालनी गर्छिन र त्यसैमा अरूले भाका मिलाएर गीतलाई अगाडी बडाउाछन् । यसरी घेरामा उभिएर घुम्दै सङ्गिनी गाउादा हातको हाउभाउका साथै गोडाको चाल पनि मिलाइन्छ र बीचबीचमा ताली पनि बजाइन्छ । यसरी प्रस्तुत गरिने सङ्गिनी मार्फत महिलाहरूको कारूणिक कथा, व्यथाहरू लयात्मक रूपमा अभिव्यक्त भएका हुन्छन् ।

## (ख) विषयवस्तुका आधारमा सङ्गिनी गीत

बाह्रदशी गाउापालिकामा विभिन्न विषय र भावका सङ्गिनी गीत प्रचलित छन् । सङ्गिनी गीत महिलाले मात्र गाउने भएकाले गीतको नाममा पनि महिलाहरूकै शब्द पाइन्छ । यस शब्दको अर्थ महिलाको साथी वा सखीहरूको समूहलाई बुझाउाछ । सङ्गिनी महिलाहरूले गाउने गीत हुनाले खासगरी नारी जीवनका विविध पक्षसाग सम्बन्धित सङ्गिनी गीत नै यहाा प्रचलित छन् । यहाा गाउने सङ्गिनी गीतमा महिलाहरूका दुःख, पिडा र पीरव्यथा अभिव्यक्त भएको हुन्छ । जस्तैः

घुरूमा घुरू नि परेवी घुऱ्यो
तोरीको पाजैमा (फिंजाएर सुकाएको) नि बाबा
तोरीको पाजैमा
बाबाले मलाई नि कन्यदान दिए मिरमिरे सााझैमा

सङ्गिनी गीतको मूख्य उद्देश्य महिलाहरूको कारूण कथा व्यक्त गर्नु र मनोरञ्जन गर्नु भएतापनि यहााका सङ्गिनी गीतको अध्ययन गर्दा यी गीतले समाजसुधारका लागि नैतिक उपदेश दिने काम समेत गरेको पाइन्छ । यी गीतमा मानसिक र सामाजिक यथार्थ सजीव रूपमा अभिव्यक्त भएको पाइन्छ । सङ्गिनी गीतमा धर्म-सास्कृतिको बयान पनि गाएिको पाइन्छ । हाम्रो समाज धर्ममा आस्था राख्दछ । यहााका महिलाहरू त झन धर्मकर्म र भावी लेखान्त भोग्नुपर्छ भन्ने मान्यता राख्दछन् । यस्तै भाव बोकेको बाह्रदशी गाउापालिकामा गाउने सङ्गिनी गीतको एउटा नमूना यस प्रकार छ-

सुरिलो रूख नि खिरिलो हाागा
चरीले टेकेको है बाबा
चरीले टेकेको

सङ्गिनी गीतमा चेलीहरूले आˆना मनका भावनाहरूलाई प्रकृतिसाग तुलना गरेर अभिव्यक्त गर्ने गरेका हुन्छन । त्यसैको एउटा प्रस्तुती उल्लेखित पङ्तिमा पनि अभिव्यक्त भएको छ ।

बाबाले हैन नि आमाले हैन
भावीले लेखेको

बाह्रदशी गाउापालिकामा प्रचलित सङ्गिनी गीतमा स्थानीय लोकधारणा, सामाजिक परिवेश, धार्मिक विश्वास र लोकसाास्कृतिका विविध पक्षको यथार्थको चित्रण पाइन्छ । स्थानीय लोकजीवनले मान्दै आएका रूढिहरू जस्तैः कतै जाादा बाटामा जोर घैला (गाग्रा) पानी राखेको भेटिएमा साइत पर्छ र ती जोर घैलाको पानी अचायो भने त चिताएको काम पूरा हुन्छ भन्ने जस्ता गीत यहााका सङ्गिनी गीतमा पाइन्छ । यहााको समाजमा परम्परादेखि प्रचलित सासूको गोडामा बुहारीले चिल्लो लगाउनु पर्ने कुराको चित्रण गरिएको नमुना यसप्रकार छ ।

तिलैको तेल नि चाादिको माली
चिल्लो र लाउनु नि बसेकी रानी

गोडैमा विलाउाछिन् ।

सङ्गिनी गीतमा छोरीचेलीहरूले सामाजिक कुरीति, अन्धविश्वास र पारिवारिक वेतिथिकहरूलाई गीतको माध्यमबाट अभिव्यक्त गर्ने गरिएको पाइन्छ । यसैको एउटा रूप यस गीत मार्फत अभिव्यक्त भएको छ ।

## (ग) संरचनाका आधारमा सङ्गिनी गीत

बाह्रदशी गाउापालिकामा प्रचलित सङ्गिनी गीतको संरचना पक्षलाई हेर्दा यी गीतहरू विभिन्न आकार-प्रकार र लयमा संरचित भएको पाइन्छ । यहाा विशेष गरी लामा र छोटा दुबै आकारका सङ्गिनी गीत गाउने प्रचलन छ । यहाा गाउने गीतमा सम्बोधनका रूपमा आउने शब्द बाबा, आमा, नानी, बालै, दिदी जस्ता शब्दहरू बारम्बार दोहोरीहेको पाइन्छ । यस्ता शब्दहरू थेगोको रूपमा पनि प्रयोग भएको पाइन्छ । जस्तै -

बाबा र ज्यूको नि त्यो टारी खेत<br>
ढुकुरै लुक्ने बिउ है बाबा<br>
ढुकुरै लुक्ने बिउ

नेपाली समाज पुरुष प्रधान रहेको र पैतृक सम्पत्तिमा छोरीको हक नलाग्ने हुादा सोलाई बिम्बको रूपमा अभिव्यक्त गरिएको पाइन्छ ।

बारूले कम्मर नि डोलने चुल्ठो<br>
खातिरै लाग्दो जीउ है बाबा<br>
खतिरै लाग्दो जिउ ।

## (घ) लय वा भाकाका आधारमा सङ्गिनी

बाह्रदशी गाउापालिकामा विभिन्न लय र भाकामा सङ्गिनी गीत गाउने गरिन्छ । यहाा विशेष गरी लामो र छोटो दुई भाकामा गाउने सङ्गिनी गीत गाउने प्रचलन छ । यहाा प्रचलित लामो भाकामा गाउने सङ्गिनी गीतको नमूना यसप्रकार रहेकोछ

कोशीको किनारमा के फूलै फूल्यो<br>
कोशीको किनारमा के फूलै फूल्यो<br>
फूलै फूल्यो सयपत्री<br>
किनारै उज्यालो<br>
एक थुागा टिपी नि देऊतैलाई चढाउा

एक थुागा टिपी नि देउतैलाई चढाउा

दुई थुागा टिपी नि, शिरैमा लाउादा

शिरमाथै उज्यालो ।

त्यस्तै यहाा प्रचलित छोटो भाकामा गाउने सङ्गिनी गीतहरू पनि छन् । जसको नमूना यसप्रकार छ :

बारबिसे भरिया चौतारिमा ठडिया

देउ न मा देउ न बाहुनी नानी

चौतारीको बास ।

सङ्गिनी गीतमा प्रयोग भएका शब्दहरू नै लयात्मक र साङ्गीतिक हुन्छन् । लयले नै सङ्गिनी गीतलाई जीवन्तता प्रदान गरेको पाइन्छ भने लयले नै सङ्गिनी गीतलाई सङ्गीतको मोहनी प्रदान गरेको देखिन्छ ।

### (ङ) भाषाशैलीका आधारमा सङ्गिनी गीत

बाह्रदशी गाउापालिकामा सङ्गिनी गीतमा प्रचुर मात्रामा स्थानीय भाषिकाका शब्दहरूको प्रयोग भएको पाइन्छ । यहााका सङ्गिनी गीतमा नि, पो, त, जस्ता निपात र है, कठै, बालै, बाबा जस्ता थेगोले भाषिक अभिव्यक्तिमा सरलता र सौन्दर्यको अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् ।

आमाले देको नि कटनको चोलो

मायैले फटाइन है बाबा

मायैले फटाइन

दाजु र भाइ नि घरैमा अटछन्

मै चेली अटाईन है बाबा

मै चेली अटाईन

## ४.२.५ भजनको विश्लेषण

धार्मिक पूजाका अवसरमा गाउने गीतलाई भजन भनिन्छ । भजनमा पूजा गरिएका देवदेवीहरूको गुण, शक्ति र सामर्थ्यको बयान गरिएको हुन्छ । बाह्रदशी गाउापालिकामा क्षेत्री-बाहुन समूदायमा भजनगीतको बढी प्रचलन छ । त्यसैले यसलाई बाहुन गीत पनि भन्ने गरेको पाइन्छ । धर्ममा लिन भएका र त्यसप्रति आस्था राख्ने जोसुकैले आफ्नो जन्म

सार्थक होस्, पुर्नजन्म लिन नपरोस भन्ने कामनाका साथै आत्मशान्तिका लागि भजन गाउने गर्दछन् । भजन पूजा आराधनाका समयमा नै गाइन्छ । भजन कुनै पनि समयमा एक्लै गाउन सकिन्छ तापनि भजनहरू प्रायः सामूहिक रूपमा नै गाउने प्रचलन छ । पुरुषले गाउने भजनमा महिलाहरूको पनि उपस्थिति भएको पाइन्छ । भजन एकादशी, शिवरात्री, सप्ताह, माघेसंङ्क्रान्ति जस्ता धार्मिक पर्वहरूमा मठ मन्दिरमा घर गाउालेहरू एकत्रित भई भजन गाउने प्रचलन पनि रहेको छ । यहााको समाजमा भजन गाउादा जीवनमा मानसिक शान्ति प्राप्ति, मृत्युपछि मोक्ष प्राप्ति र सुचरित्रको निर्माण गर्न सकिन्छ भन्ने जनविश्वास रहेको छ ।

### (क) प्रस्तुतिका आधारमा भजन

बाह्रदशी गाउापालिकामा भजन शुभ कार्यका अवसरमा महिला तथा पुरुष सबै मिलेर सामूहिक रूपमा गाउने गर्दछन् । यस गाउापालिकामा बाजा बजाउदै भजन गाउने प्रचलन पनि रहेकोछ । भजन गाउादा मादल, मुजुरा, खैंजडी र थप्पडी बजाउादै भजन गाउने गरेको पाइन्छ । हिजो आज आधुनिक बाजाहरूको प्रयोग गरेर पनि भजनहरू गाउने गरिएको छ । यहाा गाउने भजनमा विभिन्न देवीदेवताहरूको महिमा गाइएको हुन्छ । भजन गाउने टोलीलाई भजनटोली भनिन्छ । भजन गाउादा नाच्नै पर्छ भन्ने अनिवार्यता छैन तर भजन गाउादा नृत्य प्रस्तुत गरेमा धर्म हुन्छ भन्ने जनविश्वास यहााको समाजमा प्रचलित रहेको छ ।

### (ख) विषयवस्तुका आधारमा भजन

बाह्रदशी गाउापालिकामा प्रचलित भजनमा मुख्य-मुख्य रूपमा देवीदेवताको वर्णन गरिएको पाइन्छ । धर्मकर्म गरी मोक्ष प्राप्त गर्न यहााका मानिसले घरमा जलधारा, यज्ञ, पूजा, लाखबत्ती लगाउने गर्दछन् । यस्ता अवसरहरूमा भजन, कीर्तनका गीतहरू गाउने भएकाले धार्मिकगीतका मुख्य विषयवस्तु विभिन्न देवीदेवताका साथै मुख्य रूपमा गणेश, शिव, पार्वती, महेश्वर, विश्णु, कृष्ण, राम, सीता, श्याम आदिलाई पुकार्ने गर्दछन् ।

बाह्रदशी गाउापालिकामा विभिन्न प्रकारका धार्मिक तथा साास्कृतिक भावना भएका मानिसहरूको बसोबास रहेको छ । यहााको समाजमा आ^ना हरेक क्रियाकलापहरूलाई धार्मिक दृष्टिकोणबाट हेर्ने चलन पनि रहेकोछ । हरेक प्रकारका दुःख-कष्ट आपत-विपत वा

सुख-सुविधाका पछाडी कुनै न कुनै दैवी शक्तिलाई आधार मान्ने जनविश्वास यहाा पाइन्छ । यस्तै विषयवस्तुको वर्णन गरिएको भजनको एउटा नमूना यसप्रकार छ-

श्याम, कसरी म तिम्रो गुण गाउा ?

हृदयमा ज्ञानको ज्योती जगाउा

श्याम अर्थात् कृष्णको गुणलाई ज्ञानको ज्योती मार्फत जगाउने भाव अभिव्यक्त गर्न खोजिएको पाइन्छ ।

दया गर् राधेश्याम दर्शन पाउा<br>
कसरी म तिम्रो गुण गाउा ?<br>
श्याम कसरी म तिम्रो गुण गाउा ?

बाह्रदशी गाउापालिकामा प्रचलित भजनहरूले धर्म र संस्कृतिको संरक्षण गर्ने काम गरेका छन् भने यहााको समाजमा गरिने पूजा-आजा, भगवानप्रतिको आस्था, श्रद्धाजस्ता साास्कृतिक पक्षको संरक्षणमा यहाा प्रचलित भजनले महत्त्वपूर्ण भूमिका खेल्दै आएका छन् ।

### (ग) संरचनाका आधारमा भजन

बाह्रदशी गाउापालिकामा प्रचलित भजनहरू विभिन्न आकार र लयमा संरचित छन् । यहाा गाउने भजनहरूमा अन्य लोकगीतहरूमा जस्तै अन्तरा र स्थायी भाग रहेका हुन्छन् । अन्तराले भजनको मूल भावलाई अगाडी बढाउाछ भने स्थायी चाहि पटक-पटक दोहोरिन्छ । जस्तै :

गोकुल खोज्यौं, मथुरा खोज्यौं, खोज्यौं वृन्दावन<br>
सारा संसार खोजी सक्यौं कृष्ण कहााछन्<br>
राधे राधे कृष्ण कृष्ण जपौं मनैमा<br>
छैनन् कष्ण जानुभयो वृन्दावनैमा

...........

यमुनाको नीलो जल कृष्ण नुहाउने<br>
हातमा वंशी शिरमा मुकुट कति सुहाउने<br>
राधे राधे कृष्ण कृष्ण जपौं मनैमा<br>
छैनन् कृष्ण जानुभयो बृन्दा वनैमा

यहाा गाउने भजनहरू प्रायः १३ अक्षरदेखि १७ अक्षरसम्मका एक पङ्क्ति र त्यस्ता दुई पङ्क्तिमा संरचित छन् ।यहााका सबैजसो भजनमा प्रत्येक तल्लो पङ्ति र माथिल्लो पङ्तिमा बराबर अक्षर सङख्या नहुन पनि सक्छन् ।

### (घ) लय वा भाकाका आधारमा भजन

कुनै पनि गीत सङ्गीतमय हुनलाई लय र भाकाको जरूरत पर्दछ । त्यस्तै गरी भजनमा पनि लय गायक पिच्छे फरक फरक हुन पनि जान्छ तर यहाा सबैभन्दा प्रचलित भाका चाहि चुड्के र लामो भाका हुन् । यस गाउापालिकामा गाउने चुड्के भाकाको भजनको नमूना यसप्रकार छ-

आज किन एक्लै छिन राधा
कृष्ण काले कता गए खोइ आज

भजनमा भाका र लय मिलाउने ऋममा कतिपय ठाउामा हो..... हो...है.. है जस्ता थेगोको प्रयोग गरिएको पनि पाइन्छ ।

### (ङ) भाषाशैलीका आधारमा भजन

बाह्रदशी गाउापालिकामा गाउने भजनको भाषा मार्मिक, हृदयस्पर्शी र भक्तिपरक रहेको पाइन्छ । यहाा गाउने भजनहरू वर्णनात्मक शैलीमा प्रस्तुत गरिएका हुन्छन । भजन गाउादा गायकले विशेष गरी हारमोनीयम आफैंले वा अरू वाध्यवादकले बजाएर गाउादा वातावरण नै सङ्गीतमय  हुन्छ । डम्फु, मुरली, खैंजडी आदि लोकवाजा र तवला पनि बजाइन्छन् ।

## ४.२.६ बालनको विश्लेषण

बालन सामूहिक नृत्य गीत हो । बालन विशेष धार्मिक पर्व आदिमा एक जनाले भट्टयाउने र अरूले सामूहिक रूपमा स्वर मिलाउने गरी गाउने राम, कृष्ण, महादेव आदि देवताको चरित्र गाथा हो । बालनलाई रामखण्ड र महाभारतको कृष्णखण्डसाग गाासेर त्यसैका कथावस्तुका आधारमा गाउने गरिन्छ । बालन लोक आख्यानात्मक नाटक पनि हो । बालनमा गीतका साथसाथै नृत्य र अभिनय समेत हुन्छ । बालन नेपालका विभिन्न भागमा गाइन्छ । नेपालको पूर्वी पहाडी भेगमा यसको प्रचलन अझ व्यापक र लोकप्रिय रहेको देखिन्छ । बाह्रदशी गाउापालिकामा बालन गाउादा नृत्य र अभिनयसमेत गरिने हुनाले यहाा बालन गाउने नभनेर बालन खेल्ने भन्ने गरेको पाइन्छ । यहाा विशेष गरेर बाहुन-क्षेत्री

जातिका पुरुषहरूले बालन खेल्ने गर्दछन् । यो पौराणिक विषयवस्तुमा आधारित हुन्छ । यहााको बालनको खास सम्बन्ध हार्दिकतापूर्ण भक्तिभावसाग जोडिएको हुन्छ । यसमा दशावतार सीताचरित्र, रामायण, महाभारत, कृष्णचरित्र जस्ता पौराणिक विषयका विभिन्न पात्रहरूको चारित्रिक गाथा गाइन्छ । उनीहरूको चरित्रको अभिनय गरिन्छ ।

बाह्रदशी गाउापालिकामा विशेष गरी ठूली एकादशी, बालाचर्तुदशी, सप्ताह र सत्यनारायणको पूजा आदि धार्मिक उत्सवका अवसरमा बालन खेल्ने प्रचलन रहेको छ । यस गाउापालिकामा खेलिने बालन बारे निम्नानुसार विश्लेषण गर्न सकिन्छ ।

## (क) प्रस्तुतिका आधारमा बालन

बाह्रदशी गाउापालिकामा बालन लोकप्रिय रहेको छ । यहााका क्षेत्री-बाहुन जातिका पुरुषहरूले खैंजडी, मुजुरा र झयाली बजाउदै बालन खेल्ने गर्दछन् । यहाा बालन खेल्ने टोली बनाएको हुन्छ । त्यही टोलीभित्र पनि दुई दुई जनाको एक एक झोली हुन्छ । यहाा बालनको मुख्य व्यक्तिलाई खलिपा र अन्य बालन खेल्ने पुरुषहरूलाई बालने भन्ने गरिन्छ । यहाा बालन खेल्दा बालनेहरूले दौरा, सुरवाल र कम्मरमा पटुका र शिरमा फेटा बााधेका हुन्छन् ।

बाह्रदशी गाउापालिकामा बालन खेल्दा एकचोटीमा तीनदेखी पााच झोलीसम्मले बालन खेल्ने प्रचलन रहेको छ । बालनको प्रारम्भमा बालनेहरूले यज्ञ गरेको ठाउा वरिपरि बसेर आरती गाउाछन् । आरती गाईसकेपछि उनीहरू उठेर आˆनो-आˆनो झोली मिलाएर लाइनमा लाग्छन् र गीत गाउादै बालन खेल्छन् । बालन खेल्दा खुट्टा चाल र हातको हाउभाउ मिलाइन्छ । सुरूमा दाइने खुट्टा अगाडि बढाउने गरिन्छ । एक पङ्ति बालन गाउादै बीच-बीचमा आ-आˆनै झोलीबीच पिठ्यू जोडाइन्छ । बालन खेल्ने क्रममै एक झोली एकपट्टि र अर्को झोली अर्कापट्टी बस्छन् र एक झोलीले अर्को झोलीलाई उठाउने अभिनय गर्छन् । यहाा बालनका बीच-बीचमा भजन पनि गाउने प्रचलन रहेको छ ।

## (ख) विषयवस्तुका आधारमा बालन

बाह्रदशी गाउापालिकामा गाउने बालनमा विशेषतः पौराणिक विषयवस्तुको समावेश भएकोव पाइन्छ । त्यसमा पनि विशेष गरेर रामायण, महाभारत, कृष्णचरित्र, दशावतार, सीताचरित्र जस्ता पौराणिक विषयवस्तुका आधारमा तिनका पात्रहरू जस्तैः राम, लक्ष्मण, कृष्ण, कंश, रावण आदि चरित्रहरूको गाथा रसिलो बनाएर प्रभावपूर्ण तरिकाले गाइन्छ र

जीवनकाबालन खेल्दा तिनै पात्रहरूको अभिनय गरिन्छ । यहाा प्रचलित राम जन्मेपछिको हर्कबडाईलाइ विषयवस्तु बनाइएको केही पङ्क्तिहरू यसप्रकार छ ।

दशरथलाई पुत्र जन्मे हर्कबढाईं
अपुत्रलाई पुत्र जन्मे हर्कबढाईं
दशरथ राजालाई सन्तान प्राप्त नभएर दुखि भएको प्रसंगलाई यस गीत मार्फत अभिव्यक्त गर्ने गरिएको पाइन्छ ।
है अयोध्यामा भई र गयो हर्कबढाईं
हर्कबढाईं हरि हर्कबढाईं
अपुत्रलाई पुत्र जन्मे हर्कबढाईं

बाह्रदशी गाउापालिकामा विशेषत रामकै चरित्र गाथामा आधारित बालन गाउने गरिन्छ । रामका जीवनका विविध घटनालाई यहाा बालनका विषयवस्तु बनाईएको पाइन्छ । सबै बालनेहरू एकैचोटी यो बालन गाउादै नाच्छन् । यस गाउापालिकामा विभिन्न किसिमका परम्परागत जनविश्वासहरू विद्यमान रहेको पाइन्छ । यहााको समाजमा आˆना मान्यजनलाई गोडा लागेमा वा कुल्चिएमा पाप लाग्छ भन्ने मान्यता रहेको छ । यदि मान्यजाहरूलाई गोडा लागिहालेमा ‟विष्णु-विष्णु’ भन्यो भने पाप लाग्दैन भन्ने जनविश्वास रहेको छ । यस्तै कुराको चित्रण बाह्रदशी गाउापालिकामा गाउने बालनमा पनि भएको पाइन्छ ।

हे रामनारायण विष्णु भगवान
ईश्वर हुन तिनै लोकका दाता
यसै गृह आागनमा खेल्न आयौं
विष्णु-विष्णु धरती माता

यहाा धरती मातालाई आमा समान मानेर धर्तीमा कुल्चिएकोमा पाप नलागोस् भनेर विष्णु-विष्णु भनी धरती मातासाग क्षमायाचना गरिएको छ । त्यस्तै गरेर यहााका बालनमा सामाजिक मूल्य-मान्यताका साथै यहााको समाजमा प्रचलित साइत, कुसाइत, शुभ-अशुभ लगायतका ज्योतीश सम्बन्धी कुरा पनि रमेटिएको पाइन्छ । बालन खेलाउनाले पुत्र नहुनेलाई पुत्र लाभ हुन्छ, निर्धनलाई धनप्राप्त हुन्छ । रोगीहरूको रोग नष्ट हुन्छ, दुःखको दुःख कष्ट निराकरण हुन्छ भन्ने जस्ता जनविश्वास यहााको समाजमा रहेको पाइन्छ ।

परापूर्व कालमा दशरथले पुत्र प्राप्त गर्न वा सन्तानको वर माग्न बालनका खेलाएको कुरा यहाा जनश्रुतिका रूपमा रहेको छ ।

### (ग) संरचनाका आधारमा बालन

बाह्रदशी गाउापालिकामा गाउने बालनको संरचना पक्षलाई हेर्दा यहााका बालनमा कुनै एउटा खास विषयवस्तु सुरूदेखि अन्त्य सम्म नै आउने हुनाले यो स्वतः नै विस्तृत आयाममा संरचित हुन्छ । यहाा प्रचलित बालनमा कुनै पङ्तिको आदि भागमा र कतै-कतै बीच भागमा है, है, हो, ए आदि थेगो वा रहनीहरू प्रयोग गरिएको देखिन्छ ।

### (घ) लय वा भाकाका आधारमा बालन

बाह्रदशी गाउापालिकामा बालन विभिन्न लय र भाकामा गाइन्छन् । यहाा खैजडी, मजुरा र झ्यालीजस्ता वाद्यवाधनका साथमा लयात्मक भाकामा बालन गाइन्छ । यहााका प्रत्येक भजनहरू बेग्लाबेग्लै लय वा भाकामा गाइन्छ । जस्तै आरती छोटो भाकामा गाइन्छ ।

### (ङ) भाषाशैलीका आधारमा बालन

बाह्रदशी गाउापालिकामा प्रचलित बालनमा प्रचुर मात्रामा संस्कृत शब्दहरूको प्रयोग पाइन्छ । यसको भाषामा केही जटिलता आएको देखिन्छ । यहाा गाउने बालनहरू अन्य लोकगीतका तुलनामा भाषिक दृष्टिले कठिन हुन्छन् ।

हो.....हो....उा सत्य
सुकृति गणपति वर्मा
लम्बोदर उनै हौ दाता
हो.....हो....तम्रै शरणमा
खेल न आयौं
आज्ञा देउ धरती माता
है तमरो शरणमे
हे... खेल न आयौं
हो...हो..
आज गुरु भन्छौं
हे वशिष्ट ऋषि
गुरुका घरमा गाई

हे सुन्नु भो की आफुज्युले

गुरुका घरैमा गाई

त्यसै गरी यहाा गाईने बालन परम्परादेखि मौखिक रूपमा एकपछि अर्को पुस्तामा हस्तान्तरण हुादै आएको हुादा कतिपय शब्दहरू परम्परादेखि जस्ताका तस्तै आएका पाइन्छन् । यसरी यहाा प्रचलित बालनमा परम्परागत भाषाको प्रभाव परेको पाइन्छ । यी बालनमा प्रयोग भएका हो.. है.. है जस्ता थेगोले भाषिक अभिब्यत्तिमा आकर्षण थप्ने काम गरेका छन् ।

## ४.३ कर्मगीतको विश्लेषण

कर्म भनेको काम वा कार्य हो । कुनै पनि कार्य गर्दा वा काम गर्दै गर्दा सागसागै गाउने गीतलाई कर्मगीत भनिन्छ । गाउाघरमा विशेष गरी खेतीपातिमा रोपाईं गर्दा, गोडमेल गर्दा, अन्नबाली भित्र्याउादा वा दाइा गर्दा यस्ता कर्म गीतहरू गाउने गरेको पाईन्छ । परिश्रम नगरी हातमा माड नलाग्ने भएकाले बाह्रदशी गाउापालिकाका मानिसहरू घाम पानी खेपेर मरीमरी काम गर्दछन् । यसरी काम गर्दाको शारीरिक थकानलाई मेट्न र कामको मेसो सार्नका लागि यहााका मानिसहरूले विभिन्न किसिमका काम अनुसार त्यही कामसाग सम्बन्धित गीतहरू गाउने गर्दछन् ।

बाह्रदशी गाउापालिकामा कृषि सम्बन्धी काम गर्दा विभिन्न किसिमका लोकगीतहरू गाउने गरेको पाइन्छ । यहाा मुख्य गरेर असार साउनमा धान रोप्दा असारेगीत र मंङ्सिरमा धान थन्क्याउने बेलामा दाईं गर्दा दाईागीत गाउने प्रचलन रहेको छ । यस गाउापालिकामा प्रचलित असारे र दाईागीतको विश्लेषण निम्नअनुसार गर्न सकिन्छ ।

### ४.३.१ असारे गीतको विश्लेषण

बाह्रदशी गाउापालिकामा प्रायः असार साउनको समयमा धान रोप्ने गरिन्छ । यही असार साउनमा खेतमा हिलो बनाएर धान रोप्दा गाउने गीतलाइ नै असारे गीत भनिन्छ । यस गाउापालिकामा प्रचलित लोकगीतहरूमध्ये असारे गीत महत्त्वपूर्ण गीत हो । यहाा गाउने असारे गीतमा असार महिनाको वातावरण, हिलो, आली रोपाईंको चित्रण गरिएको हुन्छ । यी गीतमा युवा युवतीका बीच हुने माया पिरतीका कुरा पनि आएका हुन्छन् । असारे गीत कहिलेकाही पुरुषले गाउने गरेता पनि विशेष गरी महिलाहरूले गाउने गर्दछन् । महिलाहरूद्वारा गाउने असारे गीतमा रोपाइा र असार महिनाको चित्रणका साथै उनीहरूका

दु:ख-पिडा, विरह-वेदना, आाशु-हाासो आदिको अभिव्यक्तिसमेत भएको पाइन्छ । बाह्रदशी गाउापालिकामा प्रचलनमा रहेका प्रमुख असारे गीतहरूको सङ्कलन गरिएको छ र ती गीतहरूको विभिन्न दृष्टिकोणले विश्लेषण गरिएको छ ।

### (क) प्रस्तुतीका आधारमा असारे गीत

बाह्रदशी गाउापालिकामा असारे गीत लोकप्रीय रहेको छ । यहाा असारमा धान रोप्दा असारे गीत गाउने चलन रहेको छ । यो गीत एक्लै र समूहमा लामो स्वर तानेर गाइन्छ । एकल रूपमा महिलाहरूले गाउने असारे गीतमार्फत महिलाहरूका आ ना पीर-व्यथा, विरह-वेदना पोख्ने गरेको पाइन्छ । त्यस्तै रोपाहार महिला र बाउसे पुरुषहरूबीच दोहोरीको रूपमा असारे गीत गाउादा कुनै पनि किसिमको वाद्य वादनको प्रयोग नगरी लामो भाका तानेर गाइन्छ । यहाा असारे गीत गाउादा कुनै पनि किसिमको वाद्यवादनको प्रयो नगरी लामो भाका तानेर गाइन्छ ।

### (ख) विषयवस्तुका आधारमा असारे गीत

बाह्रदशी गाउापालिकामा गाउने असारे गीतले व्यापक परिवेश ओगटेको पाइन्छ । यहााका यी गीतमा खोला, नाला, वन-जङ्गल जस्ता प्राकृतिक छटादेखी लिएर मानव जीवनका आाशु, हाासो, मिलन, विछोड, हर्ष-पीडा, विरह वेदना, पीर व्यथा जस्ता विविध पक्षहरू समेत चित्रण भएको पाइन्छ । यहाा असारे गीतमा धेरै जसो असार महिनाको रोपाईंको चित्रण, झरी, हिलो, आली आदिको चर्चा भएको हुन्छ । यहाा प्रचलित कतिपय असारे गीतमा असार महिनाको वर्षा र रोपाईंको परिवेशको चित्रणका साथै माया पिरतीका कुरा पनि जोडिएर आएका हुन्छन् ।

छुपुमा छुपु धानलाई रोप्न
हातैमा बिउ दिउाला
अरूलाई दिउाला बोली र बचन
मायालाई जीउ दिउाला

कर्ममा आबद्ध केटाकेटीहरूका बीचमा हुने माया प्रेमलाई यस गीत मार्फत अभिव्यक्त गरेको पाइन्छ ।

भातलाई पाक्यो लौ गुदुगुदु
दाल पाक्यो लयालु
खोजी है गरे पाउनेमा छैनौ

म जस्तो मायालु

बाह्रदशी गाउापालिकामा बसोबास गर्ने सबै मानिसहरू सम्पन्न छैनन् । यहााका कतिपय मानिसको आर्थिक अवस्था दयनीय रहेको छ । जुनसुकै लोकगीतको संरक्षण र संवद्धनमा सुखी र सम्पन्न मानिसहरू भन्दा दुःखी र गरिब मानिसहरूको महत्त्वपूर्ण भूमिका रहने गर्दछ । यहााका कतिपय मानिसहरू आ̄ना सानाभन्दा साना चाहानाहरूको पूर्ति गर्न पनि गरिबीका कारणले गर्दा असक्षम छन् । उनीहरू सानो काम गर्नु पर्दा पनि साहूसाग ऋण काढ्न बाध्य हुन्छन् । साहूले उनीहरूसाग ब्याजको नाममा अधिक पैसा असुल्छन् र त्यो ब्याजको सावाा तिर्नका लागि उनीहरू आ̄नो जीविकोपार्जनको एक मात्र आधार घरखेत नै बेच्न बाध्य हुन्छन् । यस्तै भाव समेटिएको असारे गीतको एक पङ्क्ति यसप्रकार छ ।

असारमासको छिपछिप हिलो
छि मलाई घिन लाग्यो
पातली नानीलाई गुनियुा किन्दा
छबीस ऋण लाग्यो

बाह्रदशी गाउापालिकामा असारे गीत विशेष गरी महिलाहरूले नै गाउने भएकाले यी गीतहरूमा असार महिना र रोपाईको मात्र वर्णन नभई महिलाहरूका जीवनमा आइपर्ने दुःख-कष्टहरूको कारूणिक अभिव्यक्ति भएको पाइन्छ । उनीहरूले गाउने असारे गीतमा छोरा र छोरीका बीच गरिने भेदभावका कुरा पनि आएका हुन्छन् । यस गाउापालिकामा महिलाहरू हिलोमा धान रोप्दै आ̄ना विरह र वेदनाहरू असारे गीत मार्फत यसरी व्यक्त गर्दछन् ।

असार पन्ध्रलाई कुटेका चिउरा
चिउरैमा घुन लागे
छोरीलाई सुख छ भन्थ्यौ बाबा
मेलैमा जुन लागे
मेलैमा जुन लागे मेरो
लै लै मेलैमा जुन लागे

बाह्रदशी गाउापालिकामा गाउने असारे गीतमा मेलो थाल्दा जस्तै मेलो छाड्ने आज्ञा पनि गीतकै माध्यमबाट मागिएको हुन्छ । रोपाईका काममा लागेकाहरू आ̄ना मनका

विविध भावहरू गीतकै माध्यमबाट व्यक्त गर्दछन् । मेलो छोड्ने आज्ञा माग्दै यहाा यसरी गीत गाइन्छ ।

ए ह.... है तामाकै डाली तामाकै आरी
तमाकै कुपिया
तमाकै कुपिया ह... है
रातलाई पर्‍यो झ्याउाकिरी बास्यो
बिदा देउ मुखिया

बाह्रदशी गाउापालिकामा रोपाईंको अन्त्यतिर वा मैजारो गर्ने बेलामा खेतको सबैभन्दा ठूलो गरामा भकारी राख्ने चलन छ । भकारी राख्दा वा बााध्दा गराको वरीपरि चारैतिर धान रोपिन्छ र गराको बीच भागमा धानको बीउको सिङ्गै मूठो रोपिन्छ । त्यो धानको मूठालाई वरिपरि बाक्लै बीउ खिलेर छेकिन्छ । यसलाई यहाा भकारी राख्ने वा बााध्ने भनिन्छ । यसरी भकारी राख्दा रोपाहार बाउसेहरू एकआपसमा हिलो छ्यापछ्याप गर्दै विभिन्न किसिमका गीतहरू गाउने गर्दछन् । यहाा भकारी राख्दै बााध्दै गाउने लामो भाकाको असारे गीत यस प्रकार छ ।

ए ह...... है सुनको मानो सुनको पाथी
सुनैको सकारी
सुनैको सकारी ह.....है
बाबाको सेरो एक मुरी मेरो
बााधौं है भकारी ।

## (ग) संरचनाका आधारमा असारे गीत

बाह्रदशी गाउापालिकामा प्रचलित असारे गीतको संरचनालाई हेर्दा असारे गीतहरू विभिन्न आकार र लयमा संरचित भएका हुन्छन् । यहााका असारे गीत मुख्य रूपमा छोटा र लामा गरी दुई भाकामा गाइन्छन् । यहाा प्रचलित लामो भाका हालेर गाउने असारे गीतको एउटा गीतको पङ्क्ति यसप्रकार छ :

ए ..ह..है धानैलाई रोप्नु लै छुपुछुपु
हातैको मर्मैले ए ह..... है
झ्यालैमा बस्ने जीउ थियो मेरो
दिएन कर्मैले ।

रोगले थलिएर विरामी परेको ज्यानलाई आराम दिनु पर्नेमा काम गर्नु परेको पीडालाई यस गीतमा अभिव्यक्त गरेको पाइन्छ ।

### (घ) लय वा भाकाका आधारमा असारे गीत

बाह्रदशी गाउापालिकामा प्रचलित असारे गीतहरू लामो भाका र झयाउरे भाकामा गाउने गरिन्छ । यहाा असारे गीत गाउने लामो भाकालाई असारे भाका नै भनिन्छ । यहाा यही भाकामा बढी मात्रामा असारे गीत गाइन्छ । यहाा प्रचलित असारे भाकामा गाउने गीतको एक पङ्क्ति यसप्रकार छः

वर्खैमा लाग्यो खोला र खाली
वगेछ लेउ झार
पुरवै ढोका, खोलेर हेर्दा
लागेछ असार

त्यस्तै यहाा प्रचलित झयाउरे भाकामा गाउने असारे गीतको उदाहरण यसप्रकार छ :

सानोमा सानो गाइको बाछो वन चर्छ चर्दैन
म कन्ने केटा तिमी कन्ने केटी मन पर्छ पर्दैन ।

### (ङ) भाषाशैलीका आधारमा असारे गीत

बाह्रदशी गाउापालिकामा प्रचलित असारे गीतमा सरल भाषाशैलीको प्रयोग भएको पाइन्छ । यी गीतमा स्थानीय बोलचालमा प्रचलित शब्द, अनुकरणत्मक शब्द, निपात, थेगो आदिले भाषाशैलीलाई प्रभावकारी बनाइएको पाइन्छ । यहाा गाउने असारे गीतमा मैना, बााडुला, मुङ्सिर बोलाको, पाको, भाुइसी, भिकुवा, कुपिया जस्ता स्थानीय लोकजीवनले पचाइसकेका छुपुछुपु, थपक्कै, जस्ता अनुकरणत्मक शब्द तथा नि, पो, त, तु, लै जस्ता निपात र ए ह, है जस्ता थेगोको प्रयोगले यहााका असारे गीतमा श्रुति माधुर्य र रसिकता बढाउनका साथै लोकप्रियता प्रदान गर्नेकाम समेत गरेका छन् ।

## ४.३.२ दाइागीतको विश्लेषण

दाइा गीत पनि एक प्रकारको श्रम गीत हो । असारमा धान रोपेपछि मङ्सिरमा पाकेको धान काटिन्छ र धान थन्क्थाउादा दाइा गरिन्छ । त्यही दाइाको समयमा गाउने गीतलाई दाइागीत भनिन्छ । बाह्रदशी गाउापालिकामा प्रचलित कर्मगीतहरूमध्ये दाइागीत पनि महत्त्वपूर्ण रहेको छ । मंङसिरमा धान काटेर खेतको गरा खुर्केर गाईको गोबरले लिपेर

चोखो बनाइन्छ । त्यसलाई खमार भनिन्छ । खमारमा काटिएको धान थुपारी एक झमट चुटेर वा झाटेर परालको कुन्यु बनाएर राखिन्छ । केही समयपछि त्यो पराल खलामा फिजाएर गोरु घुमाउदै दाइ गरिन्छ । यसरी दाइ गर्दा गाउने गीतलाई नै दाइगीत भनिन्छ । बाह्रदशी गाउपालिकामा प्रचलित दाइगीत प्रस्तुती, विषयवस्तु, संरचना, लय र भाषाशैलीका दृष्टिले यस प्रकार विश्लेषण गर्न सकिन्छ ।

## (क) प्रस्तुतीका आधारमा दाइगीत

बाह्रदशी गाउपालिकामा मंसिर महिनामा खेतका गरामा दाइ गर्दा पराल छिरोल्दै र गोरु धपाउदै दाइगीत गाइन्छ । यहा दाइगीत नृत्य र वाद्यवादनबिना नै लामो लयमा गाइन्छ । यो गीत पुरुषहरूले गाउने गर्दछन् । गोरुलाई सम्बोधन गर्दै वर्णनात्मक रूपमा यो गीत गाइन्छ । दाइगीत यहा एकल वा सामूहिक दुवै रूपमा गाउने गरेको पाइन्छ । यसरी दाइगीत गाउदा एकातिर मनोरञ्जन प्राप्त गरिन्छ भने अर्कातिर यस गीतमार्फत दयारेहरूका मनका भावहरू पनि पोखिरहेका हुन्छन् ।

## (ख) विषयवस्तुका आधारमा दाइगीत

बाह्रदशी गाउपालिकामा गाउने दाइगीतमा विविध विषयवस्तुको समावेश भएको पाइन्छ । यहाका गीतहरूमा दाइगीतका साथै अरू सन्दर्भहरू पनि समेटिएका हुन्छन् । पहिलो चोटी धान झारिसकेको परालको कुन्यु भत्काएर धान परालसाग खेल्दै र गोरु घुमाउदै गाउने दाइगीतमा विभिन्न किसिमका ख्यालठट्टाका कुरा आएका हुन्छन् ।

यहाको समाजमा विभिन्न किसिमका परम्परागत जनविश्वासहरू विद्यमान रहेका छन् । दाइ गर्दा जति राम्रो दाइगीत गाउन सक्यो त्यति नै धानको सह बड्छ भन्ने जवविश्वास यहाको समाजमा प्रचलित रहेको पाइन्छ । दाइ गर्दा धान परालको काम गर्ने मान्छेहरूलाई दयारे भनिन्छ । दाइ गर्दा दयारेहरू गीतकै माध्यमबाट एक अर्कालाई व्यङ्य पनि गर्ने गर्दछन् । एकोहोरो रूपमा धान परालको काम मात्र गरिरहादा दायारेहरूलाई दिक्क लाग्ने भएकाले उनीहरू कामको मेसो सार्न र केही मात्रामा भए पनि शारीरिक थकान कम गर्न र मनोरञ्जन प्राप्त गर्न यसरी ख्यालठट्टा गर्दै दाइगीत गाउने गर्दछन् ।

दाइ बरदो ...........हो

माडी खेल

लक्ष्मीको छोरा धेनुको नाति

मेरो भाइ बरदो ........हो

पराल माडी खेल

................

गणेशका पान

खान आए धानगा

मेरो भाइ बरदो ....हो

माडी खेल

छिटो छिटो हिन

समाउ तिनका कान

मेरो भाइ बरदो......हो

घुमी खेल

बाह्रदशी गाउपालिकामा मङ्सिरको समयमा नै सबैले दाइा गरिरहेको दृश्य देख्न सकिन्छ । यसरी दाइा गर्दा वल्लो खलो र पल्लो खलाका दायारेहरू ख्याल ठट्टा गर्दै गीत गाउने चलन छ ।

## (ग) संरचनाका आधारमा दाइागीत

बाह्रदशी गाउपालिकामा प्रचलित दाइागीत लघु र मझौला आयाममा संरचित भएका पाइन्छन् । यी गीतमा ५ पङ्तिको एक अनुच्छेद रहेको हुन्छ । तिनमा प्रायः पहिलो पङ्तिमा ९ अक्षर, दोस्रो पङ्तिमा ६, ७ अक्षर तेस्रो पङ्तिमा ७ देखि १३ अक्षर, चौथो पङ्तिमा ५ अक्षर हुन्छन । यसप्रकार संरचनामा अधारित दाइागीतको एक पङ्ति यसप्रकार छ ।

आकासैमा हेर बरदो ......हो .....है

झिलिमिली तारा

कसो गरी छुटाउलास

मेरो बरदो......

लागेको भारा

यो गीतमा बीच-बीचमा ह, ह, हो, हो जस्ता थेगोको प्रयोग भएको पाइन्छ । त्यस्तै मेरो बरदो स्थायीका रूपमा पटक-पटक दोहोरीरहेको पाइन्छ जसले यी गीतमा अझ बडी रोचकता थपिदिएको हुन्छ ।

### (घ) लय वा भाकाका आधारमा दाइगीत

लय वा भाका लोकगीतको स्वरगठन नै हो । एउटै गीतलाई विभिन्न लय वा भाकामा गाउन सकिन्छ । लय वा भाकालाई नमिलाई गीत गायो भने पढेजस्तो मात्र हुन्छ । बाह्रदशी गाउापालिकामा प्रचलित दाइागीत पनि विभिन्न लय र भाकामा गाइन्छन् ।

### (ङ) भाषाशैलीका आधारमा दााइगीत

लोकगीतमा स्थानीय भाषिकाको प्रभाव प्रयाप्त मात्रामा भेटिन्छ । जस्तै-कान्ला, खर्क, चाम्रे, आदि । यी गीतमा प्रयोग भएका यस्ता शब्दले गीतलाई सुमधुर कर्णप्रिय र लोकप्रिय बनाएका हुन्छन् । यहााका दाइा गीत सरल तरिकाले वर्णनात्मक शैलीमा गाइन्छ ।

## ४.४ संस्कारगीतको विश्लेषण

संस्कारले समाजलाई स्वच्छ वा परिकृत तुल्याएको हुन्छ । संस्कारले नै मान्छेका नकारात्मक पक्ष वा कमजोरी अवगुण दोष जस्ता कुरालाई हटाई परिकृत वा परिशोधन गर्ने काम गर्दछन् । परिस्कारकै निम्ति समाजमा मानिसहरूले आ-आˆना धर्म र संस्कृति अनुसार जीवनदेखि मृत्यससम्म विविध किसिमका संस्कार कर्महरू गर्दै आएका छन् । संस्कारले समाजमा पथ प्रदर्शनको काम समेत गरेको हुन्छ । संस्कारले नै मानिसलाई नियमित र व्यवस्थित बनाएको हुन्छ । नेपाली समाजमा जन्मदेखी मृत्युसम्ममा जातकर्म, नामकर्म, अन्नप्रासन, चुडाकर्म, विद्यारम्भ, उपनयन, विवाह, मृत्युजस्ता विविध संस्कार कर्महरू गरिन्छन् । यिनै विविध संस्कारकर्मका अवसरमा गाउने गीतलाई नै संस्कारगीत भनिन्छ ।

बाह्रदशी गाउापालिकामा पनि विभिन्न किसिमका संस्कार कर्महरू गरिदै आएको पाइन्छ । ति मध्ये पनि विवाहलाई प्रमुख संस्कार मानिन्छ । यहाा विवाह संस्कारमा रत्यौली, खााडो, सिलोक जस्ता गीतहरू गाउने प्रचलन रहेको छ । यी बाहेक अरू संस्कार कर्महरूमा गीत गाउने प्रचलन त्यति छैन । विवाह संस्कारका बेला गाउने केही गीतहरूको विश्लेषण तल प्रस्तुत गरिएको छ ।

### ४.४.१ सिलोकको विश्लेषण

सिलोक एकप्रकारको पद्य कविता हो । प्रायः सिलोक घरमा बसिबियाालो गर्दा चौतारीमा बस्दा, आराम गर्दा, सााझ, बिहान जुनसुकै बेला पनि गाइन्छ । सिलोक भाकामा गाईन्छ । यसमा प्रश्न सोध्ने र उत्तर भन्ने क्रम पनि हुन्छ । सिलोक जुनसुकै समय र

अवस्थाका व्यक्तिले गाउने भए पनि यो प्रायः बुढापाकाहरूले गाएको पाइन्छ । सिलोक विशेष गरेर विवाहका अवसरमा बेहुलापट्टी जन्ती आइसकेपछि जग्गेमा गाइन्छन् । यस बाहेक जहाासुकै र जुनसुकै समयमा बाह्रैमास गाउने सिलोक पनि हुन्छन् । विवाहमा गाउने सिलोक, घरगाउाले, माइतीपक्ष र जन्तीपक्षका बीच सम्बादात्मक रूपमा प्रश्नोत्तर शैलीमा गाइन्छन् । सिलोक क्षेत्री, बाहुन, कामी, दमाई आदिका विवाहमा राति विवाह हुादा रातभरि र दिनमा विवाह भए दिउासै पनि गाउने गरीन्छ । बाह्रदशी गाउापालिकामा सिलोक बारे यहाा निम्नअनुसार विवेचना गरिएको छ ।

## (क) प्रस्तुतिका आधारमा सिलोक

बाा्रदशी गाउापालिकामा सिलोक क्षेत्री, बाहुन, कामी, दमाई आदिको विवाहका दिन जन्ती पर्सिएपछि दुलहीको घरमा जन्तीपक्ष र माइतीपक्षको बीचमा प्रश्नोत्तर शैलीमा प्रतिस्प्रधार्त्मक रूपमा गाउने गरिन्छ । यसमा एक पक्षको सिलोकको जवाफ अर्को पक्षले तत्कालै सिलोकको माध्यमबाट फर्काउने गर्दछन् । सिलोक जुनसुकै समय र अवस्थाका व्यक्तिले गाउने भएपनि यो प्रायः बुडापाकाहरूले गाएको गाएको पाइन्छ । सिलोकमा सासुबुहारीको रडाको चेलीबेटीको व्यथा, रूप र लक्ष्यण, खाना, पिना, चालचलन आदि कुराको वर्णन सिलोकमा पाइन्छ ।

## (ख) विषयवस्तुका आधारमा सिलोक

बाह्रदशी गाउापालिकामा धेरै जसो हिन्दू धर्मावलम्बीहरूको बसोबास रहेको छ । यहाा हिन्दू धर्म र सास्कृति अनुसार आमा, भान्जा-भान्जी, भान्जेबुहारी र छोरीचेलीहरूलाई कुल्चिनुहुादैन भन्ने मान्यता रहेको छ । अन्जानमै कुल्चियो भने विष्णु-विष्णु भनी क्षमायाचना गर्दै ढोग्ने चलन छ । यसरी विष्णु-विष्णु भन्दै ढोगेमा कुल्चिएको पापबाट मुक्ति मिल्छ भन्ने लोकविश्वास पनि छ । यस्तै विषय वस्तु समेटिएको बाह्रदशी गाउापालिकामा प्रचलित एउटा सिलोक यसप्रकार छ -

घ. कहााबाट आयौ जनतीमनती कहाासम्मको दाउा

धरती तमारे भान्जे बुहारी केमाटेकी आयौ पाउा

विवाहमा जन्तीपक्षलाई दुलही पक्षका मानिसहरूले के कसरी आउनु भयो, कहाासम्म पुग्ने भनेर प्रश्नउत्तर शैलीमा सोधिएको पाइन्छ ।

ज. गौरादहबाट आयौं हउ यो जनतीमनती राजगडसम्मको दाउ

ए बा धरती हमारे भान्जेबुहारी धरतीमा टेकी आयौं पाउ ।

यसैगरी घरगाउालेले सिलोक मार्फत जन्ती पक्षसाग विभिन्न किसिमका सवाल सोध्दा रहेछन् । जन्तीपक्षले सिलोकमै त्यसको जवाफ दिन्छन् । यस्तो सवाल जवाफका क्रममा घर गाउालेको सवालको जन्तीपक्षले उचित जवाफ दिन नसके सजायको भागी बन्नुपर्ने कुरा उनीहरूले भन्ने सिलोकमै व्यक्त भएको हुन्छ । यहाा ठट्यौली पाराले जन्तीसाग सवाल गर्दै सिलोक हाल्ने प्रचलन रहेको छ । जस्तैः

कहााबाट आएउ जनतीमनती कहाा बस्छौ बास

अघि खाका फुरौला घाटीमा अड्के कहााबाट फेर्छौ सास

## (ग) संरचनाका आधारमा सिलोक

बाह्रदशी गाउापालिकामा प्रचलित सिलोकहरू विभिन्न आकार प्रकारमा संरचित छन् । यहाा प्रचलित सिलोकमा कतै कतै ४ पङ्तिको पनि एक श्लोक हुने गरेको पाइन्छ । यहाा प्रचलित सिलोकमा एक पङतिमा ८ अक्षरदेखि बढीमा २३ अक्षरसम्म रहेको पाइन्छ तर पनि अधिकांश सिलोकहरूमा प्राय १९ अक्षर रहेको पाइन्छ ।

## (घ) लय वा भाकाका आधारमा सिलोक

बाह्रदशी गाउापालिकामा सिलोक ८ र १२ अक्षरमा विश्राम भै १९ अक्षरमा अन्त हुने सिलोक गीत लयका हिसाबले गीत जस्तो नभई कविता जस्तो देखा परे पनि यो लयात्मकतामा मात्र आबद्ध भएको छ तर लोकलयमा आउादा स्वरले मात्रा टिप्ने गरी यो लयमा गाइन्छ, जस्तै :

ए नानी तिमी त, अत्यन्त रूपकी दन्तै हासिलो अति

कस्ता छन् तिमरा देवर जेठाजु, कस्ता छन् तिम्रा पति

जेठाजु रूपमा, देवर सीपका, मुर्खे स्वभावका पति

जुन काम पतिको तयार नहुादा, लाग्दैन माया रती

## (घ) भाषाशैलीका आधारमा सिलोक

बाह्रदशी गाउापालिकामा प्रचलित सिलोकमा स्थानीय भाषिकाका कतिपय शब्दहरू परेका छने । यहााका सिलोकमा स्थानीय भाषिकाको झलक दिने सिरी (श्री) खाका-खाएका), तमरे-तिम्रा, हामरे-हाम्रो जस्ता शब्दहरू प्रयोग भएको देखिन्छ । यहाा गाउने सिलोक सरल,

सहज र बोधगम्य हुन्छन् । यिनमा प्रयोग भएका नि, पो, त जस्ता निपातले भाषिक अभिव्यक्तिमा चमक थप्ने काम गरेका हुन्छन् ।

## ४.४.२ खााडोको विश्लेषण

शाहवंशका राजाहरूको प्रशंसा गरी रचिएको एक थरी कवितालाई खााडो भनिन्छ । खााडो संस्कृतको खड्ग शब्दबाट आएको हो । पहिले पहिले भक्तहरू देवीको खड्ग पुज्ने र वीरहरू आˆना पुर्खाको कथा गाथा भन्ने गर्दथे । त्यसै परम्मपरा अनुसार खााडोगीत राष्ट्रियताको भावनाले ओतप्रोत भई युद्धक्षेत्रमा साहस र हौसला बढाउन खााडो जगाउने गरिन्थ्यो भने पछि गएर ब्राम्हण, क्षेत्री र ठकुरीहरूले विवाह गर्दा जग्गेमा विवाहको अन्ततिर खााडो जगाउने चलन चल्दै आएको पाइन्छ । खााडो गाउनुलाई खााडो जगाउनु पनि भनिन्छ । विवाह संस्कारमा खााडो जगाउनाको मूल उद्धेश्य दुलाहा शक्तिशाली छ र आˆनी दुलहीलाई शत्रुपक्षबाट सुरक्षा गर्न भन्ने गरेको पाइन्छ ।

हाल खााडो लोपोन्मुख अवस्थामा रहेता पनि बाह्रदशी गाउापालिकामा क्षेत्री, ब्राम्हणका विवाहमा वीरतापूर्ण तवरले खााडो जगाउने प्रचलन अद्यापी रहेकै छ । यहाा प्रचलित खाडो लाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ ।

### (क) प्रस्तुतीका आधारमा खााडो

बाह्रदशी गाउापालिकामा क्षेत्री, ब्राम्हणका विवाहमा कन्यादानपछि दुलाहाले दुलहीलाई सिन्दुर लगाइदिसकेपछि आफना दाहिनेतिर बसेकी दुलहीलाई दुलाहाले हातले उचाली वा उचालेको अभिनय गरी बायाा तर्फ सारिन्छ । त्यसपछि पुरोहितको आज्ञाअनुसार खााडो जगाउने गरीन्छ । खााडो खासगरी दुलाहाले नै जगाउनु पर्छ भन्ने मान्यता रहे तापनि दुलाहाले नजानेमा दुलाहा पक्षका अन्य व्यक्तिले पनि जगाउने प्रचलन छ । यहाा खााडो जगाउन दुलाहा पक्षसाग दापसहितको खुकुरी हुनुपर्दछ । त्यो खुकुरीलाई दुलहीले पूजा गरेर दुलाहालाई दिन्छिन र दुलाहाले नजानेमा दुलाहा पक्षकै अरूले आˆनो खोकिलामा राखेको खुकुरी झिकी बडो जोसका साथ खााडो गाउादै जग्गेकै एउटा केराको थाममा ठ्याक-ठ्याक भन्दै तीनपटक हान्ने गर्दछन् यसैलाई खााडो जगाउने भनिन्छ ।

### (ख) विषयवस्तुका आधारमा खााडो

बाह्रदशी गाउापालिकामा प्रचलित खााडोको अध्ययन गर्दा विविध विषयको समावेश भएको पाइन्छ । यहाा विवाहका अवसरमा मात्र गाईन्छ । ब्राम्हणका विवाहमा गाथा गउने र क्षेत्रीय तथा ठकुरीहरूका विवाहमा खााडो भन्ने प्रचलन पुरानो हो । खााडो वाद्यरहित रूपमा भट्याएर भनिने वीर पुर्खाको ऐतिहासिक गाथा हो । यसलाई वीरताको प्रतीक र कथा संरक्षणको विधि पनि भनिन्छ । ठकुरी, शाह, राणा, आदिका खानदानदेखि लिएर बाइसे, चौबिसे र टुक्रा टुक्री राज्यहरूको र वीर पुर्खाको वीरगाथा स्वरूप खााडोगीत गाउने गरिन्छ । चारै किल्ला बााधेर देवी देवताको नाम पुकारेर हातमा खड्गा लिएर धेरैवेर यो गीत गाएपछि केराको थाममा खुकुरीले हानेर पूजा गरिन्छ । पहिले नेपाल-अग्रेज लडाइा हुादा त्यस युद्धमा महिलाहरूको पनि महत्त्वपूर्ण सहभागिता भएको कुरा यहाा प्रचलित खााडोमा प्रयोग भएका महिलाहरूको नामबाट  स्पष्ट हुन्छ । जस्तैः लालवदना, श्यामवदना, कृष्णवदना, चन्द्रवदना, जामदारी, कृषिदारी, हुस्नपरी, सुर्जेमति, चन्द्रमती, विष्णु माया, शिवमाया, सरस्वती, कनमला, शोभा आदि । त्यस्तै पुरुष जर्नेल, कर्नेल, कप्तान, सुबेदार, हवल्दार, सिपाही आदिको सहभागिता भएको उल्लेख पाइन्छ । त्यसबेला नेपालीहरूले बढो साहसकासाथ नेपालको सीमाना टिस्टासम्म पुर्‍याएको बुझिन्छ र टिस्टामा गई खााडो/ खड्ग पखालेको कुरा यहाा प्रचलित खााडोमा वर्णन भएको पाइन्छ ।

बाह्रदशी गाउापालिकामा विवाहका अवसरमा खााडो जगाउनाको मूल उद्देश्य पक्षको शक्ति बलियो छ भन्ने देखाउनु हो । पहिले-पहिले टाढा-टाढा विवाह हुने गर्दथ्यो । त्यस समयमा दुलही लिएर घर जाादा बाटामा केही विध्नवाधा नपरोस परि यदि हालेमा पनि त्यसबाट बच्न सकियोस भन्ने उद्देश्यले खााडो जगाइन्थ्यो । यही विश्वासले गर्दा जग्गेमा खााडो जगाउन दुलहीले खड्गको पूजा गर्ने गरेको पाइन्छ । यसका साथै खााडो जगाउनाले आउादा दिनहरूमा नवदम्पतिका बीचमा पैदा हुन सक्ने गतिरोधलाई सजिलै परास्त गरी उनीहरू आफ्नो लक्ष्यमा पुग्न सक्छन भन्ने मान्यता पनि यहााको समाजमा रहेको पाइन्छ ।

### (ग) संरचनाका आधारमा खााडो

बाह्रदशी गाउापालिकामा प्रचलित खााडोको संरचना पक्षलाई हेर्दा यो बृहत आयाममा संरचित भएको पाइन्छ । खााडो गीतमा जस्तो पङ्तिमा अनुच्छेद छुट्याइएको हुादैन । यो गद्यात्मक रूपमा विराम चिन्हहरूको प्रयोग गर्दै लेखिन्छ ।

### (घ) लय वा भाकाका आधारमा

बाह्रदशी गाउापालिकामा प्रचलित खााडो गद्यमा गाइन्छ तर यो निकै लयात्मक हुन्छ । लेख्दा गद्ययात्मक ढााचामा विराम चिन्हहरूको प्रयोग गरी लेखिने भए पनि खााडोको आफनै लय वा भाका छ । व्यत्ति अनुसार यो फरक-फरक लयमा पनि गाइन्छ ।

### (ङ) भाषाशैलीका आधारमा खााडो

भाषाशैलीका दृष्टीले हेर्दा खााडोको विषयवस्तु जटिल किसिमको रहेको छ । यसमा प्रचुर मात्रामा हिन्दी शब्दको प्रयोग भएको पाइन्छ । यहाा प्रचलित खााडोको एक अंश यसप्रकार छ -

श्री श्री श्री श्री ३ महाराज धिराजके मन्त्री जङ्गबहादुरको फौजके फौजमे भोट के
निकटमे काशी के तिरमे, मन्त्री के खेल से मन्त्री के बुझ से चले लस्कर जी

## ४.५ पर्वगीतको विश्लेषण

नेपाली समाजमा पर्वगीतको निकै महत्त्व छ । त्यसैले नेपाली समाजका विभिन्न चाडपर्वका अवसरमा गाउने गीतहरू नै पर्वगीतहरू हुन । चाडपर्वहरू सांस्कृतिक जीवनसाग सम्बन्धित हुन्छन् । यस्ता चाडपर्व मनाउदा एकातिर आ ना इष्ट देवताको पूजा गरी आध्यात्मिक सन्तुष्टिको अनुभूती गरिन्छ भने अर्कातिर नाचगान गरेर मनोरञ्न समेत प्राप्त गरिन्छ । त्यसैगरी चाडपर्व मनाउदा आपसी बैमनस्य, कटुता, भेदभाव हटी पारस्पारिक आत्मियता र एकता कायम गर्नमा समेत मद्दत पुग्दछ । यसकासाथै चाडपर्वमा खाने र सुख-दुःख बााड्ने गरिन्छ । यसरी चाड पर्व मनाउादा सुख-दुःख बााड्ने एउटा सशक्त माध्यम लोकगीत नै हो । यस्तै चाडपर्वमा गाउने गीतलाई नै पर्वगीत भनिन्छ ।

बाह्रदशी गाउापालिकामा विशेषगरी तीज, दशै, तिहारजस्ता चाडपर्वहरू हर्ष र उल्लासका साथ धुमधामसाग मनाइन्छन् । यहााका अधिकांश मानिसहरू हिन्दू धर्म मान्ने गर्दछन् । त्यसैले दशैं-तिहार र तिजको महत्त्व ठूलो रहेको छ । यस्ता पर्वहरूमा आफना-आफना साास्कृतिक परम्परा अनुसार चाडपर्व मान्नुका साथसाथै देवदेवीको स्तुति गर्ने तथा विविध किसिमका गीतहरू गाउने गरिन्छ । यहाा तीजमा तीजेगीत र तिहारमा देउसी, भैलोगीतको विश्लेषण निम्न अनुसार गरिएको छ ।

### ४.५.१ तीजेगीतको विश्लेषण

हिन्दू नारीहरूको महान पर्व तीज भाद्रशूक्ल तृतीयाको दिन पर्दछ । यो पर्व बाह्रदशी गाउामा पनि हर्ष र उल्लासका साथ मनाइन्छ । यहाा तीज पर्वमा नारीहरू सम्भव भएसम्म आ`नो माइतीघरमा जान्छन् र आ`ना मनका हर्ष, उल्लासका साथै दुःख, पीडा, व्यथा र शोषण-दमनहरूलाई गीतका माध्यमबाट पोख्ने गर्दछन् । यसरी तीजका अवसरमा नारीहरूद्वारा नाच्दै गाउने गीतलाई नै तीजेगीत भनिन्छ । बाह्रदशी गाउापालिकामा तीजका अवसरमा दरखाने दिन राति दर खाई भोलिपल्ट तृतीयाको दिन महिलाहरू निराहर ब्रत बसी शिव-पार्वतीको पूजा आरधना गर्दै तीजका गीतहरू गाउने गर्दछन् । यहाा तीजमा विवाहिता नारीहरू राता लुगा लगाई सौभाग्यका वस्तुहरू चुरा, पोते, सिन्दुर, धागो आदि लगाउाछन् भने अविवाहिता नारीहरू पनि राम्रा राम्रा, रङ्गी-चङ्गी कपडाहरूमा सजिने गर्दछन् । यहाा तीज पर्वमा विवाहिता नारीहरू पतिको दीर्घायूका साथै अटल सौभाग्य र सन्तानको कल्याणको कामना गर्दै ब्रत बसी शिव-पार्वतीको पूजा गर्ने गर्दछन् भने अविवाहित नारीहरू असल वर पाउने अपेक्षाका साथ भगवान् शिवको पूजा गर्ने गर्दछन् । यही तीजका अवसरमा गाउने गीत नै तीजे गीत हो । बाह्रदशी गाउापालिकामा तीजे गीतको प्रचलन निकै रहेको छ । बाह्रदशी गाउापालिकामा प्रचलित तीजे गीतको विश्लेषण निम्नानुसार गर्न सकिन्छ ।

### प्रस्तुतीका आधारमा तीजे गीत

बाह्रदशी गाउापालिकामा प्रचलित पर्वगीतहरू मध्ये तीजे गीत पनि एक हो । तीज हिन्दू नारीहरूको महान पर्व हो । तीजभन्दा अघिल्लो दिन महिलाहरू आ`ना माइतीमा रातीसम्म बसेर खीर, ढकने, फलफूल र मिठाईहरूको दर खाने गर्दछन् । त्यसको भोलीपल्ट ब्रतका दिन नारीहरू निराहर ब्रत बसी शिव-पार्वतीको पूजा-आरधना गर्दछन् । पूजा गरिसकेपछि महिलाहरू खुला ठाउामा जम्मा भएर नाच्ने, गाउने गर्दछन् ।

तीजे गीत गाउादा मादल र थपडीका साथ गाउने गरिन्छ । तीजे गीत सामूहिक र एकल दुबै रूपमा गाउने प्रचलन छ । समूहमा गाउादा गीत जान्ने महिलाले गीतको प्रारम्भ गर्छन् र अन्य महिलाहरूले स्वरमा स्वर मिलाई गीत गाउने गर्दछन् ।

## (ख) विषयवस्तुका आधारमा तीजे गीत

बाह्रदशी गाउापालिकामा प्रचलित तीजे गीतमा विविध विषयवस्तु समेटिएको पाइन्छ । खास गरेर यो नारी गीत हुनाले यसमा नारीहरूकै विरह, वेदना, हर्ष, उल्लासका साथै उनीहरूका मर्म र व्यथाहरू पोखिएका हुन्छन् । यहाा गाउने तीजे गीतमार्फत माइत जान पाउने महिलाहरू आ^ना उत्साह, उमङ्ग, हर्ष, उल्लास पोख्ने गर्दछन् भने माइत जान नपाउने दुखी महिलाहरू आ^ना विरह, वेदना, पीर, व्यथा व्यक्त गर्दछन् । यी गीतमार्फत नारीमनका विभिन्न भावना प्रकट गरी मनोरञ्जन गर्दछन् भने आजकल गाउने तीजे गीतमा समाज सुधारका भावनाहरू पनि अभिव्यक्त भएको पाइन्छ । हाम्रो समाजमा नारीको काम घरधन्दा गर्नु, घाास-दाउरा गर्नु, बालबच्चा र श्रीमानको वा घरपरिवारको सेवासुश्रुसा गर्नुमा नै सीमित रहन्छ । यहाा नारीहरू जतिसुकै सक्षम, सबल र शिक्षित भए पनि उनीहरूलाई घरको सीमित परिवेशभन्दा बाहिर जान दिइदैन । यस्तै विषयवस्तु समेटिएको एउटा तीजे गीत यसप्रकार छ :

बाह्रबजे घर आउादा जुठा भााडा लडेको
के काम लाग्यो बाबा मैले बी.ए. पढेको

बाह्रदशी गाउापालिकामा गाउने तीजे गीतमा विशेष गरेर नारीजीवन सम्बन्धी विषयवस्तु समेटिएको पाइन्छ । यसमा नारी जीवनका सुखद पक्षलाईभन्दा दुःखद पक्षलाई कतै कारूणिक त कतै विद्रोहात्मक रूपमा प्रस्तुत गरएको देखिन्छ । यहााको समाजमा छोरा र छोरीमा गरिने भेदभाव, असमान व्यवहार, रीति-थिति आदिलाई नारीहरूले तीजेगीत मार्फत विरोध गर्नुका साथै तिनका विरूद्ध आवाजसमेत उठाएको पाइन्छ । एउटै कोखका छोरा-छोरीमा गरिने यस्तो विभेदलाई नारीहरूले तीजका गीत मार्फत यसरी व्यक्त गरेका छन् ।

सानै देखी घाास-दाउरा छुन पाइन किताब
एउटै कोखका छोरा-छोरी कस्तो निसाफ
...............
दाजु र भाइलाई स्कूल कलेज पढाउाने
म एउटी छोरीलाई घाास कटाउाने
......................

छोरालाई कापी र कलम किन्दिने
म एउटी छोरीलाई डोको बुन्दिने

यहााको समाजमा सासूले बुहारीप्रति गर्ने अमानवीय व्यवहारको पनि चित्रण गरिएको पाइन्छ । यहााका अधिकांस परिवारमा बुहारीलाई काममै मात्र जोताउने तर उनीहरूलाई पेटभरी खान पनि नदिएका घटना अद्यापि घटिरहेको पाइन्छ । त्यस्ता परिवारका नारीहरू कहिले माइत जान पाइन्छ र पेटभरी खान पाइएला भन्ने आशमा बसेका हुन्छन् । त्यस्तै महिलाहरू तीजको दिन नजिकिदै गर्दा माइत जानका लागि उनीहरूको मन फुरूङ्ग र चौ चौ हुन्छ । उनीहरू माइत जाने साथीसाग भेटघाट गर्ने, नाच्ने र सुख-दु:खका गीतहरू गाउदै रमाउने कुरा सम्भन्न थाल्छन् । यसरी उत्सुकता र उल्लास लिएर आएको तीजमा कतिपय महिलाहरू टाढा माइती हुनाका कारण माइत जान सक्दैनन भने कतिपय महिलाहरू आ`ना माइतीबाट लिन आउादा समेत सासू र लोग्नेले माइत जान नदिएका घटनाहरू पनि हाम्रो समाजमा देखिन्छन् । यसरी माइत जान नपाएका महिलाहरू तीजमा पनि घरमा बसेर काम गर्नु पर्दा दु:खित बन्छन् । यस्तै विषयवस्तु समेटिएको बाह्रदशी गाउापालिकामा प्रचलित तीजे गीतको एउटा उदाहरण यसप्रकार छ-

तिजको खाजा मिठो अमिलो तामाले
नरोउ भान्जी लिन आउछु भन्थे मामाले

.................

मामा लिन आउाछन् भन्दै तगरीमा बसदै
किन आउथे मामा त लिन बरिलै

..........

आमाले पकाको तिजको दर खानलाई
माइत जान्छु स्वामी राजा विदा दिनुस है

यहााको समाजमा सबै सासूले बुहारीप्रति नराम्रो व्यवहार मात्र गर्दैनन् । सासूले बुहारीलाई पनि छोरी समान व्यवहार गरेका उदाहरण पनि पाइन्छन् । कतिपय बुहारीहरू सासूले भनेको नटेर्ने खालका पनि हुन्छन् । त्यस्तै यहाा गाउने तीजका गीतमा प्रकृतिका सौम्य र शान्त वातावरणको चित्रणका साथै प्रकृतिका विकराल रूपको पनि चित्रण पाइन्छ ।

## (ग) संरचनाका आधारमा तीजेगीत

बाह्रदशी गाउापालिकामा प्रचलित तिजे गीतहरू विभिन्न आकार, प्रकार र लयमा संरचित भएको पाइन्छ । यी गीत १३ अक्षरदेखि १७ अक्षरसम्मका पङ्तिहरूमा संरचित भएका छन् । यहाा प्रचलित सबैजसो तीजेगीतहरू दुई पङ्तिमा पूर्ण भएका छन् । जस्तैः

भाइले भन्दो होला आज दिदी खोई
बुहारी भन्दी होली बल्ल घर गई ।

### (घ) लय वा भाकाका आधारमा तीजेगीत

बाह्रदशी गाउापालिकामा तीजका गीत विभिन्न लय र भाकामा गाइन्छन् । यहाा गाइने तीजे गीतमा कथानक मिसिएको हुन्छ भने कुनै न कुनै गीत चुड्के खालका हुन्छन् । यी गीतमा छिटो नाच्न छिटो लयको प्रयोग र ढिलो नाच्न ढिलो लयको प्रयोग गरिन्छ । यहाा प्रचलित छिटो लयको एउटा तीजे गीत यसप्रकार छ ।

शिवजीको जटामा जल लाउदै
नाच नाच तीलहरी हल्लाउदै

त्यस्तै लामो भाकामा गाउने तीजे गीतको नमुना यसप्रकार छ :

लैबरीमा नाच्थ्यौं उहिले हाम्रो पालैमा
के-के देख्नु पर्छ अहिले बुढेशकालैमा

### (ङ) भाषाशैलीका आधारमा तीजेगीत

बाह्रदशी गाउापालिकामा प्रचलित तीजका गीतमा स्थानीय भाषिकाका शब्दहरूको प्रयोग प्रचुर मात्रामा भएको पाइन्छ । यी गीतमा प्रयोग भएका स्थानीय भाषिकाका शब्दहरूमा बुइनी-बहिनी, कस्यार-कसिङगर, सुर्जे-सूर्य, हामरे-हाम्री, गुनिउ-गुन्यू आदि प्रमुख रूपमा रहेका छन् । त्यस्तै पिलिक्क, फनन जस्ता अनुकरणत्मक शब्दको प्रयोगले यी गीतका लयमा श्रुतिमाधुर्य प्रदान गरेको पाइन्छ । यहााका तीजे गीतमा प्रयोग भएका लैबरि, है, हो जस्ता थेगोले पनि गीतका भाषिक अभिव्यक्तिमा सौन्दर्य थप्ने काम गरेका छन् । शैलीगीत दृश्टिले हेर्दा यी गीतहरू वर्णनात्मक शैलीमा एकल वा सामूहिक रूपमा प्रस्तुत भएका हुन्छन् ।

## ४.४.२ भैलो र देउसीगीतको विश्लेषण

कार्तिक महिनामा पर्ने नेपालीहरूको दशैं पछिको ठूलो चाडतिहार हो । दशैं चाड अर्थात विजया दशमी असत्यमाथि सत्यको विजय भएको विश्वासमा मनाइन्छ । तिहारमा औंशिका दिन झिलिमिली बत्ति बाली लक्ष्मी पूजा गरिन्छ । त्यसै दिनबाट देउसी/भैलो खेल्न थालिन्छ । देउसी गीत औंशिका दिनदेखी भाइटीकाको दिनसम्म खेल्ने गरिन्छ । देउसी भैलोमा एकजनाले भट्याउछ र अरू सबैले त्यसको पछि भैलो वा देउसुरे भन्ने गर्दछन् । लक्ष्मी पूजाको भोलिपल्ट साँझको बत्ती बालेपछि गाउँका प्रौढ किशोरहरू देउसी गीत गाउदै घर-घर डुल्ने गर्दछन् । देउसी घर-घरमा गएर नृत्यका साथमा गाउने हुनाले यसलाई देउसी गाउने नभनेर देउसी खेल्ने भन्ने गरिन्छ । यो देउसी गीतले नेपाली समाजमा महत्त्वपूर्ण स्थान ओगटेको पाइन्छ ।

"भैलो" पनि तिहारकै अवसरमा गाउने गीत हो । यो महिलाहरूले समूहमा गाउने गीत हो । यो घरघरमा गएर नृत्यकासाथ गाउने हुनाले गाउने नभनेर भैलो खेल्ने भनिन्छ । देउसी र भैलो दुबै गीतको प्रसङ्ग पौराणिक विषयवस्तुसाग जोडिएको पाइन्छ ।

बाह्रदशी गाउँपालिकामा पनि देउसी र भैलोको प्रचलन निकै रहेको छ । यस गाउँपालिकामा प्रचलित देउसी र भैलो गीतको अध्ययन निम्नानुसार गर्न सकिन्छ ।

## (क) प्रस्तुतीका आधारमा देउसी भैलो

बाह्रदशी गाउँपालिकामा प्रचलित पर्वगीतहरू मध्ये देउसी, भैलो महत्त्वपूर्ण गीत हुन् । यहाँ देउसी गीत तिहारको अवसरमा हल तिहारदेखि भाइटीकासम्म जम्मा पाँच दिन गायिन्छ भने भैलोगीत तिहारकै अवसरमा लक्ष्मीपूजाको दिन जम्मा एक दिन मात्र गाउने गरिन्छ । यहाँ देउसी पुरुषहरूले र भैलो महिलाहरूले गाउने गर्दछन् । यी गीतहरूमा यहाँ केटाकेटीदेखि लिएर युवायुवती र बुढाबुढी समेतले सामूहिक रूपमा गाउने गर्दछन् । भैलो र देउसी खेल्दा समूहको मूख्य मान्छेले भट्याउने र अरूले सामूहिक रूपमा स्वरमा स्वर मिलाएर भैलो गीतमा भैलिनी र देउसी गीतमा देउसुरे भन्दछन् । यहाँ गाउने भैलो र देउसी दुबै गीतको थालनी बलिराजाको पौराणिक प्रसङबाट हुन्छ । गीतका बीचबीचमा यमपञ्चकका बारेमा पनि बयान गरिन्छ र खेलको अन्त्यमा घरधनीलाई आसिक दिइन्छ ।

बाह्रदशी गाउँपालिकामा देउसी र भैलो जुन घरमा खेलिन्छ त्यस घरका मानिसहरूले नाङ्लो वा टपरीमा चामल र चामलमाथि दियो राखी गच्छे अनुसारको पैसा, धान, सेलरोटी र फलफूल राखेर दान दिने गर्दछन् । घरधनीले नाङ्लो निकाले पछि मात्र

भैले र देउसेले घरधनीलाई आशिक दिन्छन् । यसरी भैलो देउसी खेल्दा यहाा कसै-कसैले मादल र बाासुरीजस्ता वाद्यवादनको प्रयोग गर्छन् तर धेरै जसोले चाहि वाद्यवादनको प्रयोग नगरीकन भैलो र देउसी खेल्ने गरेको  पाइन्छ ।

## (ख) विषयवस्तुका आधारमा देउसी भैलो

बाह्रदशी गाउापालिकामा प्रचलित देउसी भैलो गीतमा मूख्य रूपमा धार्मिक र साास्कृतिक पक्षको समावेश भएको पाइन्छ । यहाा प्रचलित गीतमा पुराणका विभिन्न प्रसङ्गहरू जोडिएर आएका हुन्छन् । यो चाड मनाउादा बाह्रदशी गाउापालिकामा दिदी-बहिनीले दाजु भाइलाई टीकाटाला, सयपत्री र मखमली फूलको माला लगाई दीर्घायूको कामना गर्दै विभिन्न किसिमका परिकारहरू बनाई खुवाउने गर्दछन् । यहाा यो चाड नाचगानका साथै धुमधामसाग मनाइन्छ । यस अवसरमा गाउने गीत नै देउसी र भैलो हुनाले यी गीतमा तिहार मनाउादा गरिने विभिन्न कार्यको चर्चा पनि गरिएको पाइन्छ । यस गाउापालिकामा प्रचलित देउसी गीतको नमुना यस प्रकार छ -

| **भट्याउने** | **समूह** |
|---|---|
| ए झिलिमिली झिलिमिली | देउसुरे |
| ए के को झिलिमिली | |
| ए फूलको झिलिमिली | |
| ए बत्तिको झिलिमिली | |
| ए वर्षमा दिनको | |
| ए चाडबाड | |
| ए मनाउनलाई | |
| ए आइमापुग्यौं | |
| ए रमाइलो तिहार | |
| उज्यालो पार्न | |
| ए आइमापुग्यौं | |
| ए केराको थम्बा | |
| ए दशभाइ जम्मा | |
| ए चाादिको चम्ची | |
| ए हजुरलाई सम्झीं | |

ए हामी त्यसै

ए आएका होइनौं

ए बलिराजाले

ए पठाएका

ए भूइासीको किलो

ए के सार्हो ढिलो

त्यस्तै यस गाउापालिकामा तिहारको अवसर र कात्तिकमा दान दिएमा पूण्यप्राप्ति हुन्छ र देउसे र भैलोले दिएको आशिक पनि लाग्छ भन्ने जनविश्वास रहेको पााइन्छ । त्यसैले देउसी, भैलोको प्रतिक्षमा घरधनीहरू रातभर बत्ति बालेर जागै बस्छन् । यस गाउापालिकामा देउसी दिन र रात दुबै समयमा खेल्ने गर्दछन् । यहाा देउसेलाई भेटी दिदा नाङ्ला माथि टपरी र टपरीमा चामल, चामल माथि दियो बालि फूल, अक्षता अनि पैसा दिने चलन छ भने कसै-कसैले सेलरोटी र फलफूल पनि दिने गर्दछन् । घरधनीले दान आागनमा निकाले पछि देउसे र भैलोले आशिक दिन्छन् । बाह्रदशी गाउापालिकामा देउसे गीतमा दिइने आशिकको एउटा नमुना यसप्रकार छ-

| **भट्याउने** | **समूह** |
|---|---|
| ए यसै घरका | देउसुरे |
| ए माताजीले | |
| ए ढुङ्गा छुादा | |
| ए सुनै बनोस | |
| ए माटो छुादा | |
| अन्नै बनोस | |
| ए यसै घरका | |
| ए गाई-गोठ | |
| ए फस्टाउदै जाउनै | |
| ए लेकको काने | |
| ए औलाको माने | |
| ए देउसुरे खेल्दा | |
| ए भट्याउन मैले | |
| यत्तिकै जाने | |

यहााका भैलो र देउसीमा एकै प्रकारको विषयवस्तु हुन्छ । यी गीतमा  लयगत भिन्नता र सहभागिता लिङ्गगत भिन्नता मात्र पाइन्छ । यहााका भैलो र देउसुरे दुबै गीतमा बलिराजाको प्रसङ्ग आएको हुन्छ । वर्षदिनमा एकपटक मनाइने तिहारमा आ`नै खुसीले भैलो खेल्न नहिडी बलिराजाको आज्ञाले भैलो खेल्न हिाडेका कुरा यहााका भैलो गीत मार्फत व्यक्त गर्दछन् । एक आपसमा रमाइलो गर्दै घरधनीलाई प्रसंसा गरेर पनि यहाा भैलो खेल्ने चलन छ । त्यस्तै प्रसंसा गर्दै गाउने भैलो गीतको नमुना यसप्रकार छ-

भैलिनी आइन आागन
बडारी कुाडारी राखन
हे औंशिबार गाइतिहार भैलो
जसले दिन्छ मानो
उसको सुनको छानो
जसले दिन्छ पाथी
उसको सुनको छाती
हे औंशिबार गाईतिहार भैलो

यहाा भैलो वा देउसी खेल्नुको मुख्य उद्देश्य नै मनोरञ्जन गर्नु हो । कात्तिके औशीको दिन गाईपूजा गरिसकेपछि महिलाहरूद्वारा सामूहिक रूपमा गाउन थालिने भैलो र त्यसको भोलीपल्ट देखि गाउने देउसी गीतमा तिहार पर्वको महिमा गाउनुका साथै यमराजसाग सम्बन्धित अनेक प्रसङ्गहरू पनि आएका हुन्छन् ।

## (ग) संरचनाका आधारमा देउसी-भैलो

बाह्रदशी गाउापालिकामा प्रचलित देउसी र भैलो गीतहरू विभिन्न आकारमा संरचित भएका पाइन्छन् । यहााका देउसी गीत प्रायः ५ देखि ६ अक्षरको पङ्तिमा संरचित छन् भने भैलो गीत ८ देखि १२ अक्षरसम्मको संरचनामा संरचित छन् । देउसी गीतका प्रत्येक पङ्तिमा ए, हो जस्ता थगोको प्रयोग भएको हुन्छ । त्यस्तै यहाा गाउने भैलो गीतमा 'हे औंसीबारो गाइतिहारो भैलो' गीतको स्थायीका रूपमा प्रयोग भएको पाइन्छ । यहााका कतिपय भैलो गीतहरू ८ वा ९ अक्षरका लयमा चार पङ्तिमा पूर्ण भएका हुन्छन् । जस्तै :

यो घरकी आमै कस्ती छन् ?
चन्द्रमुहारजस्ती छन्
यो घरको चाला कस्तो छ ?

दरबारको जस्तो छ

हे औंसीबारो, गाइतिहारो भैलो ।

### (घ) लय वा भाकाका आधारमा देउसी-भैलो

बाह्रदशी गाउापालिकामा प्रचलित देउसी र भैलो गीत देउसे र भैली गरी दुईटा लयमा गाइन्छन् । देउसे २+२ अक्षरमा विश्राम हुने जम्मा ४ अक्षरमा संरचित लघुत्तम हो, तर यस लयमा अवस्था हेरी ७ अक्षरसम्म पनि विस्तार भएको हुन सक्छ । त्यस्तै गरेर देउसी गीत पनि अवस्था हेरी ७ वा ८ अक्षरसम्म पनि विस्तार भएका पाइन्छन् । यहाा गाउने देउसी गीतमा एक जनाले भट्याउने र अरूले सामूहिक रूपमा भाका मिलाउादै देउसुरे भनेर रहनी वा थेगो पूरा गर्ने गर्दछन् । भैली ७ वा ८ अक्षरमा पूरा हुने चार पङ्क्तिको लय हो । बाह्रदशी गाउापालिकामा प्रचलित भैलो ढिलो पाराले लामो स्वरमा गाइन्छ ।

### (ङ) भाषाशैलीका आधारमा देउसी भैलो

देउसी भैलो गीतमा स्थानीय समाजमा दैनिक व्यवहारमा चलाउने क्रममा प्रयोग गर्दै आएका स्थानीय भाषिकाका शब्दहरू जस्ताको तस्तै रूपमा प्रयोग भएको पाइन्छ । यहााका देउसी र भैलो गीतमा प्रयोग भएको पाइन्छ । यहााका देउसी र भैलो गीतमा प्रयोग भएका ए, हे, है जस्ता थेगोको प्रयोगले यी गीतमा श्रुतिमाधुर्य थप्ने काम गर्नुका साथै रोचकता समेत बढाएको पाइन्छ । यहाा गाउने यी गीतहरू वर्णनात्मक शैलीमा प्रस्तुत भएका देखिन्छन् ।

## ४.६ निष्कर्ष

बाह्रदशी गाउापालिकामा गायीने गीत अन्तर्गत बाह्रमासे गीतहरूमा एकोहोरीगीत, दोहोरीगीत, सङ्गिनी, भजन, बालन र बालगीत जस्ता थुप्रै गीतहरू गाइन्छन् भने कर्मगीतमा असारेगीत, दाइगीत गाइन्छन् । तस्तै संस्कारगीतमा सिलोक र खााडो पर्दछन् भने पर्वगीतमा तीजगीत, देउसी र भैलो गीतहरू गाइन्छन् । यस गाउापालिकामा कतिपय गीतहरू महिलाले मात्र गाउने र पुरुषले मात्र गाउने छन् भने कतिपय गीतहरू महिला र पुरुष दुवै मिलेर गायीने खालाका छन् । यस गाउापालिकाका लोकगीतहरूले यहााका धार्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक अवस्था, स्थानीय लोकधारणा र जीवन शैली आदिको यथार्थ चित्रण गरेका छन् ।

# पाँचौं परिच्छेद

# सारंश तथा निष्कर्ष

नेपालको प्रदेश नम्बर एक अन्तर्गत झापा जिल्लाको दक्षिणी भेगमा अवस्थित बाह्रदशी गाउँपालिका लोकसाहित्यका दृष्टिले एक महत्त्वपूर्ण गाउँपालिका हो । मौलिक संस्कृतिको विविधता भएको हाम्रो देशमा लोकसाहित्यका विभिन्न पाटाहरू देशभरी छरिएर रहेकाछन् । बाह्रदशी गाउँपालिकामा पनि लोकसाहित्यका उखान टुक्का, गाउँखाने कथा, लोकगाथा, लोकनृत्य, लोकनाटक र लोकगीतजस्ता विधाहरू विद्यमान रहेकाछन् । यी मध्ये एक लोकप्रिय विधा लोकगीत हो । प्रस्तुत शोधपत्रमा बाह्रदशी गाउँपालिकामा प्रचलित लोकगीतहरूलाई सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ । यसै क्रममा शोधपत्रलाई विभिन्न पाँच परिच्छेदमा विभाजन गरी अध्ययनमा आएका विषय वस्तुहरूलाई निष्कर्षका रूपमा यस प्रकार प्रस्तुत गरिएको छ ।

## ५.१ सारांश

यस शोधपत्रको पहिलो परिच्छेदमा शोधपरीचय खण्डलाई राखिएको छ जसमा विषयपरिचय, समस्याकथन, शोधकार्यका उद्देश्यहरू, पूर्वकार्यको संमिक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, शोधविधी र शोधकार्यको रूपरेखा रहेका छन् ।

दोस्रो परिच्छेदमा बाह्रदशी गाउँपालिकाको संक्षिप्त परिचय दिएको छ । यस अन्तर्गत बाह्रदशी गाउँपालिकाको भौगोलिक, सामाजिक र शैक्षिक परिचयलाई समेटिएको छ भने लोकगीतको सैद्धान्तिक परिचय, लोकगीतको परिभाषा, वर्गीकरण र लोकगीतका विशेषताहरू पनि यसै पच्छिेदमा समेटिएको छ ।

तेस्रो परिच्छेदमा बाह्रदशी गाउँपालिकाको लोकगीतको सङ्कलन गरीएको छ । सङ्कलित गीतलाई संरचना र सहभागीताका आधारमा वर्गीकरण गर्ने प्रयास गरीएको छ । यस्तो वर्गीकरण अन्तर्गत यहाँका सम्पूर्ण लोकगीतहरू समेटिन नसकेकाले यहाँका लोकगीतहरूलाई समग्ररूपमा बाह्रमासेगीत, कर्मगीत, संस्कारगीत र पर्वगीत गरी जम्मा चार प्रकारमा वर्गीकरण गरी सबै प्रकारका लोकगीतहरूको सामान्य परिचय प्रस्तुत गरिएको छ ।

चौथो परिच्छेद अन्तर्गत बाह्रदशी गाउपालिकामा प्रचलित लोकगीतको विश्लेषण गरिएको छ । बाह्रमासे गीत अन्तर्गत पर्ने एकोहोरी, दोहोरी, सङ्गिनी, बालगीत, भजन र बालनजस्ता गीतहरू यहा बाह्रै महिना गायीन्छन् । यस्ता गीतहरूले मानव जीवनका सम्पूर्ण पक्ष तथा गतिविधीहरूलाई छोएका हुन्छन् । कर्मगीत अन्तर्गत पर्ने असारे, दाइगीतहरूले यहा गरिने कामको परिचय दिनुका साथै यहाको कृषक जीवनको भोगाई र मनोदसाहरू व्यक्त भएका हुन्छन । संस्कारगीत अन्तर्गत पर्ने सिलोक, खाडोजस्ता गीतहरूले यस गाउपालिकाको परम्परित संस्कारको संरक्षण गर्दै आएका छन् । तीज, भैलो, देउसीजस्ता पर्वगीतहरूले यस गाउपालिकामा प्रचलित पर्वहरूको जानकारी गराउदछन् ।

पाचौ परिच्छेदलाई सारंश तथा निष्कर्ष शीर्षक दिएको छ । यस अन्तर्गत सारांश र निष्कर्ष राखिएको छ । अन्त्यमा सन्दर्भ सामग्रीसूचि र परिशिष्ठ पनि राखिएको छ ।

## ५.२ निष्कर्ष

लोकगीत लोकसाहित्यको गेयतत्त्व भएको विधा हो । यसलाई लोकसाहित्यको मात्र मूलपाटो नभएर समग्र काव्यको नै जननी मानिन्छ । यो आकारका दृष्टिले लोकसाहित्यका अन्य गेय विधाहरू भन्दा छोटो हुन्छ । लोकगीत लोकजीवनको रागात्मक स्वतस्फूर्त लयात्मक अभिव्यक्ति भएकोले यसमा लोकजीवनका दुख-सुख, आशु-हासो आशा-निराशाका साथै लोकको चालचलन, विधि व्यवहार, आस्था र मान्यताहरू चित्रित भएका हुन्छन् । लोकगीतहरू प्रायः धार्मिक, पार्विक, सांस्कारिक, कर्म तथा अन्य अवसरहरूमा गाइने चलन छ । लोकगीतले मूलतः ग्रामिण संस्कृतिको गर्भबाट निस्कन्छ र समाजका हरेक पक्षहरूलाई प्रतिविम्बित गर्दछ । यसको समाजसाग अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ ।

प्रस्तुतिका आधारमा बाह्रदशी गाउपालिकामा प्रचलित लोकगीतहरू अन्य क्षेत्र तथा गाउपालिकामाभन्दा केही फरक रहेको पाइन्छ । विभिन्न क्षेत्र तथा ठाउबाट बसाई सरेर आएका विभिन्न जातजातिहरूको बसोबास रहेको यस गाउपालिकामा लोकगीतलाई मौलिक गीतको रूपमा धर्म, कर्म, पर्व र संस्कारको अवसरमा गाइने परम्परा रहेको छ । यस गाउपालिकामा गाइने कुनै गीतहरू पुरुषद्वारा मात्र गाइन्छन् भने कतिपय गीतहरू महिलाहरूले मात्र गाउने गर्दछन । जस्तैः यहा बालन, खाडो, दाइजस्ता गीतहरू पुरुषहरूले मात्र गाउछन् । त्यस्तै कुनै गीतहरू महिला र पुरुष दुबैले गाउने गर्दछन् । जस्तै एकोहोरी गीत, बाल गीत, सिलोक, असारे आदि । यहा गाउने लोकगीतहरू आख्यानरहित छन् भने कतिपय गीत सुक्ष्म आख्यानात्मक छन् । आख्यानात्मक गीतहरूमा सङ्गिनी,

बालन, खााडोजस्ता गीतहरू पर्दछन् । यी गीतहरू कुनै एकोहोरो गायनमा आधारित छन् भने कुनै दोहोरो गायनमा आधारित छन् । तीजे, भैलो, देउसी, सङ्गिनी, बालन आदि गीतहरू एकल रूपमा गाइन्छन् । त्यस्तै असारे सिलोक जस्ता गीतहरू चााहि एक्लै गाउनुका साथै दोहोरीका रूपमा पनि गाइन्छन् ।

बाह्रदशी गाउापालिकामा गाउने लोकगीतमा यहााको समाजको भावभूमि उतारिएको छ । यहााका लोकगीतहरूमा लोकजीवनका विरह-वेदना, मिलन-विछोड, घात-प्रतिघात, पारिवारिक असन्तुष्टि, आर्थिक र प्राकृतिक चित्रण नारीहरूका बाध्यता विवसता र गृहस्थी जीवनका तीतामीठा अनुभूतिलाई व्यक्त गरिएको छ ।

बाह्रदशी गाउापालिकामा सबैजसो लोकगीतमा सामाजिक जीवनको चित्रण कुनै न कुनै रूपमा गरिएको पाइन्छ । समाज नै लोकगीतको सिर्जनास्थल हो । लोकगीतमा जे व्यक्त गरिएको हुन्छ त्यो समाज सापेक्ष नै हुन्छ । समाजमा विद्यमान कृषि पेशा, मानवीय माया-ममता, संयोग-वियोग, युवायुवतिमा हुने प्रेमभाव, बालबालिका प्रति समाजको चासो, गरिबी, अशिक्षा आदि विषयवस्तु यहााका लोकगीतमा टिपिएका हुन्छन् । यहााका लोकगीतमा सांस्कृतिक जीवनको चित्रण पनि पाइन्छ । संरचनाका दृष्टिकोणले हेर्दा यहााका लोकगीतमा विविधता पाइन्छ । यहाा प्रचलित कतिपय लोकगीतमा स्थायी अन्तरा दुबै पाइन्छन् भने कतिपय लोकगीतमा स्थायीको व्यवस्था देखिदैन । यहाा गाउने गीतमा दुई तीन अक्षरसम्म रहेको पाइन्छ । यहााका लोकगीतहरू न्युनतम दुई पङ्तिका हुन्छन् ।

लय वा भाकाका दृष्टिले पनि यहााका लोकहरूमा विविधता पाइन्छ । यहााका लोकगीतमा प्रचलित लोकप्रिय भाकाचाहि चुड्के र झ्याउरे हुन् । यी गीतहरूमा धेरैजसो पहिलो पङ्क्ति लयगत सङ्गति मिलाउन र दोस्रो पङ्ति गीतको मूल भाव व्यक्त गर्न प्रयोग भएको देखिन्छ । यहााका कतिपय गीतहरू छोटा लयमा र कुनै लामा लयमा गाइन्छन् । अझसम्म पनि नेपाली लोकगीतका छन्द र लयको व्यवस्थित अध्ययन भइनसकेकाले यससम्बन्धी कतिपय समस्यहरू रहेका छन् । यति हुादाहुादै पनि लयगत भेदहरूको पहिचान गर्न स्थानीय प्रचलन अनुसार ती लयहरूको नामाकरण गरिएको पनि देखिन्छ ।

बाह्रदशी गाउापालिकामा प्रचलित लोकगीतमा भाषिक स्वरूप पनि आˆनै प्रकारको छ । यस क्षेत्रका लोकगीतमा प्रयुक्त भाषिक स्वरूप पनि आˆनै प्रकारको छ । यहााका लोकगीतमा प्रयाप्त मात्रामा स्थानीय भाषिकाका शब्दहरूको प्रयोग भएको पाइन्छ । अङ्ग्रेजी, हिन्दी आदि आगन्तुक शब्दका परिवर्तित रूप पनि यी गीतमा प्रयोग भएको

देखिन्छ । यहााका लोकगीत लोकतत्त्वले भरिएका हुन्छन् र लोकविश्वास, लोकका मान्यता एवं स्थानीय बोलचालका भाषा थेगा आदिको प्रयोगले यिनमा रोचकता र कौतुहलता थपिएको देखिन्छ ।

यहााका सङ्कलित गीतमा प्रयोग भएका अनुकरणात्मक शब्दले श्रुतिमाधुर्य थपेका छन् भने निपातको प्रयोगले अभिव्यक्तिलाई तिख्खर बनाएका छन् । यहााका लोकगीतहरू वर्णनात्मक र विवरणत्मक शैलीमा प्रस्तुत गरिएका छन् । यहााका लोकगीतहरू एकल, युगल, सामूहिक एवम अभिनयात्मक रूपमा समेत प्रस्तुत गरिएका हुन्छन् ।

निष्कर्षमा के भन्न सकिन्छ भने बाह्रदशी गाउापालिकाका लोकगीतमा यहााको स्थानीय लोकधारणा, सामाजिक परिवेश, आर्थिक अवस्था, धार्मिक विश्वास, शैक्षिक स्थितिका साथै लोकमानसका विविध पक्षको चित्रण गरिएको पाइन्छ । त्यसैगरी यिनमा यहााका मानिसको आाशु, हाासो, मिलन-विछोड, उत्साह-उमङ्ग आदि भाव पनि प्रकट भएका हुन्छन् ।

# सन्दर्भ सामग्रीसूची


आचार्य, गोविन्द. (२०५५). *लोकगीतको विश्लेषण.* काठमाडौा : पैरवी प्रकाशन ।

कोइराला, शंभुप्रसाद. (२०५५). *लोकसाहित्य सिद्धान्त र विश्लेषण.* विराटनगर : धरणीधर पुस्तक प्रतिष्ठान ।

खत्री, टेकबहादुर. (२०३२). *लोकसाहित्य : 'लोकसंस्कृतिको आधार' नेपाली लोकसंस्कृति सङ्गोष्ठी.* काठमाडौां : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

जोशी, सत्यमोहन. (२०४१). *हाम्रो लोकसंस्कृति.* काठमाडौा : रत्नपुस्तक भण्डार ।

पराजुली, कृष्णप्रसाद. (२०५७). *नेपाली लोकगीतको आलोक.* काठमाडौां : बीणा प्रकाशन प्रा.लि. ।

पराजुली, मोतीलाल र जीवेन्द्रदेव गिरी (२०६८). *नेपाली लोकसाहित्यको रूपरेखा.* ललितपुर : साझा प्रकाशन ।

पन्त, कालीभक्त. (२०२८). *हाम्रो सांस्कृतिक इतिहास.* स्याङ्जा ।

पोखरेल, बालकृष्ण र अन्य. (सम्पा.). (२०४०). *नेपाली बृहत् शब्दकोश.* काठमाडौा : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

बन्धु, चुडामणी. (२०५८). *नेपाली लोकसाहित्य.* काठमाडौा : एकता बुक्स, थापाथली ।

*बाह्रदशी गाउँपालिकाको बृहत् पार्श्वचित्र (२०७५).* विर्तामोड एन.एन. फाउण्डेशन प्रा.लि. ।

थापा, धर्मराज. (२०३०). *गण्डकीका सुसेली.* काठमाडौा : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

थापा धर्मराज र सुवदी हंसपुरे. (२०४१). *नेपाली लोकसाहित्यको विवेचना.* काठमाडौा : पाठ्यक्रम विकास केन्द्र त्रि.वि. ।

लोहनी, लक्ष्मण. (२०२२). *रोदीघर.* दो.सं. काठमाडौा : रत्नपुस्तक भण्डार ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद. (२०६३). *लोकवार्ता विज्ञान र लोकसाहित्य.* काठमाडौा : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम. (२०३८). *प्रारम्भिक कालको नेपाली साहित्य : इतिहास र परम्परा.* काठमाडौा : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

# परिशिष्ठ-१

## सामग्री सङ्कलनमा सहयोग गर्ने व्यक्तिहरूको विवरण

अप्रिसा अधिकारी, बाह्रदशी गाउापालिका वडा नं. १ राजगढ, वर्ष ८ ।

अम्बिका अधिकारी, बाह्रदशी गाउापालिका वडा नं. १ राजगढ, वर्ष ६० ।

अलविना अधिकारी, बाह्रदशी गाउापालिका वडा नं. १ राजगढ, वर्ष ८ ।

उमानाथ गुरागााई, बाह्रदशी गाउापालिका वडा नं. १ चकचकी, वर्ष ८० ।

कल्पना आचार्य, बाह्रदशी गाउापालिका वडा नं. १ डाागीबारी, वर्ष ४० ।

केशव वराल, बाह्रदशी गाउापालिका वडा नं. १ डाागीबारी, वर्ष ४५ ।

कृष्णकुमारी अधिकारी, बाह्रदशी गाउापालिका वडा नं. १ राजगढ, वर्ष ५५ ।

खगेन्द्रप्रसाद अधिकारी, बाह्रदशी गाउापालिका वडा नं. १ राजगढ, वर्ष ६५ ।

गंगाप्रसाद अधिकारी, बाह्रदशी गाउापालिका वडा नं. १ राजगढ, वर्ष ६९ ।

गोमा गौतम, बाह्रदशी गाउापालिका वडा नं. ३, राजगढ, वर्ष ५५ ।

चित्रा भट्टराई, बाह्रदशी गाउापालिका वडा नं. १ राजगढ, वर्ष ३५ ।

जानुका पोखेल, बाह्रदशी गाउापालिका वडा नं. ५ चकचकी, वर्ष ३५ ।

टिका ढकाल, बाह्रदशी गाउापालिका वडा नं. ५ चकचकी, वर्ष ४५ ।

तारा खरेल, बाह्रदशी गाउापालिका वडा नं. ६ डागीबारी, वर्ष ९ ।

थरेन्द्र बराल, बाह्रदशी गाउापालिका वडा नं. १ राजगढ, वर्ष ५६ ।

दिनेश अधिकारी, बाह्रदशी गाउापालिका वडा नं. १ राजगढ, वर्ष ४३ ।

देवका अर्याल, बाह्रदशी गाउापालिका वडा नं. ४ चकचकी, वर्ष ४० ।

पारु भट्टराई, बाह्रदशी गाउापालिका वडा नं. १ राजगढ, वर्ष ४१ ।

पार्वती भट्टराई, बाह्रदशी गाउापालिका वडा नं. ५ चकचकी, वर्ष ४४ ।

प्रिन्सू पोखरेल, बाह्रदशी गाउापालिका वडा नं. ६ डाागीबारी, वर्ष ११ ।

पूजा अधिकारी, बाह्रदशी गाउापालिका वडा नं. ६ डाागीबारी, वर्ष १० ।

भीमा कार्की, बाह्रदशी गाउापालिका वडा नं. ६ डाागीबारी, वर्ष ८ ।

मीना बराल, बाह्रदशी गाउापालिका वडा नं. १ राजगढ, वर्ष ४१ ।

यज्ञ ओली, बाह्रदशी गाउापालिका वडा नं. १ राजगढ, वर्ष ६५ ।

रमण अधिकारी, बाह्रदशी गाउापालिका वडा नं. १ राजगढ, वर्ष ३२ ।

रामप्रसाद अधिकारी, बाह्रदशी गाउापालिका वडा नं. १ राजगढ, वर्ष ५५ ।

राधा भण्डारी, बाह्रदशी गाउापालिका वडा नं. १ राजगढ, वर्ष ६० ।

रामचन्द्र गौतम, बाह्रदशी गाउापालिका वडा नं. ४ चकचकी, वर्ष ३२ ।

रीता पोखेल, बाह्रदशी गाउापालिका वडा नं. ५ चकचकी, वर्ष ८ ।

विमला गौतम, बाह्रदशी गाउापालिका वडा नं. ५ चकचकी, वर्ष ३८ ।

सुशिला भट्टराई, बाह्रदशी गाउापालिका वडा नं. ७ डाागीबारी, वर्ष ३८ ।

सुविज्ञ शर्मा, बाह्रदशी गाउापालिका वडा नं. ७ डाागीबारी, वर्ष ८ ।

सुनिता सिटौला, बाह्रदशी गाउापालिका वडा नं. ७ डाागीबारी, वर्ष ३९ ।

सिता दाहाल, बाह्रदशी गाउापालिका वडा नं. ७ डाागीबारी, वर्ष ४५ ।

हरि अधिकारी, बाह्रदशी गाउापालिका वडा नं. १ राजगढ, वर्ष ४७ ।

हिमा बराल, बाह्रदशी गाउापालिका वडा नं. ७ डाागीबारी, वर्ष ३९ ।